# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल बहुजातीय बहुभाषिक बहुधार्मिक तथा बहुसाँस्कृतिक सम्पन्न राष्ट्र हो । नेपालको धरातलीय विविधता तदानुसारको हावापानी र वातावरणले यहाँका मानिसको जीवनशैली रहनसहन तथा सामाजिक साँस्कृतिक संरचनामा विविधता प्रदान गरेको छ । यसैले भौगोलिक तथा आर्थिक हिसाबले नेपाल विश्व परिवेशमा सानो र विकासोन्मुख राष्ट्र भएपनि विभिन्न जाति जनजातिको जीवनशैली रहनसहन भाषा भेषभुषा धर्म संस्कार तथा संस्कृतिको दृष्टिकोणले समृद्ध राष्ट्र हो । (राई, २०६०) ।

विद्यमान समयमा कुनै पनि जातजातिका मानिसहरु कुनै एक भौगोलिक क्षेत्र विशेषमा मात्र सिमीत रहन सक्दैनन् । आधुनिकीकरण, शहरीकरण, देशको केन्द्रीय शासन प्रणाली शहर केन्द्रित सुविधा तथा अवसरहरु, शिक्षा स्वास्थ्य सञ्चार तथा यातायातको सुविधाका कारण विभिन्न जातजातिका मानिसहरु उद्योग, व्यापार, व्यावसाय, रोजगार तथा अध्ययन अध्यापनका सिलसिलामा मुलुकभर यत्रतत्र छरिएर रहेका छन् । काठमाडौं उपत्यकावासी नेवार समुदायका मानिसहरु व्यापारको सिलसिलामा देशको विभिन्न स्थानमा व्यापार गर्न पुगेका छन् । पहाडी बासिन्दाको ठुलो भाग सहज जीवन निर्वाहाका निमित तराईमा बसाई सरेका छन् । तराई बासीहरु व्यापार र रोजगारका दौरानमा हिमाली प्रदेशसम्म पुगी सकेका छन् । यसबाट देशको भौगोलिक विविधताका आधारमा रहेको आदिवासी जनजातिको मौलिक साँस्कृतिक संरचनाहरु प्रत्यक्ष परोक्ष रुपमा प्रभावित भएका छन् । अहिलेसम्मको अध्ययन अनुसन्धानबाट पहिचान भए अनुसार नेपालमा ५९ प्रकारका आदिवासी जनजाति र १०० भन्दा बढी भाषा भाषिकाहरु रहेका छन् । (राई, २०६०) ।

नेपाल एउटा भौगोलिक जातीय, भाषिक, धार्मिक तथा साँस्कृतिक विविधताले सम्पन्न राष्ट्र भएकोले यो विशिष्ट मौलिक पहिचानलाई बचाई राख्न राष्ट्रले यी विविध जातिजनजाति भाषा, धर्म, संस्कृतिकको उचित संरक्षण र सम्मान गर्नुपर्छ । राष्ट्रका सबै नागरिकका सह-अस्तित्व, समान विकास तथा सशक्तिकरणका निमित्त समावेशी पद्दतीका आधारमा नेपाली समाजमा आदिकालदेखि रहेका आदिवासी जनजातिलाई पनि राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गरिनुपर्छ । यसबाट मात्र राष्ट्रले वास्तविक विकासको गति लिन सक्छ । (नेपाल आदिवासी जनजाति महासंघ, २०६२) ।

नेपालमा अहिलेसम्म पहिचान भएका ५९ वटा आदिवासी जनजातिहरु (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८) र १०० भन्दा बढि भाषा, भाषिकाहरु छन् (पाण्डे २०३८) विविध जातजाति र विविध प्रकारका संस्कृतिको उर्वर भूमी नेपालमा समाजशास्त्रीय

तथा मानवशास्त्रीय अध्ययन अनुसन्धानको थालनी भएको धेरै समय भएको छैन । त्यसमा पनि सम्पुर्ण नेपाली समाजको प्रजातीय अध्ययन वैज्ञानियक ढंगले हुन सकेको छैन । (खत्री र दाहाल, २०५३) ।

सन् १९५० को दशकबाट नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन प्रारम्भ भएको पाइन्छ । १९८० को दशकबाट नेपालको त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्र मानवशास्त्र संकायको अध्ययन प्रारम्भ सँगसँगै प्रजातन्तको पुनर्वाहाली पछिको खुला परिवेशमा नेपाली आदिवासी जनजातिको उत्थान विकास र सशक्तिकरण गर्ने उदेश्य सहित नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति प्रतिस्ठान जस्ता जनजातीय सँगठनहरु अस्तित्वमा आएपछि नेपाली समाजको आदिवासी जनजातिको समानशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धानले उल्लेखनीय प्रगति हासिल गरेको पाइन्छ, यस अभियानले खतरामा परिरहेका नेपालका अल्पसंख्यक आदिवासी जनजातिहरुको अस्तित्व तथा पहिचान संरक्षण गर्न महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ ।

नेपाली समाजमा रहेका विविध आदिवासी जनजातिहरु मध्ये सुनुवार जाति नेपालको पहाडी क्षेत्रमा वसोबास गर्ने खतरामा परेको अल्पसंख्यक जनजाति हो (आदिवासी जनजाति प्रतिष्ठान २०६२) नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार सुनुवार जातिको कुल जनसंख्या मातृभाषाका आधारमा १८२१ (०.०१ प्रतिशत) रहेको छ । ( तथ्याङ्क विभाग, २०५८) ।

सुनुवार जातिको किम्बदन्तीमा आधारित भएपनि आफ्नै जातीय इतिहास छ । आफ्नै भाषा धर्म संस्कृति र परम्परागत सामाजिक संरचना छन् । अनादिकालदेखि बस्दै आएको आफ्नै भूमि छ । त्यसैले सुनुवार जाति आदिवासी जनजाति हुन् । मानव नश्लको आधारमा मंगोल परिवार अर्न्तगत पर्ने सुनुवार जाति किराँती हुन् । किराँत वंशजका सन्तान हुन । यिनीहरु किराँत धर्म मान्दछन् । किराँत धर्म दर्शनअनुसारका यिनीहरुको आफ्नै भाषा, भेषभुषा, धर्म, कर्म, कला, संस्कार र संस्कृति छन् । आफ्नै मौलिक सामाजिक परम्परा रीतिरीवाज रहसहन र मुल्य मान्यताहरु छन् । किराँत धर्म दर्शन अनुसारका देवी देवताको पूजाआजा पर्व उत्सव लगायतका धार्मिक अनुष्ठानहरु गर्दछन् । यस जातिको आफ्नै किपट भूमि छ । आफ्नै किसिमको जीवन संस्कार तथा जीवन पद्धती छ । (सुनुवार सेवा समाज, २०५७ ) ।

सुनवार जातिको पुर्खा सम्बन्धी किंबदन्ती अनुसार किराँत जाति ५ भाईका वंशज हुन् । जेठोबाट सुरेल, माहिलोबाट सुनुवार, साहिलोबाट राई, काँइलोबाट लिम्बु र कान्छोबाट हायू संन्तती वंश क्रमद्वारा आएका हुन् । ( मेची देखी महाकाली भाग १, २०३१ ) ।

सुनुवार जातिको पुर्खौली बस्ती रामेछाप जिल्ला हो । यसका अतिरिक्त सिन्धुली, उदयपुर, दोलखा, काभ्रेपलाञ्चोक, खोटाङ्ग, सुनसरी तथा ओखलढुङ्गा जिल्लाहरुमा पनि यस जातिको बसोवास रहेको पाईन्छ । ( राई, २००४ ) ।

नेपालको पूर्वी पहाडी क्षेत्रमा पर्ने रामेछाप जिल्ला अन्तर्गत लिखुकोशी देखि सुनकोशी विचको भूभागमा सुनुवार जातिको मानिसहरु अनादिकालदेखि आदीबासीको रुपमा बसोबास गर्दै आएका छन् । यस जातिको आफ्नै किसिमको भाषा, भेषभुषा, रहनसहन, संस्कृति तथा जीवनपद्धति रहको पाइन्छ ।
यस अध्ययनमा सिन्धुलि जिल्लाको भद्रकाली गाउँ विकास समितिमा बसोवास गर्ने सुनुवार जातिको सामाजिक तथा आर्थिक जीवन पद्वती र विद्यमान परिवेशमा त्यसमा आएका परिवर्तन र प्रभावहरुको अध्ययन गरी प्रकाश पार्ने प्रयास गरीएको छ ।

## १.२ समस्याको कथन

नेपालको भौगोलिक विषमता आर्थिक विपन्नता र निरक्षरताका करण मानव विकास तथा सभ्यताको पक्षमा विश्वका विकसित राष्ट्रहरुको लहरमा नेपाल धेरै पछाडि परेको देखिन्छ । हिमाल पहाड तराईमा छरिएर रहेका धेरै आदिवासी जनजाति भाषाभाषी तथा धर्म संस्कृतिको नेपाली समाजले आपनो परम्परा संस्कृतिको लामो समयदेखि अनुसरण तथा संरक्षण गरी आएको भएता पनि तिनले राष्ट्रिय स्थान र पहिचान पाउन सकेका छैनन् । सदियौंदेखि हिन्दू आर्यनहरुको एउटै जाति, भाषा, धर्म तथा संस्कृतिले राज्यसत्तालाई नै आफ्नो नियन्त्रणमा राखेर अन्य तमाम जाति, भाषा, धर्म तथा संस्कृति उपर संरचनागत दमन शोषण गरी राष्ट्रिय पहिचान तथा मान्यता पाउनबाट नै वहिष्करण गरिरहेको स्थिति विद्यमान छ । यसैले यहाँका कतिपय आदिवासी, जनजाति, भाषाभाषी, धर्म संस्कृतिको अस्थित्व विलय भैसकेको छ र कतिपय विलिन हुँदैछन् । ( गुरुङ्ग, २०६२ ) ।

आदिवासी जनजातिहरु राष्ट्रका गौरव हुन् । यिनीहरुको मौलिक संस्कृति राष्ट्रिय पहिचान हुन् । किराँती प्रदेश विभाजन अनुसार पूर्वी नेपालको ओल्लो किराँत प्रदेशमा अनादिकालदेखि बस्दै आएका प्राचिन किराँती जातिको वंशज सुनुवार जाति पनि आफ्नो मौलिक संस्कृतिको हिसाबले अलग परिचान राख्दछन् । यिनीहरुको आफ्नै किसिमका भाषा, भेषभुषा, रहनसहन, जीवन संस्कार, पर्वउत्सव, पूजाआजा, रीतिरिवाज तथा मुल्य मान्यताहरु छन् । सुनुवार जाति यस क्षेत्रको आदिवासी जनजाति हो । यिनीहरुको भूमिको हरण अतिक्रमण भएपछिको यिनीहरुको नाजुक र न्यून जीवनस्तर हिन्दू संस्कृतिको प्रभाव र आजको आधुनिकीकरणको परिवेशमा यस जातिको परम्परागत भाषा, धर्म, तथा संस्कृति बिस्तारै ओझेल पर्दैछ । ( आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थान, २०६२ ) ।

हिन्दू संस्कृतिको प्रभावले यस जातिको भाषा धर्म स्रस्कृति ओझेलिदै गएर हिन्दू संस्कृतिकरण भइरहेको देखिन्छ । सुनुवार जातिका नयाँ पुस्ताहरुलाई आफ्नो भाषा, धर्म, संस्कृति, परम्परा तथा मूल्यमान्यताहरु अनौठा र विराना लाग्ने भईसकेको छन् । यस जातिका विशेष गरी यूवा पुस्तामा हिन्दू धर्म संस्कृतिको प्रभाव यति गम्भीर देखिन्छ कि उनीहरु आफूलाई हिन्दू भन्न मन पराउँछन् । नेपाली खस भाषा र हिन्दू आर्यन संस्कृति अपनाउँदा आफूलाई गौरवान्वीत ठान्दछन् भने आफ्नो जातीय भाषा, धर्म, संस्कृतिको बारेमा जान्न सुन्न पनि अस्वीकार गर्छन् । धेरै अप्ठ्यारो र असहज मान्दछन् । पुरानो नराम्रो चलन भनेर आलोचना गर्दछन् । घिनाउछन् । जुन हिन्दू संस्कृतिकरणको परिणती हो भन्न सकिन्छ । यसको परिणामस्वरुप सुनुवार जातिको मौलिक भाषा, धर्म, संस्कृतिको अस्तित्व संकटमा परिरहेको छ । (सुनुवार सेवा समाज, २०५७ ) ।

आदिवासी सुनुवार जातिको सामाजिक तथा साँस्कृतिक संरचनामा आधुनिकीकरणले पनि धेरै प्रभाव र परिवर्तन ल्याएको देखिन्छ । आधुनिक विज्ञान, प्रविधि, शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, फेसन आदि आधुनिकीकरणका विधाहरुले सुनुवार जातिको परम्परागत मौलिक जीवन पद्धतीमा धेरै फेरवदल ल्याएको पाइन्छ । यस जातिको जातीय पहिरन, खानापान, रहनसहन, बोलीचाली, आवागमन जस्ता पक्षमा परिवर्तनका प्रत्यक्ष संकेतहरु देखिएका छन् । आधुनिक फेसन खानपान र रहनसहनले पनि सुनुवार जातिको परम्परागत भेषभुषा, खानपान तथा संस्कृतिलाई विस्तापन गारिरहेको छ । ओझेलमा पारिरहेको छ । यस जातिको जातीय पहिरन यस जातिका बुढापुराना मानिसहरुमा मात्र सिमीत हुदै गएको पार्क्षन्छ ।

उल्लेखित आधारभुत परिस्थितिहरुको अध्ययन तथा मुल्याङ्कनबाट नै सुनुवार जातिको भाषा, धर्म, संस्कृति, रीतिरिवाज, भेषभुषा, रहनसहन, खानपान, परम्परागत मूल्यमान्यताहरु विस्तारै हराउँदै, ओझेलिदै गएर यिनीहरुको सामाजिक, संस्कृतिक तथा आर्थिक जीवन शैलीमा परिवर्तन हुँदै जाने स्थितिले आउने नयाँ पुस्तालाई आफ्नो जातीय पहिचान कायम गर्न नै कठिन हुन सक्ने खतरा विद्यमान रहेको पाइन्छ । त्यसैले यस अध्ययनमा सुनुवार जातिको सामाजिक तथा आर्थिक जीवन शैली र विद्यमान समयमा त्यसमा देखापरेको परिवर्तनहरुको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ । यस प्रयोजनका निम्ति निम्न अनुसन्धानात्मक प्रश्नहरुमा यो अध्ययन केन्द्रित रहेको छ ।

१ सुनुवार समुदायको सामाजिक तथा आर्थिक संरचना तथा सम्बन्ध र त्यसमा आएका परिवर्तनका प्रमुख कारणहरु के हुन् ?
२ सुनुवार समुदायको परम्परागत तथा आधुनिक पेशा व्यवसाय के के हुन् ?
३ सुनुवार समुदायको आम्दानीको प्रमुख श्रोतहरु के के हुन् ?
४ सामाजीक तथा आर्थिक परिवर्तनका चुनौतीहरुलाई सुनुवार समुदायले कसरी व्यवस्थापन गर्छन् ?

उल्लेखित अनुसन्धान प्रश्नहरुको परिधिमा रहेर यो अध्ययन सम्पन्न गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

क) सुनुवार समुदायको समाजिक तथा आर्थिक स्थितिको अध्ययन गर्ने ।

ख) सुनुवार समुदायको सामाजिक आर्थिक तथा संस्कृतिक अवस्थामा आएको परिवर्तनलाई उजागर गर्ने ।

ग) सामाजीक आर्थिक परिबर्तनका कारणहरु पहिचान गर्ने ।

## १.४ अध्ययनको औचित्य र महत्व

नेपाली आदिवासी जनजातिहरुको सामुहिक संस्कृतिको संयोजनबाट मात्र राष्ट्रिय संस्कृतिको निर्माण हुन्छ । राष्ट्रको वास्तविकता उजागर हुनसक्छ । राष्ट्रको विशिष्ट पहिचान कायम हुन्छ । यसर्थमा यहाँका विविध आदिवासी जनजातिको बारेमा अध्ययन अनुसन्धान हुन आवाश्यक छ । यसबाट नै आदिवासी जनजातिले राष्ट्रिय पहिचान र मान्यता पाउन सक्छन् । राष्ट्रको नागरिक भएको महशुस गर्न सक्छन् भने राष्ट्रले आदिवासी जनजातिलाई समावेशी प्रक्रियाबाट राष्ट्रिय विकासको मुल प्रवाहमा समाहित गरेर राष्ट्रको सर्वाङ्गीण विकास प्रणालीलाई सार्थक बनाउन सक्दछ । यही प्रयोजनलाई सघाउ पुऱ्याउन यस सुनुवार जातिको अध्ययन गरिएको छ । यस अध्ययनमा यस जातिको सामाजिक तथा आर्थिक विशेषताहरु, त्यसमा निहित मौलिकपन तथा परिवर्तनलाई समेत उजागर गर्ने कोसिस गरिएको छ । यसर्थमा यो अध्ययनले सुनुवार जातिको जातीय पहिचान तथा यिनीहरुको सामाजिक तथा आर्थिक जीवनलाई प्रशस्त उजागर गरेको छ । यसै गरी सुनुवार जातिको उत्थान, विकास र स-शक्तिकरणका निम्ति कार्य गर्न योजनाकार, नीति निर्माता, सरकारी तथा गैरसरकारी निकायहरुलाई यो अध्ययनले यथेष्ठ सहयोग पुऱ्याउन सक्ने विश्वास गरिन्छ । यस जातिको बारेमा हुने अरु अध्ययन अनुसन्धानका निम्ति सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्थान, अनुसन्धानकर्ता तथा विद्यार्थीहरुलाई पनि यस अध्ययनले आवश्यक जानकारी तथा मार्गनिर्देशन गर्नेछ, भने समस्त सुनुवार समुदायका निम्ति यो अध्ययन उनीहरुको जातीय पहिचानको एउटा महत्वपूर्ण अभिलेख हुनेछ ।

## १.५ अध्ययनको अवधारणात्मक ढांचा

यो अध्ययन निम्न अबधारणत्मक ढाँचामा आधारीत छ ।

**सामाजिक पक्ष**

- विवाह
- परिवार
- शिक्षा

↑ ↓

**आर्थिक पक्ष**

- पेशा व्यवसाय
- आम्दानी खर्च
- भु-स्वामीत्व

## १.६ अध्ययनको सँगठन

यस अध्ययनको पहिलो अध्यायमा अध्ययनको विषयवस्तुको सामान्य परिचय अध्ययन गर्नुका कारण अध्ययनको उद्देश्य औचित्य महत्व र अध्ययन प्रतिको अवधारणात्मक ढाँचा आदिको बारेमा व्याख्या विश्लेषण गर्नुका साथै अध्ययनको सँगठनको बारेमा पनि उल्लेख गरिएको छ ।

दोश्रो अध्यायमा अध्ययनसँग सम्वन्धित साहित्यको समिक्षा र यस सम्बन्धमा पहिला भए गरिएका अध्ययन अनुसन्धानका वारेमा उल्लेख गरिएको छ । तेश्रो अध्यायमा यस अध्ययनको अनुसन्धान पद्धति अन्तर्गत अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धानको ढाँचा, अध्ययनको समग्रता, तथ्यांक संकलनका श्रोतहरु, प्रविधि, नमूना छनौट, तथ्याङ्कको विश्वसनीयता र बैधता तथा अध्ययनको सीमा उल्लेख गरिएको छ ।

यसै गरी चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय सुनुवार जातिको ऐतिहासिक पृष्ठभूमी, सामाजिक, आर्थिक, साँस्कृतिक तथा धार्मिक पक्षहरुको वारेमा विस्तृत अध्ययन विश्लेषण सँगसँगै आवश्यक ठाउँहरुमा तालिकाहरु पनि प्रयोग गरिएको छ । साथै यस जातिको सामाजिक आर्थिक तथा सांस्कृतिक पक्षहरुमा आएका परिवर्तन र प्रभावहरु पनि समावेश गरिएको छ । र पाँचौ तथा अन्तिम अध्यायमा अध्ययनको सारांस, निष्कर्ष तथा सुझावहरु समावेश गरिएको छ । यसरी यस शोध अध्ययनलाई सम्पन्न गरिएको छ ।

❀❀❀

# अध्याय दुई
# सम्बन्धित साहित्यको समीक्षा

## २.१ पूर्व अध्ययनको समीक्षा

यस अध्ययनको विषय सुनुवार जातिको सम्वन्धमा सुनुवार जातिको भाषा सुनुवार भाषाको सम्वन्धमा केही स्वदेशी तथा विदेशी भाषाविद्हरुले अध्ययन गरेको पाइन्छ । यसका अतिरिक्त समय समयमा विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अनुसन्धान केन्द्रहरुले सुनुवार जातिको जनसांख्यिक, आर्थिक तथा सामाजिक स्थितिका बारेमा गरेको सर्वेक्षण प्रतिवेदन, लेख अभिलेखहरु, सुनुवार तथा सुनुवारको वंशावली, सुनुवार जाति किराँत समुदाय अन्तर्गतको जाति भएकोले किराँत सम्वन्धी अध्ययन लेख अभिलेखहरुमा यस जातिको सन्दर्भगत कथनहरु भेट्न सकिन्छ ।

आदिवासी जनजाति अन्तर्गत परिभाषा गरिएका समुच्च जाति किराँतीहरु हुन् । किराँतीहरु आवाद भएको क्षेत्र किराँत भूमि हो । किराँती भन्नासाथ ओल्लो किराँत, माझ किराँत र पल्लो किराँत क्षेत्रका राई लिम्वुका साथै मगर, गुरुङ, तमाङ, शेर्पा, थकाली, थारु, दनुवार, राजवंशी नेवार, धिमाल, सुनुवार, जिरेल, सुरेल, हायू आदि सवै किराँती जाति अन्तर्गतका समूह उपसमूह हुन् । किराँतीहरु एकै आमाका सन्तान हुन् तापनि हजारौं हजार वर्षको अन्तरालमा समूह उपसमूहमा विभक्त हुनु स्वभाविक हो । वढ्दो जनसंख्या र आहारविहारको अभाव आदि कारण जीउने क्रममा गण उपगणमा विभक्त हुँदै गएको कुरा मानवशास्त्रीहरु वताउछन् । (राई, किराँतेश्वर  युमा माङखिम संचालक समिति २०६२ : १३१) ।

किराँतीहरु प्रारम्भमा माङयाक्तुम्वा जाति थिए । याक्तुम्वा जातिहरु संसारकै पहिलो मानव जाति, संसारकै पहिलो भाषा, संसारकै पहिलो लिपी, संसारकै पहिले धर्म, संसारकै पहिलो राजधानी वनाई राज्य सञ्चालन गरेकाले पहिलो राज्यशासन गर्ने जाति हो । आजभोली यो याक्तुम्वा जाति भन्न छाडी राई, सुनुवार याक्खा, आठपहरिया लिम्वु भनी नामाकरण गरेका छन् । (मादेनहाङ २०६२ : १४८) ।

किराँतहरु मंगोलियाबाट आएको होइनन् । किराँत यही देशका पुराना जाति हुन् । (डा. प्रपन्नाचार्य २०५१) ।

सुनुवार पनि नेपालको अल्पसंख्यक आदिवासी जनजाति समूह अर्न्तगत पर्दछ । लिखुको शिरदेखि सुनकोशीससम्म हालको रामेछाप जिल्लाको ओखेनी, सुकाजोर, रामेछाप गाविस सुनुवारको पुखौली थलो हो । धार्मिक दृष्टिले सुनुवार जाति किराँत संस्कृतिसँग मिल्दोजुल्दो भएकोले आफूलाई किराँत वंशीय आदिवासी भन्दछन् । सुनुवार जातिको आफ्नो भाषा छ ।

यो भाषा भोटवर्मेली परिवार अन्तर्गत पर्दछ । सुनुवार मूलत प्रकृतिपुजक हुन् । जीवन निर्वाहको मुख्य पेशा खेती रहे पनि धेरै जसो सुनुवारहरु पनि भूमिहीन छन् । (जनजाति प्रतिष्ठान, २०६२) ।

नेपाली आदिवासी जनजातिलाई ६१ वटा जनजाति सुचिमा आवद्ध गरिएको छ । वासस्थानको आधारमा हिमाली, पहाडी, भित्री मदेश र तराईवासी भनि वर्गिकरण गरिएको आदिवासी जनजातिहरु मध्येको सुनुवार जाति पहाडी जनजाति अन्तर्गत पर्दछ । काभ्रेपलान्चोक, सिन्धुली, रामेछाप ओखलढुंगा, दोलखा जिल्लामा वसोवास भएको सुनुवार जाति थोरै जनसंख्या भएको नेपालको जाति हो । यिनीहरुको आफ्नै भाषा र संस्कृति छ । यिनीहरु किराँती हुन् । चण्डी पूजा गर्दैनन् । (राष्ट्रिय जनजाति विकास समिति, २०५७) ।

मुक्ति क्षेत्रका राजा सूर्यवशी भूपति मण्डपका पाँच वटी रानीहरुबाट राजाको उत्तराधिकारीको जन्म भएको थिएन पाँच वटी रानी मध्येको एक रानीबाट जन्मेको राजकुमारी भूमादेवी रजोवती भई एक विहानै गंगा स्तान गरेर आउँदा बाटोमा सूर्य किरणको स्पर्शले गर्भ धारण गरेकी राजकुमारीले एक सुन्दर वालकको जन्म दिइन् । बालकलाई राजर्शी ज्योतिष गणले सूर्यवशी धनुषधारी किराँती सुन्दरवीर भनी जात तथा नामकरण गरिदिए । यिनै बालक सुन्दरवीरको २१ वर्षको उमेरमा विवाह सम्पन्न भई ३ छोरीहरु सत्यवती, उमावती र धुमावती र ५ छोराहरु लालसिंह ,सुरसिंह, रामसिंह, मानसिंह र धनसिंह सन्तानहरुको जन्म भयो । यिनै पाँच भाइ छोरा र यिनका सन्तानले मुक्ति क्षेत्रमा काजी कमाण्डर कर्णेले हजुरीया भएर तीन पुस्तासम्म र उर्दी शहरमा पन्ध्रौ पुस्तासम्म राजकाज सम्हाली वसें । पन्ध्रौ पुस्तामा आइपुग्दा हस्तिनापूर राज्यसँग भीषण युद्ध भयो । युद्धमा पराजित भएपछि पाँचै किराँतीहरु भागेर सिमरौनगढमा आई वसें । त्यहाँ किराँतीहरुको स्तुतिबाट चण्डेश्वरी देवी प्रशन्न भई वरदानस्वरुप दिएको सुवर्णचरीले यिनीहरुलाई दिएको समृद्धी र सम्पन्नता भाइभाइ अलग हुने सम्वन्धमा भएको कल झगडाले नष्ट भएपछि यिनीहरु सिमरौनगढबाट पनि उपत्यका प्रवेश गरे । त्यस समय नेपाल उपत्यकाको राजधानी भादगाउँमा पृथ्वी शाही राजा थिए । राजाले सूर्यवशी धनुषधारी किराँतीहरुलाई पहिचान गरी सुव्वा मान उपाधि सहित वस्ती वसाउन विभिन्न स्थानमा किपटभूमि प्रदान गरे । तत्पश्चात पाचँ किराँती भाइहरु अलग हुने क्रममा सरसल्लाह गरी आपसमा छाक खल्को गरेर भाइ भाइमा जुठो पिन्डो वारावार गर्नु नपर्ने गरी किपटभूमि ओगट्न पूर्व पश्चिम दिशातर्फ प्रस्थान गरे । यस दौरानमा लालसिंहको सन्तान महाभारत पर्वत तथा ल्हासा तर्फ गए । सुरसिंहको सुरी जिरी तर्फ, रामसिहंको लिखुखिम्तीतर्फ, मानसिंहको अरुणवारी दुधकोशीतर्फ र धनसिंहको अरुणपारी तमोरतर्फ गए । यिनै पाँच किराँतीहरुको सन्तानबाट क्रमश सुरीजिरी जाने सुरेल जिरेल, लिखुखिम्ती जाने सुनुवार, अरुणवारी दुधकोशी जाने राई, अरुणवारी तमोर जाने लिम्वु र महाभारत पहाड तथा सुनकोशी क्षेत्रमा वस्ने हायू जातिको रुपमा परिचित भएको हुन् । यसरी पाँच भाइ किराँतीहरुको सन्तान छुटेर अलग-अलग स्थानमा वसोवास गरेपछि समय अन्तरालसँगै यिनीहरुको भाषा, चालचलन तथा थर गोत्रहरु धेरै भए तापनि यिनीहरु एउटै वंशका नौलाख किराँती हुन् । (सुनुवार, २००४) ।

डा. हर्क गुरुङ (२००६) ले किराँती संस्कृतिको आधार मातृभाषा र धार्मिक संस्कार हो । केही दशक अघि पूर्वी नेपालमा जर्मनहरुले गरेको भाषा सर्वेक्षणअनुसार किराँती समुहमा ३८ भाषा भाषिका रहेको तथ्य पेश गरेको थियो, भनी किराँत प्रदेशअनुसार यिनीहरुको लगत निम्नानुसार उल्लेख गरिएको छ ।

**किराँत भाषा भाषिकाहरु :**

| वल्लो किराँत | माझ किराँत | पल्लो किराँत |
|---|---|---|
| १. खालिङ | १. साङपाङ | १. लोहरुङ (उत्तर) |
| २. दुर्नी | २. कुलुङ | २. लोहरुङ (दक्षिण) |
| ३. कोई (कोयू) | ३. नाचेरिङ | ३. याम्फू |
| ४. हाम्फे | ४. मेवाहाङ | ४. लिम्बू |
| ५. वाहिङ | ५. साम | ५. छथरे |
| ६. थुलुङ | ६. चुकवा/पोहिङ | ६. आठपहरे |
| ७. सुनुवार | ७. दुङमाली | ७. छिलिङ |
| ८. लिङखिम | ८. वालिङ | ८. मुगाली |
| ९. हायू | ९. खान्दुङ | ९. फाङदुवाली |
| १०. उम्बूले | १०. वान्तावा | १०. लुम्बा/याक्खा |
| ११. जेरुङ | ११. पुमा | ११. याक्खा |
| १२. तिलुङ | १२. चामलिङ | १२. बेल्हरिया |
| १३. चोक्सुले | | |
| १४. दोरुङकेचा | | |

*श्रोतः जनजाति सेरोफेरो, २००६*

किराँतका परम्परागत धार्मिक संस्कार मुन्धुमशास्त्रमा आधारित छ । यस संस्कारको आफ्नै विजुवा नोक्चा तथा फेदाङमा पूजारी हुन्छन् । नेपालको राष्ट्रिय जनगणना इ. १९९१ मा सर्वप्रथम यस्ता धार्मिक समूहलाई किराँती भनी दर्ता गरिएको छ । (गुरुङ २००६) ।

यसप्रकार सुनुवार जातिको बारेमा विभिन्न विद्वान्, भाषाविद्, लेखक, अनुसन्धानकर्ता तथा अनुसन्धान केन्द्रको अध्ययन प्रतिवेदन, लेख अभिलेखहरुको सारंशमा सुनुवार जातिलाई नेपालको एउटा किराँत वशीय आदिवासी जनजातिको रुपमा पहिचान गराई यस जातिको जातीय परिचय दिने प्रयास गरेको छ । तथापी यिनीहरुको मौलिक सामाजिक तथा आर्थिक जीवनपद्धति तथा विद्यमान समयमा यसमा आएका परिवर्तन र प्रभावहरुलाई उल्लेखित अध्ययनहरुले समेट्न सकेका छैनन् ।

# अध्याय तीन
# अनुसन्धान पद्दती

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

अध्ययन क्षेत्र सिन्धुली जिल्लाको भद्रकाली गाविस सुनुवार जातिको मानिसहरु वसोवास गर्दै आएको यस जातिको पुरानो बस्ती हो ।सुनुवार जाति यस क्षेत्रका आदिवासी हुन् । यहाँ यिनीहरुको आफ्नो मौलिक जातिय पहिचानहरु भाषा, धर्म, संस्कृति, परम्परागत रितिरीवाज तथा मूल्य मान्यताहरु पाईन्छन् । यसर्थमा यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गर्नका कारणहरु निम्नानुसार छन् ।

1= अध्ययन क्षेत्र सुनुवार जातिको पुरानो बस्ती भएको तथा अहिले सम्म यस क्षेत्रमा कसैले अध्ययन नगरेको हुनाले ।

2= यो क्षेत्रमा सुनुवार जातिको मौलिक पहिचान भेटाउन सकिने भएकोले ।

3= सुनुवार जातिको सामाजिक तथा आर्थिक पक्षहरु र यसमा आएका परिवर्तन तथा प्रभावहरुको अध्ययन गर्ने इच्छा भएकोले ।

4= तथ्याङ्क संकलनमा बढि सहजता र विश्वसनियता हासिल गर्न सकिने भएकोले पनि अध्ययनको लागि यो क्षेत्र छनौट गरिएको हो ।

5= शोधकर्ता स्वयम् अध्ययन क्षेत्रकै बासिन्दा रही सुनुवार समुदायसँग घुलमील र परिचित वास्तविक तथ्यांक संकलन गर्न सकिने भएकोले ।

## ३.२ अनुसन्धान ढांचा

यस अनुसन्धानमा अध्ययन क्षेत्रका सुनुवार जातिको सामाजिक तथा आर्थिक पक्षको अध्ययन गर्न वर्णानात्मक तथा अन्वेशणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । सुनुवार समुदायको जातीय चिनारी यिनीहरुको सामाजिक तथा आर्थिक संरचनाहरु, सो संरचनामा आएको परिवर्तन, प्रभाव तथा सुझावहरुका वारेमा विश्लेषण गर्न वर्णानात्मक विधिको अधिक प्रयोग गरिएको छ ।

## ३.३ तथ्यांकको प्रकृति र श्रोत

यस अध्ययनमा प्रयोग गरिएका तथ्याङ्कहरु गुणात्मक र संख्यात्मक दुवै प्रकृतिका छन्, भने तथ्याङ्क संकलनको श्रोतहरु प्राथमिक र द्वितिय दुई प्रकार छन् ।

### ३.३.१ प्राथमिक श्रोत

यस अध्ययनमा अनुसन्धानकर्तालाई अध्ययन क्षेत्रमा प्रथम पटक उपलब्ध भएको तथ्याङ्कको श्रोत नै प्राथमिक श्रोत हो । यो सूचनाको मौलिक श्रोत  पनि हो । यस अध्ययनको समग्रतामा रहेको अध्ययन क्षेत्रको २५ घरपरिवारको उत्तरदाता, मुख्य अन्तरवार्तादाता तथा अध्ययनको सिलसिलामा अवलोकन भम्रण गरिएको अध्ययन क्षेत्रको सुनुवार जनजातिको जीवन पद्दती, सामाजिक संरचना, धार्मिक तथा साँस्कृतिक महत्वका केन्द्रहरु यस अध्ययनको तथ्याङ्कको प्राथमिक श्रोत हुन् । अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षण, अवलोकन तथा अन्तरवार्ता सूचि आदि साधनहरुको प्रयोगबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.३.२ द्बितीय श्रोत

अनुसन्धान विषयसँग सम्वन्धित लेख, अभिलेख, पुस्तक, पत्रपत्रिका तथा अनुसन्धान प्रतिवेदनहरु तथ्याङ्कका द्वितीय श्रोत हुन् । प्राथमिक श्रोतबाट यस अध्ययनका निमित्त आवश्यक र पर्याप्त तथ्याङ्क उपलब्ध हुन नसकेको सन्दर्भमा सुनुवार जनजातिसँग सम्वन्धित विभिन्न विद्धान्, भाषविद् तथा अनुसन्धानकर्ताको लेख, अभिलेख, पुस्तक, प्रतिवेदन तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरुलाई यस अध्ययनको तथ्याङ्कको द्वितीय श्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ अध्ययनको समग्रता र नमूना छनौट

अध्ययन क्षेत्र सिन्धुली जिल्लाको भद्रकाली गाविसको १ र ४ नं. वडा क्षेत्रमा मात्र वसोवास गर्ने कुल १७९ जनसंख्या मात्र रहेका २५ घरपरिवारहरु यस अध्ययनको समग्रता हो । Cencus प्रविधिको आधारमा सो समग्रतामा रहेका २५ घरपरिवारको १७९ जनसंख्यालाई नै यस अध्यनमा समावेश गरिएको छ । यस अन्तर्गत सुनुवार समुदायको सवै वर्ग र क्षेत्रका मानिसहरु सम्पन्न विपन्न, गरीव, शिक्षित, अशिक्षित, शिक्षक, विद्यार्थी, व्यापारी, मजदुर, कृषक, मुखिया, गौरुङ, फोचो, भूमिहीन समेतलाई समेट्ने प्रयास गरिएको छ ।

## ३.५ तथ्यांक संकलनका प्रविधिहरु

प्रस्तुत अध्ययनका निमित आवश्यक सूचना तथा तथ्याङ्कहरु प्राथमिक तथा द्वितीय श्रोतहरु बाट संकलन गरिएको छ । तथ्याङ्क संकलन गर्ने सिलसिलामा अध्ययन क्षेत्रका सुनुवार समुदायका वुढापुराना अग्रज, अनुभवी मानिसहरुसँगको अन्तरवार्ता, छलफल, समुदायको जीवनपद्दती, धर्म, संस्कृति, पर्व उत्सव, पुजाआजाको अवलोकन तथा नमूना छनौटमा परेका २५ परिवारमा भरिएको अन्तर्वाता सूचि प्रविधिको प्रयोग गरी प्राथमिक श्रोतबाट तथ्याङ्क

संकलन गरिएको छ । यसैगरी अध्ययन क्षेत्रको गाविस कार्यालय, सिन्धुली जिल्ला शिक्षा कार्यालय तथ्याङ्क शाखा तथा विभिन्न पुस्ताकालयहरुको भ्रमण गरी द्वितीय श्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । अतः यस अनुसन्धानमा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको साधनहरु निम्नानुसार उल्लेख छन् ।

### ३.५.१ अवलोकन

अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा वसेर समुदायसँग घुलमिल गरेर सु-सम्वन्ध स्थापना गरी सुनुवार जातिको वस्ती, भाषा, भेषभुषा, खानपान, रहनसहन, रीतिरिवाज, मूल्यमान्यता, जीवन संस्कार, पुजाआजा, पर्व उत्सव, खेल, मनोरञ्जन, घरपरिवार सामाजिक व्यवहार, महिला पुरुषको भूमिका, पेशा, रोजगार तथा जग्गा जमीन समेतको अवलोकन भ्रमण गरी अध्ययनलाई यथार्थ र विश्वासनीय वनाउने तथ्याङ्कहरु संकलन गर्ने प्रयास गरिएको छ ।

### ३.५.२ अन्तर्वार्ता सूची

यस अध्ययनको समग्रतामा रहेका २५ घरपरिवारबाट प्रति घर १ जनाको हिसाबले २५ जना उत्तरदातालाई अनुसंन्धाकर्ता स्वयमं अध्ययन क्षेत्रमा उपस्थित भई उनीहरुसँग भेट सम्पर्क गरी संरचित तथा अर्ध संरचित अन्तरवार्ता सूचि भरेर तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ मुख्य सुचनादातासँगको अन्तवार्ता

अध्ययन क्षेत्रको सुनुवार समुदायको वुढापुराना मानिस, किपटभूमिको मुखिया,समेतको समुदायका अग्रज र अनुभवी मानिसहरुलाई अनुकूल समयमा भेट सम्पर्क गरी सुनुवार जातिको ऐतिहासिक पृष्ठभूमि, भाषा, भेषभुषा, रहनसहन, धर्म संस्कार, संस्कृतिको वारेमा अन्तरवार्ताको माध्यमबाट जानकारी लिइएको छ ।

## ३.६ तथ्यांकको विश्वसनीयता र वैधता

यस अध्ययन प्रयोजनका निमित संकलन गरिएका सूचना तथा तथ्याङ्कहरु अधिकतम प्राथमिक श्रोतमा आधारित छन् । समाजशास्त्री तथा मानवशास्त्रीहरुले तथ्याङ्क संकलनमा प्रयोग गर्ने गरेका सर्वेक्षण, निरीक्षण, अवलोकन, प्रश्नावली, अन्तरवार्ता समेतका तथ्याङ्क संकलनका वैज्ञानिक साधनहरु नै प्रयोग गरी अनुसन्धान गरिएकोले उपलब्ध तथ्याङ्कहरु धेरै विश्वसनीय छन् । यसका अतिरिक्त प्रस्तुत अध्ययनको विषय सुनुवार जातिसँग सम्वन्धित विभिन्न लेख, अभिलेख, अनुसन्धान, प्रतिवेदन, पुस्तक पत्रपत्रिका समेतका सामग्रीहरुको संकलन अधययन गरी त्यसको सैद्धान्तिक तथा व्यवहारिक पक्षको मूल्याकन परीक्षण समेत गरी अनुसन्धान कार्य सम्पन्न गरिएकोले यस अध्ययनमा प्रयोग गरिएको सूचना तथा तथ्याङ्कहरु विश्वसनीय छन् । अध्ययनको सिलसिलामा अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा

रहेर समुदायसँग घुलमिल गरेर सु-सम्वन्ध स्थापना गरी तथ्याङ्क संकलन गरिएको हुँदा उत्तरदातामा पुर्वाग्रहको गुन्जायसको कमी रहनु, प्राथमिक तथा द्बितीय श्रोतबाट प्राप्त सूचना तथा तथ्याङ्कको परीक्षणमा एकरुपता भेटिनुका साथै समुल अध्ययन समाजशास्तीय सिद्धान्त अन्तर्गत रही सम्पन्न गरिएकोले अध्ययनमा समाविष्ट सूचना तथा तथ्याङ्कहरु प्रामाणिक तथा बैद्य छन् ।

## ३.७ तथ्यांक प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको उद्देश्य प्राप्ति र सफलता संकलन गरिएको सूचना तथा तथ्याङ्कको प्रभावकारी प्रस्तुतीकरण तथा विश्लेषणमा निहीत हुन्छ । यसर्थ प्रस्तुत अध्ययनमा संकलन गरिएको तथ्याङ्कलाई तालिकीकरण गरी गुणात्मक तथा विवरणात्मक जनजातीय अध्ययनको रुपमा प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रका सुनुवार जातिको ऐतिहासिक पृष्ठभूमि, सामाजिक, साँस्कृतिक तथा आर्थिक जीवनको अध्ययनको निमित्त संकलन गरिएको सूचना तथा तथ्याङ्कको प्रकृति अनुसार हस्त तालिकीकरण र गणकयन्त्रका सहायताबाट तथ्याङ्क वर्गीकरण गरी अनुपात औषत तथा प्रतिशतलाई तथ्याङ्क सरलीकरणको साधनको रुपमा प्रयोग गरी तथ्याङ्कहरुलाई तालिकामा प्रस्तुत गरेर विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा अध्ययन क्षेत्रको सुनुवार जातिको जनसांख्यिक परिवारिक आर्थिक तथा शैक्षिक पक्षसँग सम्वन्धित तथ्याङ्कको परिमाणत्मक (संख्यात्मक) प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ, भने भाषा, भेषभुषा, खानपान, रहनसहन, रीतिरिवाज, मूल्यमान्यता, चाडपर्व, पूजाआजा, धर्म, संस्कार, संस्कृति जस्ता सामाजिक, धार्मिक तथा साँस्कृतिक पक्षसँग सम्वन्धित सूचना तथा तथ्याङ्कलाई गुणात्मक, विवरणात्मक, प्रस्तुतिकरण तथा विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको निश्चित उद्देश्य स्थान, समयावधी र सीमा हुन्छ । निश्चित अवधिमा निश्चित उद्देश्य प्राप्तिका निमित्त निश्चित स्थानमा अनुसन्धान कार्य सम्पन्न गरिने भएकोले यसबाट प्राप्त परिणाम र निश्कर्षहरु त्यही स्थान र अवस्थामा मात्र सामान्यीकरण हुन सक्छ । साथै अध्ययन पद्धती र योजनाको सीमाले पनि अनुसन्धानका परिणाम तथा निष्कर्ष लाई सीमित पारेको हुन्छ । सोही अनुसार यो अध्ययनको पनि निश्चित सीमाहरु छन् । यसलाई निम्नानुसार उल्लेख गरिन्छ ।

1= यो अध्ययन सिन्धुली जिल्लाको भद्रकाली गाविसको सीमित वडा क्षेत्रमा वसोवास गर्ने सुनुवार समुदायको सामाजिक, साँस्कृतिक तथा आर्थीक जीवनको अध्ययनमा सीमित छ ।

2= अध्ययनको समग्रतामा रहेका २५ घरपरिवारलाई मात्र समावेश गरिएको यस अध्ययनमा तथ्याङ्कको संकलन गर्न सर्वेक्षण अवलोकन, प्रश्नावली तथा अन्तर्वार्ता लगायतका सीमित साधनहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

3= अध्ययन प्रयोजनका लागि संकलन गरिएका सूचना तथा तथ्याङ्कहरुलाई औषत अनुपात तथा प्रतिशत समेतका सीमित तथ्याङ्कीय साधनको प्रयोग गरी वर्णनात्मक विश्लेषण विधिको आधारमा तथ्याङ्कहरुको गुणात्मक तथा विवरणात्मक विश्लेषण गरी अध्ययनको निष्कर्ष निकाल्नु यसको अर्को सीमा हो ।

4= यो अध्ययन छोटो समयावधि भित्र सम्पन्न गरिएकोले सवै तथ्याङ्क तथा सुचनाहरु उपलब्ध हुन समय सीमितताका कारण सम्भव नहुँदा उपलब्ध तथ्याङ्कहरु अधुरो पनि हुन सक्छ ।

यस अध्ययनका उल्लेखित सीमाहरुले गर्दा अध्ययनबाट प्राप्त परिणाम तथा निष्कर्ष अध्ययन क्षेत्रभन्दा वाहिरको क्षेत्र र परिवेशमा सामान्यीकरण नहुन पनि सक्छ किनकी यस क्षेत्रमा वसोवास गर्ने सुनुवार जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक अवस्था अन्य क्षेत्रहरु तराईको सिराह, उदयपुर, सुनसरी, सर्लाही भित्री मधेसको सिन्धुली, पहाडी क्षेत्रको काभ्रे, ओखलढुंगा तथा काठमाडौं उपत्यकामा वसोवास गर्ने सुनुवार जातिको मानिसहरुमा आधुनिकीकरण हिन्दू साँस्कृतिकरण तथा राईकरणका कारणले यस जातिको मौलिक जीवन पद्दती तथा संस्कृतिमा विभिन्न विचलन तथा परिवर्तन आएको हुन सक्छ । नयाँ मूल्यमान्यताको स्थापना गरेको हुन सक्छ । साथै धेरै समयको अन्तरालमा आफ्नो भाषा, धर्म, संस्कृति विसिएर परसंस्कृति र मूल्यमान्यतालाई ग्रहण गरेका हुन सक्छन् ।

यस आधारमा यो अध्ययनको निष्कर्ष अध्ययन क्षेत्र वाहेकका अन्य स्थानहरुमा मान्य नहुन पनि सक्छ । यदि मान्य भएतापनि निश्चित् समयान्तरालपछि परिवर्तन हुन सक्ने हुनाले अध्ययन अनुरुप सामान्यीकरण नहुन सक्छ । यसैगरी सिन्धुली र काभ्रेपलाञ्चोक क्षेत्रमा वसोवास गर्ने सुनुवार जातिका मानिसहरुको पुखौली वस्ती अनादीकालदेखि यही क्षेत्रमा भएको, आफ्नै किपटभूमि समेत भएको तथा आंशिक रुपमा भाषिक भिन्नता समेत रहेको देखिएकोले प्रस्तुत अनुसन्धानको निष्कर्ष सो क्षेत्रमा मान्य नहुन सक्छ ।

❁❁❁

# अध्याय चार
# तथ्यांक प्रस्तुतीकरण तथा बिश्लेषण

यस अध्यायमा अध्ययन क्षेत्रको परिचय, भौगोलीक स्थिती, हावापानी, सुनुवार समुदायको सामाजीक संरचना जनसंख्या, शिक्षा स्वस्थ्या, परिबार, जन्म, मृत्यू बिबाह संस्कार, आर्थिक प्रणाली, परम्परागत पेश तथा व्यवसाय, आम्दानीको श्रोत, उत्पादन, भुस्वामीत्वको स्थिती तथा यस जातिको सामाजिक तथा आथिक पक्षमा आएको परिबर्तन र त्यसका कारणहरुको बारेमा अध्ययन बिश्लेषण गरिएको छ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

### ४.१.१ भौगोलिक अबस्थिति

अध्ययन क्षेत्र भद्रकाली गाविस सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाडीबाट १७ किलोमीटर टढाको दुरीमा उत्तर पश्चिम दिशामा अवस्थित छ। यो गाविसको पुर्बमा रतनचुरा र जलकन्या गाविसहरु उत्तरमा मझुवा गाविस, पश्चिममा डाँडीगुराँसे र अकले गाविसहरु र दक्षिणमा कमलामाई नगरपालिका पर्दछ । यो गाविसको सवभन्दा होचो स्थान कुसुमटार र सवभन्दा अग्लो स्थान महाभारत श्रृंखलामा अबस्थित दामे हो। बनेपा-बर्दिबास जोड्ने बि.पी. कोईराला राजमार्गले छोएको यो गाविस सदरमुकाम सिन्धुलीमाडी र राजधानी काठमाण्डौसम्मको सडक सन्जालमा जोडीएको छ । यो गाविसको प्रमुख हाटवजार तथा व्यापारीक केन्द्र कसुमटार, चियाबारी र सिन्धुलीमाडी हुन्। सिम्ले खोला, धनमना खोला, तारु खोला, लाङदी खोला यो गाविसको प्रमुख नदी खोलाहरु हुन्। यो गाविसमा बालुवा कंकड र ढुंगा मिश्रित वलौटे र गेग्रानपूर्ण माटो पाइन्छ । जुन कुषि उत्पादनका हिसावले निम्नकोटीको माटो मानिन्छ। तर यो गाविसस्थित कुसुमटार, निबुवाटार, खट्टार क्षेत्रमा पागो माटो पनि पाइन्छ। यी टारहरु कृषि उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छ । यो गाविसको वन क्षेत्रमा सल्ला, खयर, चिलाउने, चिउरी, वकाइनो, सतिवेर, काफल, गुराँस आदि जातका वनस्पति बाघ, भालु, चितुवा, स्याल, खरायो, दुम्सी, आदि जातका वन्यजन्तु कालिज, जुरेली, काग, तित्रा, आदि जातका पन्छीहरु पाइन्छ । यो गाविसको महाभारत पर्बत तथा दामे क्षेत्रबाट उत्तरतर्फ देखिने गौरीशंकर हिमाल र दक्षिणतर्फ देखिने सल्लेरी वनको हरियाली प्रकतिक सौन्दर्यको हिसावले दर्शनीय छ।

### ४.१.२ हावापानी

भद्रकाली गबबिस.समुद्री सतहवाट १६८ मीटर देखि २७९७ मीटरसम्मको उचाइमा महाभारत पर्वतबाट दक्षिण भिरालो पहाडी धरातलीय संरचनामा फैलिएर रहेको छ । वेशी तथा टार क्षेत्रमा उष्ण मौसमी हावपानी र निबुवाटार पीपल भन्ज्याङ ढुंग्रे भन्ज्याङ क्षेत्रमा समशितोष्ण मौसमी हावपानी र महाभारत पर्वत दामे क्षेत्रमा शीतोष्ण हावापानी  पाइने यो गाविसको वार्षिक तापमान १६ डिग्रीदेखि २७ डिग्री सेल्लसियससम्म रहन्छ, भने वार्षिक सरदर वर्षा २९७ मिलीमिटर  रहन्छ ।

### ४.१.३ जनसंख्या

२०६८ सालको राष्ट्रिय जनगणनानुसार यो गाविसको कुल जनसंख्या ५४१२ रहेको छ । यसमा महिला संख्या २६५१, पुरुष संख्या २६६१ र कुल घरधुरी संख्या ९६४ रहेको छ । यो गाविसमा सुनुवार समुदायको जनसंख्या १७९ र घरधुरी संख्या २५ रहेका छन् । देशभर कुल जनसंख्या २८,९५४ रहेका छन् ।

## ४.२ सुनुवार समुदायको सामाजिक अवस्था

मानिस सामाजिक प्राणी हो समाजबाट अलग भएर मानिसको जीवन पद्दती चल्न सक्दैन । मानिसको उदय, मानव सभ्यताको विकास मानव परिवार तथा समाजको स्थापना सँगसँगै व्यवस्थित मानव जीवन निर्वहन गर्ने सिलसिला मानिस मानिसहरू वीचको आपसी सम्बन्ध अन्तरक्रिया तथा अन्तरनिर्भरताले विभिन्न सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा साँस्कृतिक संस्थाहरू परम्परा, रीतिरिवाज, रहनसहन, आदर्श तथा मूल्यमान्यताहरू श्रृजना तथा विकास हुँदै आएका छन् । सामाजिक एकाई तथा संस्थाहरू निश्चित नीति नियम मूल्यमान्यता तथा पद्धतिबाट मानव आकांक्षा आवश्यकता तथा उद्देश्य पूरा गर्न क्रियाशील रहन्छन् । समाज भनेको यही विभिन्न सामाजिक संस्थाहरूको समष्टि हो, समग्रता हो । समाज मानिस मानिस बीचको सम्बन्धको सञ्जाल हो । यो सम्वन्धको संजाल विभिन्न सामाजिक संस्थाहरूको संयोगबाट बनेको हुन्छ । त्यसैले समाजलाई विभिन्न सामाजिक एकाई तथा संस्थाहरूको संजाल भन्न सकिन्छ जहाँ मानिसहरू जीवनयापनका लागि परस्पर अनुवन्धित हुन्छन्, अन्योन्याश्रित हुन्छन्, अन्तरसम्वन्धित हुन्छन् र अन्तरनिर्भर रहन्छन् ।

समाज मानव जीवनको अपरिहार्य आवश्यकता हो । सामाजिक जीवन निर्वाह गर्नु मानवीय आवश्यकता हो । समाजको विभिन्न सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक तथा साँस्कृतिक इकाई तथा संस्थाहरूमा अनुवन्धित भई त्यसमा अन्तरनिहीत निश्चित नियम मूल्यमान्यता तथा पद्धतीबाट निर्देशित भएर मानवीय अन्तरसम्वन्ध अर्न्तक्रिया तथा

अन्तरनिर्भरताको माध्यमबाट जीवन निर्वाह गर्नु नै सामाजिक जीवन हो । यसरी नै मानिसले सामाजिक जीवन निर्वाह गरी रहेको हुन्छ ।

अध्ययन क्षेत्र सिन्धुली जिल्लाको भद्रकाली गाविस क्षेत्रमा बसोवास गर्ने सुनुवार जातिको सामाजिक जीवन सामान्य ग्रामीण जनजीवनमा आधारित छ । पहाडी ग्रामीण परिवेश, भिरालो पाखा, टार तथा वेंसीसम्मको धरातलीय अवस्थिति भएको अध्ययन क्षेत्रमा सुनुवार जातिको बसोवास छ । सुनुवार जातिको वस्ती पातलो र छरपष्ट देखिन्छ तथापी सामाजिक व्यवहार र सम्वन्धले अत्यन्त निकट र घनिष्ठता बनाएर राखेको छ । सुनुवार समुदायको सामाजिक जिवनका विभिन्न पक्षहरुलाई वारेमा यसप्रकार उल्लेख गर्दछन् ।

### ४.२.१ जनसांख्यिक स्थिति

अध्ययन क्षेत्र भद्रकाली गाविसको १ र ४ वडा क्षेत्रको जनसंख्या १३६५ रहेको छ । यस मध्ये सुनुवार जातिको कूल जनसंख्या १७९ रहेको छ भने घरधुरी संख्या २५ रहेको देखिन्छ । यस अध्ययन प्रयोजनका निमित्त अध्ययन क्षेत्रको समग्रतामा रहेका २५ घरपरिवारको १७९ जनुंख्यालाई नै यस अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनमा सुनुवार जातिको जनसंख्यालाई लिङ्ग, उमेर, वैवाहिक स्थिति र घरपरिवारको आधारमा वर्गीकरण गरी तलिकाहरूमा उल्लेख गरिएको छ ।

### ४.२.२ लिङ्गको आधारमा जनसंख्या

जनसंख्याको संरचनामा लिङ्गमा आधारित जनसांख्यिक संरचनाले पुरुष महिलाको अनुपातलाई जनाउँछ । लिङ्ग अनुपातको सन्तुलन असन्तुलनले जनसांख्यिक प्रक्रियामा प्रत्यक्ष असर पार्दछ । अध्ययन क्षेत्रमा सुनुवार जातिको जनसंख्यालाई लिङ्गको आधारमा निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका १

लिङ्गको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | लिङ्ग | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ८३ | ४६.४० |
| २ | पुरुष | ९६ | ५३.६० |
| जम्मा | | १७९ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवारको कूल १७९ जनसंख्यामा लिङ्गको आधारमा महिलाको जनसंख्या ८३ जना ४६.४ प्रतिशत रहेको छ भने पुरुष जनसंख्या ९६ जना ५३.६ प्रतिशत रहेको छ । प्रतिपरिवार औषत जनसंख्या ७.७ पर्न आउँछ । तथ्याङ्कमा तुलनात्मक रूपमा महिला जनसंख्याभन्दा पुरुष जनसंख्या ७.२ प्रतिशतले बढी देखिन्छ ।

### ४.२.३ उमेर समूह र लिंङ्गको आधारमा जनसंख्या

जनसंख्याको संरचना भित्र विभिन्न उमेर समूह र लिंङ्गको आधारमा जनसांख्यिक विवरणले कुनैपनि समुदायको जनसंख्या भित्र रहेको बालबालिका, किशोर किशोरी, यूवा यूवती, वयस्क तथा प्रौढ जनसंख्याको बारेमा जानकारी प्रदान गर्दछ यसका अतिरिक्त यस किसिमको जनसांख्यिक विवरणले निष्क्रिय सक्रिय तथा आश्रित जनसंख्याको विवरणको बारेमा समेत जानकारी दिन्छ यसर्थमा अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका सुनुवार जतिको जनसंख्यालाई उमेर समूहका आधारमा निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका २

उमेर समूह र लिंङ्का आधारमा उत्तरदाताहरुको वर्गिकरण

| उमेर समूह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | ९ | ५.०० | १३ | ७.३० | २२ | १२.३० |
| ५-९ | ११ | ६.२० | ११ | ६.२० | २२ | १२.३० |
| १०-१४ | १५ | ८.४० | १३ | ७.३० | २८ | १५.६० |
| १५-१९ | ९ | ५.०० | ८ | ४.५० | १७ | ९.५० |
| २०-२४ | १२ | ६.७० | १२ | ६.७० | २४ | १३.४० |
| २५-२९ | १ | ०.६० | ६ | ३.४० | ७ | ३.९० |
| ३०-३४ | ६ | ३.४० | ६ | ३.४० | १२ | ६.७० |
| ३५-३९ | ३ | १.७० | ४ | २.२० | ७ | ३.९० |
| ४०-४४ | २ | १.१० | ३ | १.७० | ५ | २.८० |
| ४५-४९ | ४ | २.२० | ४ | २.२० | ८ | ४.५० |
| ५०-५४ | १ | ०.६० | ३ | १.७० | ४ | २.२० |
| ५५-५९ | ७ | ३.९० | ६ | ३.४० | १३ | ७.३० |
| ६० | ३ | १.७० | ७ | ३.९० | १० | ५.६० |
| जम्मा | ८३ | ४६.४० | ९६ | ५३.६० | १७९ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा रहेका ०-४ र ५-९ वर्ष उमेर समूहको जनसंख्या क्रमश. १२.३ प्रतिशत छ । १०-१४ वर्ष उमेर समूहको जनसंख्या १५.६ प्रतिशत, १५-१९ वर्ष उमेर समूहको जनसंख्या ९.५ प्रतिशत, २०-२४ वर्ष उमेर समूहको जनसंख्या १३.४ प्रतिशत, २५-२९ वर्ष उमेर समूहको जनसंख्या ३.९ प्रतिशत, ३०-३४ वर्ष उमेर समूहको जनसंख्या ६.७ प्रतिशत, ३५- ३९ वर्ष उमेर समूहको जनसंख्या ३.९ प्रतिशत, ४०-४४ वर्ष उमेर समूहको जनसंख्या २.८ प्रतिशत, ४५-४९ वर्ष उमेर समूहको जनसंख्या ४.५ प्रतिशत ५०-५४ वर्ष उमेर समूहको जनसंख्या २.२ प्रतिशत ५५-५९ वर्ष उमेर समूहको जनसंख्या ७.३ प्रतिशत तथा ६० वर्ष र सो भन्दा माथिको उमेर समूहको जनसंख्या ५.६ प्रतिशत रहेको छ । तथ्याङ्कमा ५०-५४ वर्ष उमेर समूहमा सबैभन्दा कम जनसंख्या २.२ प्रतिशत देखिन्छ भने १०-१४ वर्ष उमेर समूहमा सबैभन्दा बढी जनसंख्या १५.६ प्रतिशत रहेको देखिन्छ ।

### ४.२.४ **वैवाहिक स्थिति**

विवाहले समाजलाई निरन्तरता र जीवन्तता प्रदान गर्दछ । विवाह हरेक मानव समाजमा स्वीकारिएको सार्वभौम सामाजिक संस्था हो । विवाहले जनसांख्यिक संरचनामा प्रत्यक्ष प्रभाव पार्दछ । अविवाहित जनसंख्याको अनुपातमा विवाहित जनसंख्याको अनुपात बढी भएमा र विवाह योग्य प्रारम्भिक अवस्थाको विवाहित जनसंख्यामा प्रजनन् प्रभावकारी रहने हुँदा यसबाट स्वभाविक रूपमा जनसंख्या वृद्धि हुन्छ, भने ढिलो विवाह भएमा तथा वैवाहिक विर्सजन, सम्वन्ध विच्छेद, भिन्न वस्ने तथा विधवापनले प्रजनन्मा प्रतिकूल प्रभाव पार्दछ यसले जनसंख्या वृद्धि नहुन सक्छ । अध्ययन क्षेत्रका सुनुवार जातिको जनसंख्यालाई वैवाहिक स्थितिका आधारमा निम्नानुसार देखाइएको छ ।

तालिका ३

वैवाहिक स्थितिका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.स. | वैवाहिक स्थिति | महिला | | पुरुष | | कूल जनसंख्या | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विवाहित | ४० | २२.४० | ३७ | २०.७० | ७७ | ४३.०० |
| २ | अविवाहित | ४१ | २२.९० | ५७ | ३१.८० | ९८ | ५४.८० |
| ३ | एकल | २ | १.१० | २ | १.१० | ४ | २.२० |
| जम्मा | | ८३ | ४६.४० | ९६ | ५३.६० | १७९ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा रहेका पुरुष र महिलाको विवाहित जनसंख्या ४३ प्रतिशत, अविवाहित महिला पुरुष जनसंख्या ५४.८ प्रतिशत र विधवा विदुर महिला पुरुषको जनसंख्या २.२ प्रतिशत देखिन्छ । तथ्याङ्कले एकल महिला तथा पुरुषको जनसंख्या समान देखाएको छ, भने विवाहित जनसंख्याको तुलनामा अविवाहित जनसंख्या ११.८ प्रतिशतले बढी देखिन्छ यसका अतिरिक्त अविवाहित पुरुष जनसंख्या अविवाहित महिला जनसंख्याको तुलनामा ८.९ प्रतिशतले बढी रहेको देखिन्छ । अध्ययन क्षेत्रमा बाल विवाह भए गरेको भेटिएन ।

### ४.२.५ पारिवारिक संरचना

परिवार एउटा सामाजिक तथा साँस्कृतिक संस्था हो । मानव समाजको स्थापना र विकास परिवारबाटै हुन्छ । प्रत्येक बालबालिकाहरू परिवार भित्र जन्मन्छन् । उनीहरूको सामाजिकीकरणको प्रक्रिया परिवारबाटै शुरु हुन्छ । बालबालिकाले परिवारबाट आफ्नो परम्परागत रहनसहन, खानपान, रीतिरिवाज, मूल्यमान्यता व्यवहार, नैतिकता लगायतका सामाजिक तथा साँस्कृतिक पक्षको ज्ञान आर्जन गर्न सक्ने र व्यवहार देखाउन सक्ने भएकोले नै परिवारलाई सामाजिक तथा साँस्कृतिक संस्था भनिएको हो । परिवारलाई एउटै घरमा बस्ने वैवाहिक सम्वन्ध तथा रक्तसम्वन्ध भएका मानिसहरू (अभिभावक तथा बालबालिका) को संयोजन भनेर परिभाषित गर्न सकिन्छ ।

परिवारको समष्टिगत आधार स्वरुप तथा वनावटलाई पारिवारिक संरचना भन्न सकिन्छ । परिवार भित्र रहने सदस्यहरूको परिमाण र नातासम्वन्ध नै पारिवारिक संरचनाको निर्धारक हो । परिवारको संरचनाको आधरमा अध्ययन क्षेत्रका सुनुवार समुदायमा दुई किसिमका परिवार अस्तित्वमा छन् ।

(१) एकात्मक परिवारः– आमाबुबा, अविवाहित छोराछोरी मात्र भएको परिवार र

(२) संयुक्त परिवारः– दुई वा दुईभन्दा बढी एकात्मक परिवारको संयोजन आमाबाबु विवाहित छोराछोरी तिनीहरुको परिवार समेत भएको परिवार । यसलाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ४

पारिवारिक संरचनाका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | १४ | ५६.०० |
| २ | संयुक्त परिवार | ११ | ४४.०० |
| | जम्मा | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कले देखाए अनुसार अध्ययन क्षेत्रमा रहेका दुई किसिमका परिवारमध्ये एकात्मक परिवार  ५६ प्रतिशत र संयुक्त परिवार ४४ प्रतिशत रहेको छ । यस तथ्याङ्कबाट यस समुदाय आधुनिक परिवारको ढाँचा एकात्मक परिवरतर्फ उन्मुख भएको देखिन्छ । परिवारका सदस्यहरूमा निहीत परस्पर भावनात्मक सम्वन्ध सहयोग र सद्भावले परिवार अविछिन्न रूपमा अगाडि बढ्न सक्छ । यही सम्वन्ध र सदभावले यस समुदायको एकात्मक परिवार र संयुक्त परिवारले निरन्तरता पाएको छ भने यहाँ २/३ पुस्तासम्प पनि वृहत तथा संयुक्त परिवारमा मिलेर बसेको परिवार पनि भेटिन्छ तर अहिलेको परिप्रेक्षमा आएर थोरै जमीन, जीवन धान्न नसक्ने परम्परागत कृषि प्रणाली, बढ्दो बेरोजगारी, आधुनिक शिक्षा सञ्चार यातायातको विकास राजनैतिक परिवर्तनको प्रभाव साथै पारिवारिक वैमनस्यता र झैंझगडाले गर्दा यहाँका यस जातिका मानिसहरु संयुक्त परिवारबाट अलग भई एकात्मक परिवारमा बसेको पाइन्छ । आमाबाबु जीवित छदै वा शेषपछि पैतृक सम्पति भागवन्दालाई लगाई आ-आफ्नो पारिवारिक जीविका चलाई बसेका छन् ।

अध्ययन क्षेत्रका सुनुवार जातिको परिवारमा सन्तान छोराछोरीलाई भगवान्को वरदान मान्ने पुरानो परम्पराको अवशेष कायमै छ । धेरै सन्तान जन्माउने, छोराको अपेक्षा राख्ने, छोरा र छोरीमा विभेद परिवार नियोजनप्रतिको वेवास्ता, अज्ञानता, अशिक्षा समेतका कारणबाट यिनीहरूको परिवारको आकारप्रकारमा प्रभाव परेको देखिन्छ । यसलाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ५

परिवारको आकारको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | परिवारको किसिम | परिवार संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | सानो परिवार | १-४ | २ | ८.00 |
| २ | मध्यम परिवार | ५-८ | १४ | ५६.00 |
| ३ | वृहत्त परिवार | ९-भन्दा माथी | ९ | ३६.00 |
| जम्मा | | | २५ | १00.00 |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्येमा सानो परिवार ८ प्रतिशत मध्यम परिवार ५६ प्रतिशत र वृहत्त परिवार ३६ प्रतिशत रहेको छ । तथ्याङ्कमा मध्यमस्तरको परिवार अन्य परिवारभन्दा वढी ५६ प्रतिशत देखिन्छ । परिवारको औषत आकार र परिमाण ७.७ जना हुन आउँछ । अधिकांश परिवारको

आकार मध्यम र वृहत स्तरको छ । तापनि परिवारमा धेरै बालबालिका, रोजगार जनशक्ति र आयश्रोतको न्युनता, थोरै जमीन, कम उत्पादन, न्यून पारिश्रमिकको ज्यालामजदुरी, गरीवी, अशिक्षा, अज्ञानता र असचेतनता समेतले परिवारमा बालबालिकाको उचित पालनपोषण, शिक्षादिक्षा, सरसफाई तथा स्वास्थ्य उपचारमा प्रतिकूल प्रभाब परेको देखिन्छ ।

यस जातिको परिवार पुरुष प्रधान छ । परिवारको प्रमुख व्यक्ति नै पुरुष हुन्छ । जसले परिवारको नेतृत्व तथा अभिभावकत्व प्रदान गरेको हुन्छ, भने परिवारका सबै सदस्यले नेतृत्व र अभिभावकत्वलाई स्वीकार्दछन् । आज्ञापालन गर्दछन् । तथापी पारिबारी निर्णय प्रक्रियामा महिलाको स्थान र सहभागीता पनि उल्लेखनीय रहन्छ ।

## ४.२.६ शैक्षिक स्थिति

नेपालको अल्पसंख्यक आदिवासी सुनुवार जनजाति सामान्यत ग्रामीण वासिन्दा हुन् । शहर उनीहरूका लागि पहुँच र सामार्थ्य बाहिरको विषय हो । अन्य जातजाति जनजातिको तुलनामा ज्यादै न्यून जनसंख्या रही मानव विकासका आधारभूत सुविधा र अवसरबाट  प्राय वञ्चित यस जनजातिका मानिसहरू गाउँमा वस्छन् । सोझा सिधा र निरक्षर छन् । रुढीवादी र अन्धविश्वासमा जीवनयापन गर्दछन् । त्यसैले समाजको हरेक क्षेत्रमा यिनीहरू पछाडि पारिएका छन् । शैक्षिक क्षेत्रमा पनि यस जतिको मानिसहरू निकै पछाडि परेका  छन् । अधिकांश बालवालिका घरायसी कामकाज वनजङ्गल खेतीकिसानीमा व्यस्त रहने गरेको पाइन्छ । टाढाको विद्यालय अभिभावकहरूमा छोराछोरीलाई पढाउनु पर्छ भन्ने धारणाको कमी आदि कारणले यस जातिका मानिसहरूमा साक्षरता र शैक्षिक जनशक्ति ज्यादै न्यून रहेको देखिन्छ । बालबालिकालाई विद्यालय पठाए तापनि घरायसी तथा खेतीकिसानीको कामकाजको व्यस्तताले गर्दा बाबुआमाले आफ्ना बालबालिकालाई नियमित विद्यालय नपठाउने बालबालिकाहरू पनि घरमा भाइ बहिनीको हेरचाह गर्ने वनजंगलमा गाईबस्तु चढाउने र खेतबारीमा नै रमाउने प्रवृत्तिले गर्दा अविभावकले पठाए पनि बालबालिकाहरू नियमित विद्यालय नजाने तथा विद्यालय जाने बालबालिकाहरू पनि प्राथमिकदेखि निम्नमाध्यमिक तहसम्मको शिक्षा पूरा नगर्दै विद्यालय छाडी दिने स्थितिको विद्यमानताले यस समूदायमा शैक्षिक अवस्था नाजुक रहेको पाइन्छ । तथापी केही वर्ष यताबाट यहाँका विभिन्न सामाजिक संघ संस्थाहरूले सञ्चालन गरेको सचेतनामूलक गतिविधिहरू, विभिन्न निकायहरूबाट उपलब्ध हुने जनजाति छात्रवृत्तिको प्रभावले यस जातिका मानिसहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउने गरेको र बालवालिका पनि नियमित विद्यालय जाने गरेको पाइन्छ । यसका अलावा अभिभावकहरू पनि प्रौढ, साक्षरता कक्षामा सहभागी हुने गरेका

छन् । परिमाण स्वरुप अध्ययन क्षेत्रका सुनुवार जातिको मानिसहरूको शैक्षिक स्थितिमा विस्तारै प्रगति हुने संकेत देखिन्छ । तर पनि शैक्षिक जनशक्ति स्थिति ज्यादै न्यून छ । यही सन्दर्भमा अध्ययन क्षेत्रका सुनुवार जातिको सरक्षरता स्थितिलाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ६

साक्षरताको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र. सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कूलसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ३५ | १९.५० | ६१ | ३४.१० | ९६ | ५३.६० |
| २ | निरक्षर | ३९ | २१.८० | २२ | १२.३० | ६१ | ३४.१० |
| ३ | विद्यालय जाने उमेर नपुगेका बालबालीका | ९ | ५.०० | १३ | ७.३० | २२ | १२.३० |
| | जम्मा | ८३ | २६.५० | ९६ | ५३.७० | १७९ | १००.० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कबाट अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवारको कूल १७९ जनसंख्यामा महिला साक्षरता १९.५ प्रतिशत र पुरुष साक्षरता ३४.१ प्रतिशत रहेको देखिन्छ, भने महिला निरक्षरता २१.८ प्रतिशत र पुरुष निरक्षरता १२.३ प्रतिशत देखिन्छ । तथ्याङ्कमा महिलाको निरक्षरताको स्थिति पुरुषको भन्दा तुलनात्मक रूपमा ९.५ प्रतिशतले बढी रहेको देखिन्छ । तथ्याङ्कमा विद्यालय जाने उमेर नपुगेका बालबालिका १२.३ प्रतिशत रहेको देखिन्छ । अध्ययन क्षेत्रको जनसंख्याको शैक्षिक स्थितिलाई लिंगका आधारमा निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ७

शैक्षिक स्तरको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र. सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कूल संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रा.वि. तह १-५ कक्षासम्म | १३ | ७.३० | १८ | १०.१० | ३१ | १७.३० |
| २ | नि.मा.वि तह | ३ | १.७० | ९ | ५.०० | १२ | ६.७० |

| क्र.सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | कूल संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | ६-८ कक्षासम्म | | | | | | |
| ३ | मा.वि तह ९-१० कक्षासम्म | ३ | १.७० | ३ | १.७० | ६ | ३.४० |
| ४ | एसएलसी | २ | ११.०० | ३ | १.७० | ५ | २.८० |
| ५ | प्रमाणपत्र तह | १ | ०.६० | २ | १.१० | ३ | १.७० |
| ६ | स्नातक तह | ० | ०.०० | १ | ०.५० | १ | ०.५० |
| ७ | स्नातकोत्तर तह | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| ८ | साक्षर ( साधारण लेखपढ) | १३ | ७.३० | २५ | १४.०० | ३८ | २१.२० |
| ९ | निरक्षर | ३९ | २६.५० | २२ | १२.३० | ६१ | ३४.१० |
| १० | विद्यालय जाने उमेर नपुगेका बालबालिका | ९ | ५.०० | १३ | ७.३० | २२ | १२.३० |
| | जम्मा | ८३ | २६.५० | ९६ | ५३.७० | १७९ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कअनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवारको कूल १७९ जनसंख्यामा कूल निरक्षरता ३४.१ प्रतिशत देखिन्छ । जसमा महिला निरक्षरता २१.८ प्रतिशत र पुरुष निरक्षरता १२.३ प्रतिशत रहेको छ। साक्षर जनसंख्यामा कूल साक्षरता २१.२ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता ७.३ प्रतिशत र पुरुष साक्षरता १४.० प्रतिशत रहेको छ । प्राथमिक विद्यालय तह (१–५ कक्षासम्म) मा १७.३ प्रतिशत (छात्रा ७.३ प्रतिशत छात्र १०.१ प्रतिशत) निम्न माध्यमिक तह (६–८ कक्षासम्म) मा ६.७ प्रतिशत (छात्रा १.७ प्रतिशत र छात्र ५.० प्रतिशत) र माध्यमिक तह (९–१० कक्षासम्म) मा ३.४ प्रतिशत (छात्रा १.७ प्रतिशत र छात्र १.७ प्रतिशत) अध्ययनरत देखिन्छ भने प्रवेशिका परीक्षा एसएलसी उर्तीण विद्यार्थी २.८ प्रतिशत ( छात्रा १.१ प्रतिशत र छात्र १.७ प्रतिशत) रहेका छन् । यसैगरी उच्च माध्यमिक तह वा प्रमाणपत्र तहमा ०.६ प्रतिशत छात्रा र १.१ प्रतिशत छात्र तथा स्नातह तह उत्तीर्ण विद्यार्थी ०.५ प्रतिशत मात्र देखिन्छ भने स्नातकोत्तर र सो भन्दा माथिको शिक्षा हासिल गर्ने विद्यार्थी अध्ययन क्षेत्रमा यस जातिमा पाइदैन । तथ्याङ्कले अध्ययन क्षेत्रका महिलाहरूको साक्षरता तथा शैक्षिक स्थिति पुरुषको अपेक्षा १४.०४

प्रतिशतले न्यून देखाएको छ । प्राथमिक विद्यालय तह देखि निम्नमाध्यमिक तथा माध्यमिक तहको शिक्षामा छात्रा विद्यार्थीको उपस्थिति धेरै न्यून देखिन्छ । एसएलसी प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने महिला विद्यार्थी संख्या १.१ प्रतिशत मात्र देखिन्छ भने यसभन्दा माथि उच्च शिक्षा हासिल गर्ने महिलाको स्थिति शुन्य प्राय छ । यसैगरी प्राथमिक तहदेखि स्नातक तहसम्मको शिक्षामा यस जातिको पुरुष सहभागिता र पहुँच रहे तापनि त्यो ज्यादै न्यून मात्रमा रहेको पाइन्छ । अध्ययन क्षेत्र भित्रै अर्थात सिन्धुली गाविस– ९ सिन्धुली बजार पुरानो जिल्ला सदरमुकाम क्षेत्रमा स्नातक तहसम्मको क्याम्पस सञ्चालन भइरहेको छ । भने सिन्धुली गाविसको ८ र ९ वडा क्षेत्रमा प्राथमिक तहदेखि उच्च माध्यमिक तहको विद्यालय संचालित छ । अध्ययन क्षेत्रको प्राथमिक, माध्यमिक, उच्चमाध्यमिक विद्यालयहरू तथा क्याम्पस बढीमा १ किलोमिटरको दुरीमा रहेका छन् । सुविधा र पहुँचको हिसावले स्नातक तहसम्मको शैक्षिक संस्थानहरू यति निकट र सहज हुँदा हुँदै पनि यस जातिका मानिसहरूको शैक्षिक स्थिति अझै निराशजनक देखिनुको पछाडि यिनीहरूमा विद्यमान गरीवी आर्थिक, विपन्नता, अज्ञानता, असचेतनता तथा अन्धविश्वासहरू नै हुन । गरीवीका कारण दैनिक रोजिरोटीमै परिवारका अधिकांश सदस्यले श्रम संघर्ष गरिरहनु पर्दा आफ्नै बस्ती भित्र र वस्ती नजिकै विद्यालय क्याम्पस भए पनि अन्य क्षेत्र जस्तै शैक्षिक क्षेत्रमा पनि यिनीहरू पछाडि परेका छन् । शिक्षाको आधारभूत अवसरबाट प्रायः वन्चित छन् । त्यसैगरी यिनिहरूमा छोरीप्रतिको विभेदपूर्ण परम्परागत धारणा, घर व्यवहार सिक्ने सिकाउने वहानामा छोरीलाई घरायसी तथा वन जंगलको कामकाजको साथै साना भाईवहिनीको स्याहार सम्भार तथा रेखदेखमा समेत ब्यस्त अभ्यस्त गराउने परिपाटीले यस जातिको महिला तथा बालिकाको शैक्षिक स्थिति धेरै नाजुक भएको पाइन्छ । यिनै स्थितिको विद्यमानताका कारण यस जातिमा साक्षरताको स्थिति सामान्य देखिए तापनि आवश्यक शैक्षिक योग्यता हासिल गरेको शैक्षिक जनशक्तिको निकै कमी छ । यही कारण यिनीहरू श्रोत साधनको सहज पहुँचबाट टाढा छन् । राज्यबाट निश्चित सुविधा र अवसरबाट वन्चित छन् । सरकारी तथा सार्वजानिक सेवामा प्रवेश गर्न असमर्थ छन् ।

### ४.२.७ स्वास्थ्य सरसफाइको स्थिति

यस समुदायमा स्वास्थ्य र आरोग्यता सम्वन्धी आफ्नै किसिमको परम्परागत ज्ञान, धारणा र विश्वास रहेको पाइन्छ । अनादिकाल देखि आफ्ना पूवर्ज र आफुले परम्परागत रूपमा मानि आएको आराध्यदेवीलाई पूजा अर्चना, मानमनितो नपुगेमा वा वेवास्ता गरेमा, विर्सेमा तथा आफ्नो घरपरिवारले मानि आएको कूल देवता रिसाएमा यिनिहरूको समुदायमा परिवारमा अनेक रोग विमार, महामारी, दुःख कष्ट, आपतविपत् आइपर्छ । वरत्रपरत्र सबै विग्रन्छन्, विनास हुन्छन्, भूतपिसाचले

सताउँछन्, शत्रुले हेप्छन् भन्ने जन विश्वास रहेको पाइन्छ । त्यसैले यिनीहरूको परिवार समुदायमा दुःख विमार विपती आइपर्दा सर्वप्रथम आफुले मानिआएको आराध्य देवी देवतालाई सम्झने, गुहार पुकार गर्ने गल्तिभएको महसुस भएमा क्षमायाचना गर्ने गर्दछन् । यसका अतिरिक्त देबीदेवतालाई खुशी पार्न पछि निश्चित समयमा पूजाआजा गर्ने प्रतिज्ञा गरी बाधा उठाएर भाकाल पनि गर्दछन् । सो भाकल अनुसारको पूजाआजा सम्पन्न गर्दछन् । यसरी आफुले मानि आएको देवी देवतालाई मानमनितो पूजाआजा गरी खुशी बनाइ राखेमा आइपरेका दुःख विमार विपति हटेर जाने, शत्रु परास्त हुने तथा वरत्रपरत्र सुध्रने विश्वास गर्दछन् । सानो ठूलो जुनकुनै प्रकारको दुःख विमार विपत्ति आइपर्दा पनि यस जातिका मानिसहरू सर्वप्रथम आफ्नो आराध्य देवी र कूल देवतालाई सम्झन्छन्, प्रार्थता पुकार गर्छन्, भाकल गर्दछन् । त्यसपछि मात्र विरामी उपचारका अन्य परम्परागत तथा आधुनिक प्रविधि अपनाउँछन् । परम्परागत उपचार विधि स्वास्थ्य उपचार प्रविधि अर्न्तगत धामीझाँक्री तथा जडिबुटिबाट विरामीको उपचार गर्दछन् । यस जातिका मानिसहरू धामीझाँक्रीमा विश्वास गर्दछन् । विरामीलाई धामीझाँक्रीबाट जोखाना हेराउने झारफुक गर्ने भूतपिसाच मन्साउने गर्दछन् । धामीझाँक्री विधिबाट विरामीको स्वास्थ्यमा सुधार आउन सकेन भने रोगको लक्षण अनुसार जडिबुटि औषधि प्रयोग गर्दछन् ।  जडिबुटिबाट पनि विरामी ठिक नभएमा मात्र आधुनिक स्वास्थ्य उपचार विधि अर्थात विरामीलाई स्वास्थ्य केन्द्र तथा अस्पतालमा लाने गर्दछन् । अध्ययन क्षेत्रको सिन्धुली गाविसको सिन्धुली डाँडामा जिल्ला अस्पतालको सुविधा उपलब्ध छ । तैपनि यिनीहरूको स्वास्थ्य प्रतिको परम्परागत धारणा र सचेतनास्तरका आधारमा अधिकांश परिवार देवी देवता धामीझाँक्री तथा जडिबुटि विधिमा विश्वासगर्दछन् र यसको विकल्पमा मात्र अस्पताल, स्वास्थ्य केन्द्र जानेगर्दछन् भने थोरै परिवारमात्र स्वस्थ्य उपचारका लागि सिधै अस्पताल मोडिकल धाउने गर्दछन् । यद्यपी यी परिवारले पनि पहिले आराध्यदेवी र आफ्नो कूल देवतालाई प्रार्थना भाकल गरेकै हुन्छन् । यो स्थितिलाई हेर्दा विमारीको समयोचित उपचारको अभावमा अकाल मृत्युको सम्भावना धेरै देखिन्छ । तथापी यिनीहरूलाई आफ्नो कूल, देवता र आराध्य देवीप्रति अगाध आस्था र विश्वास छ । यी देवी देवतालाई नै आफ्नो परिवारको स्वास्थ्य आरोग्यता र समृद्धिको चिकित्सक अनि संरक्षक मानेका छन् । गर्भवती प्रसुती तथा मातृ शिशुको जीवनमरण पनि यिनै देवी देवताको शरणमा राखिएको पाइन्छ । थोरै आम्दानी धेरै सन्तान हुँदा आमा र बच्चाको स्वास्थ्य र पोषण स्थिति सन्तुलित हुन नसकी आमाको स्वास्थ्य र बच्चाको शारीरिक विकासमा प्रतिकूल असर परेको देखिन्छ । व्यक्तिगत, पारिवारिक तथा सामुदायिक सरसफाईको स्थिति न्यून छ । अधिकांश परिवारको चर्पी, शौचालय छैन । नजिकैको खुला जंगल र खोल्सालाई चर्पीको रूपमा प्रयोग गरेको पाइन्छ,  भने आधुनिक चर्पीको प्रयोग गर्ने

परिवार नगन्य मात्र छन् । अध्ययन क्षेत्रमा यस जातिका मानिसहरूको शौचालय चर्पी प्रयोगको स्थितिलाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ८

शौचालय चर्पि प्रयोगका आधामा उत्तरदाताहरुको बर्गिकरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शौचालय (चर्पी) प्रयोग गर्ने | ४ | १६.०० |
| २ | शौचालय (चर्पी) प्रयोग नगर्ने | २१ | ८४.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

यस तथ्याङ्कअनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये १६ प्रतिशत परिवारले आधुनिक शौचालय (चर्पी) को प्रयोग गर्दछन् भने ८४ प्रतिशत परिवारले शौचालयको प्रयोग गर्दैनन् । त्यसैगरी जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने स्वच्छ खानेपानीका निमित्त अध्ययन क्षेत्रमा तामाकोशी सेवा समिति नामको स्थानीय गैरसरकारी संस्था तथा सम्वन्धित गाविस, जिविसबाट खानेपानी आयोजना संचालन गरिएबाट समुदायका अधिकांश परिवारले नीजि तथा सार्वजनिक धाराबाट खानेपानी उपभोग गरेको पाइन्छ, भने थोरै परिवारले खानेपानीका लागि स्थानीय कुवा पँधेरा धाउनु परेको स्थिति देखिन्छ । यस सन्दर्भमा यस जातिका मानिसहरूले प्रयोग गर्ने खानेपानीको श्रोतको अवस्थालाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका ९

खानेपानीको श्रोत प्रयोगका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क.सं. | विवरण | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी धारा | ४ | १६ |
| २ | सार्वजनिक धारा | १६ | ६४ |
| ३ | कुवा पधेरा | ५ | २० |
| जम्मा | | २५ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कबाट अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवारले प्रयोग गर्ने खानेपानीको श्रोत अन्तरगत १६ प्रतिशत परिवारले निजी धारा ६४ प्रतिशत परिवारले सार्वजनिक धारा र २० प्रतिशत परिवारले कुवा पधेराबाट खानेपानी

उपभोग गरेको  देखिन्छ । तथ्याङ्कमा अधिकांश परिवारको ६४ प्रतिशत खानेपानीको श्रोत सार्वजनिक धारा भएको देखिन्छ ।

आधुनिकीकरण शिक्षा, सचेतना, सञ्चार, आवागमनको मन्द प्रभाव, समुदायमा प्रवेश गरेका विभिन्न गैरसरकारी संघ संस्थाहरूद्वारा सञ्चालित स्वास्थ्य सचेतनामूलक गतिविधि, सञ्चारका माध्यम (रेडियो) बाट प्रसारित जनस्वास्थ्य तथा परिवार नियोजन सम्वन्धी कार्यक्रम, गाउँबाट करिव १७ किलोमिटरको दुरीमा रहेका जिल्ला अस्पताल आदि विविध पक्षले सुनुवार समुदायको आधुनिक स्वास्थ्य, सचेतना सम्वन्धी धारणामा क्रमिक विकास र परिवर्तन भई रहेको देखिन्छ । गर्भवती, प्रसुती, मातृशिशु स्वास्थ्य प्रजनन तथा परिवार नियोजनका समस्याका विषयमा महिला समूहमा छलफल गर्ने स्वास्थ्य स्वयम सेवक सुडेनीसँग सल्लाह परामर्श लिने, रोगविमार पर्दा अस्पतालमा जाँचपरिक्षण गर्न जाने, प्रसुति गराउँदा तालिम प्राप्त सुडेनीको प्रयोग गर्ने आदि कार्यमा विस्तारै सुधार आएको देखिन्छ । बालबालिकालाई रोगप्रतिरोधात्मक आवश्यक खोपहरू सबै परिवारले लगाएका छन् । समुदायको अधिकांश परिवारमा खानेपानी सहज उपलबध छ । परिवार नियोजनका बारेमा सामान्य जानकारी लिएका छन् । धामीझाँक्री तथा भूतपिचास प्रतिको अधिक विश्वासमा विशेषगरी नयाँ पुस्तामा कमी आएको छ । आफन्तजनको पलायन र वसाईसराईले अन्य जातजातिको समुदायमा प्रवेशले यिनिहरूको एकल सामाजिक संरचनामा विचलनहरू आएता पनि आफ्नो समुदायमा आपसी मेलमिलाप, साथ सहयोग, सदभाव तथा सौहार्द्रता भने कायमै रहेकोले सादायको समग्र स्वास्थ्य स्थिति क्रमिक सुधार हुँदै गएको देखिन्छ ।

## ४.२.८   जन्म, मृत्यू र बिबाह संस्कार

### जन्म

गर्भधारण भएको निश्चित् समायावधी भित्र आमाको गर्भबाट वच्चा (नवजात शिशु) बाहिर अवतरण हुनु नै जन्म हो । महिलाले गर्भधारण गरेको ९ महिना अवधिभित्रमा वच्चालाई जन्म दिन्छिन् । वच्चा जन्माउनु महिलाको प्राकृतिक नियम हो, महिलाको जैविक विशेषता हो र मातृत्वको नैसार्गिक अधिकार हो । वच्चाको जन्मले एउटी विवाहित महिलाले आमाको उपाधी धारण गर्न पाउँछिन् । आफूमा अन्तरनिहीत मातृवात्सल्य वच्चाको स्पर्श र स्तनपानले नै अनुभूत गर्न सकिछन् । आमा वनेर आफ्ना वच्चाहरूमा वात्सल्य वाड्न सक्छिन् । यसरी वच्चालाई जन्म दिनु आफ्नो वच्चाको अनुहार देख्न पाउनु एउटी महिलाको लागि जति रहर र हर्षको विषय हुन्छ, वच्चा जन्माउनु त्यतिनै जटिल र जोखिम स्थिति हो । यो महिलाको लागि जीवन र मृत्युको सवाल हो । जहाँ उनले एउटा नयाँ जीवन पाउन पनि सक्छिन्,

आफ्नै जीवन गुमाउन पनि सक्छिन् । वच्चा जन्माउनु हुर्काउनु यस अध्ययन क्षेत्रको गरीवी र निरक्षरताले ग्रसीत यस समुदायको  महिलालाई सहज स्थिति छैन । प्रसुती व्यथा लोगेकी महिलालाई वच्चा जन्माउन गाउँका अनुभवी वुढा, पुराना महिला सुडेनी र घरको सासु आमाले सहयोगगर्दछन् । प्रसुती सहजै भएन र प्रसव पीडा असामान्य किसिमको र लामो समयसम्म कायम रहेमा घरको कूल देवता तथा देवीलाई पूजा प्रार्थना तथा भाकल गर्दछन् । यसबाट वच्चाको जन्म हुने विश्वास गर्दछन् र भइरहेको छ पनि भन्दछन् । अन्यथा पहिलेको समयमा महिलाले मृत्युवरण गर्नुको विकल्प देखिएन किनकी पहिले प्रसुतीका लागि महिलालाई अस्पताल लाने चलन थिएन । त्यो चेतना पनि थिएन । अचेल प्रसुती अवस्थाको महिलामा यस्तो असामान्य स्थिती श्रृजना भएमा जिल्ला अस्पताल रामेछाप लाने गर्दछन् भने गाउँमा तालिम प्राप्त सुडेनी पनि उपलब्ध छन् ।

उल्लेखित प्रक्रियाबाट वच्चा जन्मिएपछि सुडेनीले वच्चाको नाभी काटी दिएर आमाबाट अलग गर्छिन् । नवजात शिशुलाई मनतालो पानीले नुहाईधुवाई साफसफाई गर्छिन् । वच्चाको साथी सालनाल जस्केलो ढोकाको दायाँवायाँ वलेसीमा गाडिन्छ । मूल ढोकातिर हुँदैन । तर वच्चाको साथी साल झरेन भने तरवारको धार पखालेको पानी खुवाउँछन्  । पृथ्वीनारायण शाहाको पालाको मोहर पखालेर पानी खुवाउँछन् । यसका साथै आफ्नो कूल देवता, आराध्य देवी र वन देवतालाई पनि प्रार्थना, भाकल गर्दछन् । यी विधिहरू सम्पन्न गरेपछि साल झर्छ भन्ने विश्वास छ । अचेल यस्तो स्थितिमा महिलालाई अस्पताल लाने गर्दछन् ।

वच्चाको जन्म भइसकेपछि वच्चाको साथै आमाले पनि नुहाइधुवाई साफसफाई गर्छिन । प्रसुती आमा र वच्चालाई घरको मूल ढोका वाहेकको दोश्रो ढोका जस्केलाबाट प्रवेश गराई जस्केलो ढोकाको दायाँवायाँ कुनामा ओछ्यान वनाई राख्दछन् । जस्केलो ढोका नभए मूल ढोकाको दायाँवायाँ दलानमा कोठा बारी राख्दछन् भने मूल घरका अतिरिक्त मतान घर भए मतान घरमा पनि राख्दछन् । वच्चा जन्मेको दिन वच्चाको आमालाई कुखुराको भाले काटेर मासु, भात, घ्यू, ज्वानो खुवाउँछन् । ताकी वच्चालाई दुध प्रसस्त होस र आमाको शरीर दुर्वल नहोस् । प्रसुती भएको ३ दखि ५ दिन सम्म वार्ने चलन छ  । प्रसुती वाराना अवधीभर आमा र वच्चालाई अरुले छुन हुँदैन उनीहरूले प्रयोग गर्ने सामान समेत छुन हुदैन । प्रसुती महिलाले अगेना मूलधुरी र मूल ढोका छुन जान हुँदैन । यो अशुद्ध अवस्था भएकोले कूल देउता रिसाउछन् भन्ने मान्यता रहेकोछ । यो अवधीमा प्रसुती महिलाले आफू र आफ्नो वच्चालाई साफसफाई गर्ने, वच्चालाई तेल मालिस गर्ने गर्छिन् । परिवारका अरु सदस्यहरूले छुन नहुने अशुद्ध, अपवित्र मानिने यस

अवस्थामा आमाको शारीरिक अवस्था पनि कमजोर र सम्वेदनशील रहने हुँदा घरायसी तथा वाह्य काम गर्नु पर्दैन, आराम विश्राम हुन्छ । तथापी प्रसुतीबाट निकै नाजुक र कमजोर भएकी वच्चाको आमालाई तागत वढाउने खानेकुरा एकप्रकारको जंगली वनस्पति (स्याङजाङपोङमे) पाखनवेदको जरा सुकाएर ओखलमा कुटेर जातोमा पिनेर वनाएको पिठो, घ्यू, मह तथा रोटीमा मिसाएर खुवाउँछन् । वच्चाको साथमा प्रसस्त आराम गराउँछन् । घरका सासुआमा तथा आमाजुले आमा तथा वच्चलाई तेल मालिस गरिदिन्छन् तर न्वारान नभई छुन नहुने हुँदा यो प्रसुती वाराना अवधिभर आमा स्वयंले वच्चालाई तेल मालिस गर्छिन् ।

अचेल प्रसुती महिलालाई स्याङजाङपोङमीको पिठो वनाउने, खुवाउने चलन विरलै पाइन्छ । तर घ्यू र महको सवालमा यहाँका अधिकांश परिवारले गाई तथा भैंसी पालन गरेको तथा धेरैको घरमा माहुरीको परम्परागत घार वढीमा २ वटासम्म राखेको पाइयो ।

यस जातिमा वच्चा जन्मिएपछि वच्चाको आमाको माइतीलाई जानकारी दिन जानुपर्छ यस प्रयोजनका निमित्त परिवारका कुनै सदस्य वा आफन्त जनलाई परिवारको हैसियत अनुसार एक कुलिन  रक्सी र कुखुरा भाले साथै पठाउनुपर्छ ।

प्रसुती अवधिभित्र आमा र वच्चा विरामी परेमा धामीझाँक्रीले टाढैबाट झारफुक गर्दछन् । जडिवुटी खुवाउँछन्  । भूतपिसाच मन्साउँछन् । आफ्नो कूल देवता तथा आराध्यदेवी (उक्छिमिङ) देवीसँग स्वास्थ्य लाभको लागि प्रार्थना पूजा गर्दछन् । तै पनि आमा वच्चालाई सन्चो नभएमा अचेल अस्पताल पनि लाने गर्दछन् ।

यस जातिमा कुनै महिलाले जुम्ल्याहा वच्चा जन्माइन भने पूर्व जन्ममा यिनीहरूवीच निकट सम्वन्ध रहेको विश्वास गर्दछन् । यसरी जुम्ल्याहा वच्चा जन्मनुको पृष्ठभूमिमा गर्भवती महिलाले जुम्ल्याहा आँप, केरा, जुनार आदि फलफुल खाएको विश्वास गर्दछन् वच्चा जन्मेको पाँचौं दिनमा न्वारन गर्ने तथा वच्चाको आमा चोखिने अर्थात् अशुद्धबाट शुद्ध पवित्र हुने विधि न्वारन संस्कार सम्पन्न गर्दछन् ।

## न्वारान

नवजात शिशुलाई सम्वोधन गर्ने नाम दिनु नामाकरण गर्नु नै न्वारान हो । यो विशेष विधिविधानका आधारमा सम्पन्न गर्दछन् । जसलाई धर्मशास्त्र तथा धार्मिक मूल्यमान्यताले निर्देशित गरेको हुन्छ । किराँत धर्मावलम्वी सुनुवार जनजातिको नवजात शिशुको न्वरान संस्कार पनि आफ्नै धार्मिक परम्परागत मूल्यमान्यताबाट

सञ्चालित छ । वच्चा जन्मेको ५ दिनमा वच्चाको न्वारान विधि सम्पन्न गर्दछन् । वच्चा र आमा अशुद्ध अवस्थाबाट शुद्ध पवित्र हुने दिन पनि यही हो । न्वारान हुने दिन अर्थात् ५ औं दिनको विहानै घर लिपपोत गर्दछन् । वच्चाको आमा धारा पधेरोमा जान्छिन् । हरियो दुर्वोको ७ वटा मुनाहरू टिपेर शिशु छोरा भए सो दुवोको मुना र साथमा सादा अक्षता पधेंरोमा धारा भए धारामा पानी झरेको तर्फ सो दुवोको मुना पारेर ढुंगाले थिचेर राख्दछन् । कुवा भए पानीको मुहानमा पानी बगेतर्फ मुना पर्ने गरी राख्दछन्, भने छोरी भए धारामा दुवोको मुना पानी आएतर्फ र कुवामा पानीको मुहानबाट पानी वगेर आएतर्फ पारी राख्दछन् । यसरी राखिएको दुवोको मुनाबाट झरेको पानीमा वच्चाको आमाले नुहाईधुवाई साफसफाई गरी घर फर्किन्छिन् । उता घरमा पनि शिशुलाई सासु वा छोरी चेलीले नुहाइधुवाई गरिदिन्छन् । पधेंरोबाट नुहाएर आएकी आमाले वच्चालाई लिएर घर बाहिर वस्छिन् । परिवारमा कूलकाके मुख्य मानिसले घरको मूलढोकामा न्वारान विधि प्रारम्भ गर्दछन् । न्वारानका लागि केराको पात, टटलाको फूल, अवीर, अक्षेता, धुप, धनुषवाण तथा बच्चा छोरा भए कुखुराको पोथी र छोरी भए भाले समेतका सामानहरू तयार पार्दछन् । न्वारानकर्ताले मूल ढोका भित्र वसेर मूल ढोकामा केराको पात ओछ्याउँदछन् । बच्चा लिएकी आमालाई ढोका नजिकै बाहिर उभ्याइन्छ । पूजारीले केराको पातमा धुप, अवीर तथा टटलाको फूल राख्छन् । आफ्नो पुर्वजले दिएर गएको पवित्र वचनहरू उच्चारण गर्दै बच्चाको दायाँवायाँ कुम तथा शीरमा राखी फूलपाती राखी पुजिन्छ । धनुष बाणले बच्चाको नाक, कान, आँखा, शीर तथा शरीरका अन्य भागमा सुस्तरी हान्दछन् । यसबाट बच्चा शक्तिशाली निडर तथा निशानेवाज सिकारी हुन्छ भनी विश्वास गर्दछन् । यसपछि पूजारीले मूलढोका संघारमा ओछ्याइएको केराको पातमा रगत झर्ने गरी कुखुरा पूजा गर्दछन् र केराको पातमा झरेको रगतमा वच्चाको आमाले दाँया खुट्टाको औंलाले टेकेर बच्चा सहित मूल ढोकाबाट घरभित्र पस्छिन् । यही समयमा छोरी चेलीले जौ तिल, सुनपानी, दुवो र तितेपातीको मुनाले बच्चाको आमालाई छर्की दिन्छन् । प्रसुती वारेको घरभित्र तथा बाहिर छर्किन्छन् । यसरी प्रसुती चोखिने गर्दछन् । प्रसुती चोखिएर शुद्ध पवित्र भएको अवसरमा चेलीवेटीलाई घरको मुख्य मानिसले टीका लगाई दक्षिणा दिनुपर्छ । बच्चाको आमाबाबु वा बाजेबजुलाई सपनामा दिएको नामले बच्चाको नामाकरण गर्दछन् । त्यसै गरी वच्चाको अनुहार र आकृति हेरेर वच्चाको वाजेवजु तथा बाबुको मनमा जे उब्जिन्छ त्यही नामले वच्चालाई सम्वोधन गर्दछन् । अचेल हिन्दू सँस्कृतिको प्रभावले गर्दा वाहुनलाई हेराएर पनि बच्चाको नामाकरण गर्ने चलन प्रारम्भ भएको पाइन्छ । नामाकरणको प्रसँगमा यस जातिको कुनै परिवारमा बच्चा जन्मदै मर्दै गरेमा पुनः जन्मेका बच्चाको नाम अछुत भनिने जातिय शब्दबाट नाम राख्ने गर्दछन् । जसले वच्चा

माथि मृत्युको आँखा लाग्दैन र बच्चा मर्दैन भन्ने विश्वास गर्दछन् । यही न्वारनको दिन आमाले बच्चाको कम्मर, हात तथा खुट्टामा निलो रंगको धागो बाँधिदिन्छिन्, ताकी भूतपिचासले बच्चालाई नसताओस् । यसै दिन बच्चाको आमा वा अनुभवी महिलाले बच्चाको (छोरी) कान छेडी दिन्छन् । बच्चालाई आमाको पुरानो फरियाको भोटो टोपी सिलाई लगाईदिन्छन् । नयाँ लुगा भात खुवाई अघि लगाई दिनुहुँदैन । वच्चा जन्मेको छैटौं दिन वेलुकीदेखि ७ औं दिन विहानसम्म दियो जलाएर राख्दछन् । दियोको उज्यालो वच्चाको शरीरमा पर्नुपर्छ । दियो रातभरी वलिरहनु पर्छ निभ्नु हुँदैन निभे अशुभ मान्दछन् । सो रात भावीले बच्चाको निधारमा भाग्य लेखी दिन्छन् भन्ने विश्वास रहेको पाइन्छ ।

यस जातिमा अध्यावधि धेरै सन्तान जन्माउने गरेको भेटिन्छ । शिक्षा, सचेतना तथा सानो परिवार थोरै सन्तानको आधुनिक अवधारणाले यस समुदायमा उचित प्रभाव पार्न सकेको देखिएन । ५/७ जना बालबालिका अधिकांश परिवारमा छन् । बच्चाको जन्मान्तर १ वर्ष देखि बढीमा २ वर्ष छ । अधिकतम् २ वर्षसम्म बच्चाले आमाको दुध खान पाउँछन् । बच्चा धेरै जन्माउनाले आमाको स्वास्थ्य र बच्चाको पालनपोषण तथा स्याहारसम्भारमा प्रत्यक्ष असर परेको देखिन्छ ।

## भात खुवाई

सुनुवार जातिमा नवजात शिशुलाई आमाको दुधको अतिरिक्त पहिलो पटक अन्य ठोस खानेकुरा खान दिनुलाई भात खुवाई अर्थात् भात खुवाई भन्दछन् । बच्चाको उमेर ६ महिना पूरा भएपछि शुभ साइतमा विशेष विधि सहित भात खुवाई सम्पन्न गर्दछन् । भात खुवाईबाटै बच्चालाई आमाको दुधसँगै नरम र सहजै पचाउन सक्ने गाई भैंसीको दुध, लिटो आदि खुवाउन्छ । सुनुवार जातिमा प्रचलित भात खुवाई संस्कारमा अपनाइने विधि हिन्दू सँस्कृतिको अन्नप्रासन भन्दा धेरै भिन्नता छैन । तथापी आफ्नै जातिय परम्परागत मूल्यमान्यता अनुसार गरिने यस भात खुवाई संस्कारले सुनुवार समुदायमा विशेष महत्व राखेको हुन्छ । नवजात शिशु ६ महिना अवधि पूरा भएपछि भात खुवाईको शुभसाइत हेरिन्छ । बच्चाको बाजेबज्यूले वा समुदायको मुख्य मानिसले राम्रो दिन बार मानिएको बुधबारलाई भात खुवाईको शुभसाइतको दिन मान्दछन् । भात खुवाईको शुभसाइत निश्चित भइसकेपछि बच्चाको मावली तथा आफन्तजनलाई निमन्त्रण गर्दछन् । भात खुवाईको दिन विहानै घरआँगन सरसफाई तथा लिपपोत गरिएको हुन्छ । घरको मुख्य मानिस तथा आमा र बच्चालाई पनि नुहाई दिनुपर्दछ । भात खुवाईका सामग्री धुप, अक्षेता, अवीर, फूल, दहीका साथै छोराको भात खुवाईमा कुखुराको पोथी र छोरीकोमा भाले कुखुरा आफ्नो आर्थिक हैसियत अनुसार पाहुना र आफन्तजन धेरै भए कुखुरा, खसी,

बंगुर, बोका, चामाल आदि सामग्री तयार गर्दछन् । घरका महिलाहरूले खानेकुरा बनाउन्छन् । घरभित्र बच्चालाई नयाँ कपडा, दौरा सुरुवाल, टोपी पहिराई नरम आसन तयार गरी शिरानीले अडेस लगाएर राख्दछन् । भात खुवाईका लागि दही र भात वा खिर बनाई काँस वा भरकाको थालमा राख्दछन् । अक्षेता र अवीर दहीमा मिसाएर टीका तयार गर्दछन् । दियो जलाइन्छ । शुभसाइतमा बच्चालाई भात खुवाई आरम्भ हुन्छ । सर्वप्रथम बच्चालाई हजुरआमाले आफ्नै भाषामा “दुवो जस्तै मौलाउनु, केरा जस्तै झाँगिनु, गौरा पर्वतझैं अडिग अटल रहनु भनेर आशिष दिँदै टीका लगाई दिन्छिन् । चाँदीको मोहरले खानेकुरा बच्चाको मुखमा लगाईदिन्छिन् । यसपछि क्रमशः बच्चाको आमा, हजुरबुबा, बुबा, बच्चाको मावली, हजुरआमा, मामा, माइजूले बच्चालाई टीका लगाई भात खुवाउँछन् । अनि क्रमशः घरपरिवारका अन्य सदस्य तथा आफन्तजन एवं आगन्तुक पाहुनाको पालो आउँछ । बच्चाको भात खुवाईमा आमन्त्रित पाहुना तथा आफन्तजनले आफ्नो गक्ष अनुसार दक्षिणा तथा उपहार बच्चाको हातमा राखी दिन्छन् । भात खुवाईको सिलसिलामा बच्चालाई आमा तथा हजुरआमाले काखमा लिन्छन् । भात खुवाई कार्य सम्पन्न भएपछि भात खुवाईमा आउने पाहुना तथा आफन्तजनलाई मासुभात, जाँड, रक्सी, दही, दुध, खुवाउन्छन् । यो दिनभरी खाने खुवाउने, भलाकुसारी गर्ने रमाइलो वातावरणमा बच्चाको भात खुवाई सम्पन्न हुन्छ ।

## छेवर

सुनुवार जातिमा छेवर एउटा महत्वपूर्ण परम्परागत जीवन सँस्कार हो । विशेष विधि सहित बच्चाको केस काटेर फाल्नुलाई छेवर भन्दछन् । यस जातिमा बच्चाको उमेर ३- ५- ७ वर्षमा छेवर गर्दछन् । छेवरमा बच्चाको मामाको महत्वपूर्ण भूमिका रहन्छ । बच्चाको आफ्नै मामा नभए मावली तर्फका नजिकका मामाको उपस्थिति अनिवार्य हुन्छ, किनकी छेवरको प्रमुख विधि बच्चाको केस काट्ने कार्य मामाले गर्नुपर्छ । त्यसैले छेवरमा बच्चाको मामालाई निमन्त्रणा गर्दछन् । शुभसाइतको दिन बुधबार विहानै बच्चालाई गाई गोठमा लगी गाईको दाम्लोले बच्चाको घाँटीमा बाँधेर बच्चालाई सेल रोटी खान दिँदै मामाले कैंचीद्वारा भान्जाको केस काटिदिन्छन् । यही बेला चेलीवेटी अर्थात् बच्चाको फुपू दिदीवहिनीले धुप, अक्षेता, अवीर राखिएको सालको पातको टपरी रुमाल माथि राखी सो टपरीमा केस थाप्छन् । काटिएको केस भुइँमा झर्न दिनुहुँदैन, अशुभ मान्दछन् । केस काटी सकेपछि आमाले बच्चालाई नुहाईदिन्छिन् । हजुरआमाले वच्चाको टाउकोमा तेल लगाइदिन्छिन् । अनि मामाले आफुले ल्याएको नयाँ दौरा सुरुवाल टोपी पहिराई दिन्छन् । दिदीवहिनीले टपरीमा राखेको केस त्यही रुमालले बाँधी वेल वा अमलाको बोटमा सेलाइ दिन्छन् ।

सुनकोशी नदी नजिकै भएकोले कोशीमा लगेर सेलाइ दिन्छन् । केस सेलाउँदा "भगवान् यो बच्चा अब ठूलो हुँदैछ यसको रक्षा गरिदिनु" भनी प्रार्थना गर्दछन् ।

घरमा भाले, बोका, बंगूर आदि काटिन्छ, सेल पकाईन्छ, जाँड, रक्सी, मासु, भात तयार गर्दछन् । आँगन वा दलानमा सुकूल ओछ्याएर मामा र फुपू दिदीवहिनीको वीचमा बच्चालाई राख्दछन्, बच्चाले फुपू दिदीवहिनीलाई परिवारका क्षमता अनुसार कपडा, दक्षिण दिनुपर्दछ । त्यसपछि सबै आफन्तजन, पाहुना बसेर मासुभात, जाँडरक्सी खाने पिउने आपसमा भलाकुसारी गर्ने गर्दछन् । यसरी सुनुवार जातिमा छेवर सँस्कार सम्पन्न हुन्छ ।

## गुन्यू चोली

सुनुवारको जातिय परिवारमा छोरीको उमेर ७ देखि ९ वर्ष पूरा भएपछि शुभसाइतमा गुन्यू चोली दिने परम्परा छ । आधुनिक पहिरन र फेसनको अधिक प्रभावले यो संस्कार अहिले प्रायः समाप्त भइसकेको पाइन्छ । छोरी चेली किशोरी अवस्थामा प्रवेश गरेको संकेत स्वरुप विशेष विधिविधानका साथ छोरीलाई गुन्यू चोली दिन्छन् । छोरी ७ वा ९ वर्ष पूरा भएपछि शुभसाइतको दिन आमाले छोरीलाई नुहाइदिन्छिन् । घरमा दमाईलाई बोलाइन्छ, गुन्यू चोलीको लागि कपडा, २ माना धान, १ माना चामल र एक कचौडा दही सामग्री तयार गरी दमाईलाई पर राखी दिन्छन्न् । दमाइले सो सामग्रीहरू सगुनको रूपमा कपडामा छर्केर कपडा सिलाउँछन् । यस अवसरमा पनि भाले कुखुरा काटिन्छ । दमाईले कपडा सिलाएर तयार भएपछि छोरीलाई घरभित्र सुकूल ओछ्याएर बसाउँन्छन् । आमा, हजूरआमाले आफ्नो छोरी चेलीले आजसम्म लगाएको दौरा, घाँगर खोलेर सो गुन्यू चोली लगाई दिन्छन् यसरी गुन्यू चोली लगाउँदा गौरा पर्वत (उत्तरतर्फ) फर्केर सुकुल माथि उभिएर लगाउनुपर्छ । कपडा लगाइञ्जेल बाहिर दमाईले शुभसाइत स्वरुप सहनाई बजाउँछन् । छोरीले गुन्यू चोली लगाई सकेपछि त्यही गुन्द्रीमा बसाएर मासु भात खान दिन्छन्न् । यो परम्परागत सँस्कार अहिलेको आधुनिक पहिरन कुर्ता सुरुवालले समाप्त भइसकेको पाइन्छ ।

## विवाह

विवाह एउटा महत्वपूर्ण सामाजिक तथा संस्कृतिक प्रक्रिया हो । विवाहले समाजलाई निरन्तरता र जीवनता प्रदान गरेको हुन्छ । "विवाह महिला र पुरुषले पारिवारिक जीवनमा प्रवेश गर्ने संस्था हो । विवाह सम्पन्न गर्दा अपनाइने वैवाहिक बिधिविधान तथा पद्धति नै विवाह संस्कार हो । हरेक समाज, समुदाय, जातजाति तथा जनजातिमा परम्परागत रूपमा अपनाउदै आएको रीतिरिवाज, आदर्श, मूल्यमान्यता

तथा नैतिकताबाट विवाह संस्कार निर्देशित हुन्छ । विवाह संस्कार हरेक समाज समुदाय जातजाति जनजातिमा फरक-फरक हुनसक्छ । यही फरकपनले उसको जातिय विशेषता तथा जातिय पहिचान दिन्छ ।

सुनुवार जातिमा विवाहलाई एउटा अनिवार्य पवित्र वन्धनको रूपमा हेरिन्छ । सन्तान परिवार तथा घर गृहस्थीका निमित्त विवाह गर्नुपर्छ भन्ने सामाजिक धारणा छ । यस जातिमा २ किसिमको विवाह पद्धति प्रचलनमा छ । (१) मागी विवाह र (२) प्रेम विवाह । जारी चोरी तथा जवरजस्ती विवाहका चलन भएको पाइदैन । विवाहिता श्रीमतीबाट सन्तान नभएमा वहुविवाह गर्ने चलन पनि छ । बिधुवा विवाह यस समुदायमा स्वीकृत छैन । तथापी सन्तान नहुँदै बिधुवा भएकी महिलाले विवाह गर्नुपर्छ भन्ने मान्यता नयाँ पुस्तामा स्थापित हुँदै गएको छ । एउटै थर गोत्र तथा नातामा विहाबारी हुँदैन । वाल विवाहको चलन उहिले भएपनि अहिले हुँदैन । १६-२० वर्ष उमेर पुगेका केटाकेटीको विवाह हुन्छ । तर २० वर्षमा चाही विवाह हुँदैन यो अशुभ उमेर मान्दछन् । विवाह विशेष गरी मंसीर, माघ, फाल्गुणमहिनामा सम्पन्न गर्दछन् । श्रावण, कार्तिक, पौष र चैत्र महिनामा विवाहबारी गर्नुहुँदैन । विवाहको शुभसाईत हेर्न विवाहको दिन निश्चित गरी हुनेवाला बरबधुको नाममा भातीको जाँड राख्दछन् । यसरी राखेको जाँडको मीठो, नमीठो स्वादले विवाहको शुभसाईतको संकेत गर्ने विश्वास गर्दछन् । मंसीर महिनाको केटो र असार महिनाकी केटीको विवाहको निमित्त तिथि, मिति, राशी, ग्रह, नक्षत्र हेरिरहनु नपर्ने मान्यता छ । अचेल विवाहको साईत जुराउन उक्छिङमिङ देवीको पूजारी (फोचो) र वाहुनलाई पनि हेराउने गरेको पाइन्छ । अध्ययन क्षेत्रमा सामान्यत मागी विवाह नै प्रचलनमा छ । प्रेम विवाहको स्थिति न्यून देखिन्छ ।

## मागी विवाह

विवाहका निमित्त उमेर पुगेको केटाको आमाबाबु तथा केटीको आमाबाबुको विच लमीको माध्यमबाट भएको सम्वन्ध र संझौता वमोजिम बैवाहिक रीतिरीवाजका आधारमा सम्पन्न गरीने विवाहालाई मागी विवाह ९ब्चचबलनभ :बचचष्बनभ० भन्दछन् । मागी विवाहमा विवाहका दुई प्रमुख पक्ष केटा र केटीको मन्जुरी तथा स्वीकृति छ, छैन भन्ने विषयलाई महत्व  दिइदैन । केटाकेटीको आमाबाबुको सहमति र निर्णय नै अन्तिम र स्वीकार्य हुने मान्दछन् । सुनुवार जातिमा मागि विवाहका निमित्त सर्वप्रथम केटी माग्ने जाने चलन छ । केटी माग्ने प्रयोजनका लागि केटाको तर्फबाट केटी माग्न जानुभन्दा अगाडि केटी दिने नदिने सम्वन्धमा केटीको आमाबाबुको मनशाय वुझ्न लमीको माध्यमबाट अनौपचारीक रूपमा केटीको आमाबाबु समक्ष कुरा राख्दछन् । यसरी कुरा राख्दा यदि केटीका आमाबाबुले

गुलीयो वचन दिएमा आर्थात केटीका आमाबाबुले केटी दिने मनशाय अभिव्यक्त गरेमा सो कुरा लमीले केटा पक्षका आमाबाबुलाई जानकारी गराउँछन् यसरी केटाकेटीको कुरा मिलाउने लमी केटाको आफ्नै मामा सो नभए नजिकको मामा हुन्छन् ।

केटी पक्षको अभिभावकबाट गुलियो वचन आएपछि केटी मगनीको प्रथम अनौपचारीक विधि प्रारम्भ हुन्छ । यस प्रयोजनका निमित्त सगुन स्वरुप एक कूलीन मीठो रक्सी तयार गर्दछन । केटाको दाजु काका वा बडावा लगाएत घटीमा २ जना सम्म अनुभवी व्यक्तिहरूलाई सगुनको प्रतिक सो ेएक कूलीन रक्सी लिएर केटी माग्न पठाउन्छन् । केटी माग्न गएका मानिसहरू सिधै केटीको घरमा नगई गाउँमा आफन्त नातेदारको घरमा जान्छन् र लमीलाई भेट्छन् । लमी केटा तथा केटी दुवै पक्षको सम्पर्कमा रहेको हुन्छ । केटा पक्षको मानिस सगुन लिएर आइसकेपछि लमीले केटा तथा केटी दुवै पक्षका अभिभावकहरूको वीचमा कुरा गर्ने अनुकूल समय मिलाई केटा  पक्षका मानिसलाई केटी पक्षको घरमा पुऱ्याउछन् । केटाकेटी दुवै पक्षका अभिभावकहरू केटीको घरमा भेला भइसकेपछि औपचारिक रूपमा मूल विषयवस्तुमा प्रवेश गर्नु अघि अनौपचारिक रूपमा सौहार्द्रपूर्ण ढंगले चिनजानी तथा भलाकुसारी हुन्छ । भलाकुसारीकै सिलसिलामा केटी पक्षका अभिभावकले प्रसङ्गवस मूल  विषयमा प्रवेश गर्दै आफ्नै भाषामा “हजुरहरू हाम्रो यो झोपडीमा आउने कष्ट किन गर्नु भयो होला” भनेर सोधनी गर्दछन् । प्रतिउत्तरमा केटा पक्षका मानिसले पनि आफ्नै भाषामा “हजुरको वगैचामा एउटा सुन्दर फुल फुलेको रहेछ त्यही फुललाई देखेर हामी यहाँसम्म आउन सफल भएको हौ” भन्ने गर्दछन् । यसरी औपचारीक रूपमा विवाहको विषयवस्तुमा प्रवेश गरीसकेपछि केटीपक्षको अभिभावकबाट केटापक्षको घर, परिबारीक स्थितिका बारेमा जानकारी लिने, केटा पक्ष र केटी पक्षको थर, गोत्र, नाता सम्वन्ध केलाउनेगर्दछन् । यसरी केटा पक्षको सम्पूर्ण कुराबाट केटीपक्षको चित वुझेमा, खुसी भएमा केटी पक्षको अभिभावकबाट यतिको घरमा हाम्री छोरी चेली दिनु हुन्छ भन्ने मनशाय अभिव्यक्त भएमा सोही मौकामा केटा पक्षले ल्याएको सगुनको प्रतिक एक कुलिन रक्सी केटीपक्षको अभिभावक तर्फ वढाउनुपर्छ । सगुन भुइँमा राख्नु हुदैन हातहातै हस्तान्तरण गर्नुपर्छ । केटीका अभिभावकले सगुन स्वीकार गर्नु अघि केटीलाई पनि केटा मन पऱ्यो परेन भनि  सोधनी गर्दछन् । तर अभिभावकहरूको सामु लाज र डरको कारण केटीले केही नवोले पनि मौन सहमति जनाएको मानेर सो सगुन केटीको आमाबाबु मामा वा दाजुले हातमा  लिन्छन् । यसरी सगुन हातमा लिएपछि केटी पक्षका अभिभावक तथा मावलीले सगुन खान्छन् । यही अवसरमा विवाह कहिले गर्ने कसरी गर्ने भन्ने विषयमा आपसी सल्लाह र सहमति हुन्छ ।  विहेको उपयुक्त तिथि, मिति, वार, महिना निश्चित गर्ने र विवाहमा बधुलाई के कस्ता गहना कपडा माग गर्ने नगर्ने के

कति रित खाने नखाने भन्ने विषयहरू यही समयमा निश्चित गर्दछन् । बधुको निमित्त के कस्ता गहना कपडा माग गर्ने के कति रित खाने भन्ने सम्वन्धमा सम्पूर्ण अधिकार केटी पक्षमा निहित हुन्छ । केटी पक्षको माग अनुसार नै केटापक्षले रित वुझाउनुपर्छ । तर अचेल सामाजिक सचेतनाको अधिववृद्धि हुदै गएर विवाहमा के कति गहना माग गर्ने रित  खाने भन्ने विषयमा दुवैपक्षको आर्थिक हैसियतका आधारमा आपसी सहमतिबाट निर्धारण गर्दछन् । केटीको मगनी कार्य सम्पनन भए देखि केटा पक्षबाट विवाहको जन्ती केटी पक्षको घरमा प्रस्थान गर्ने दिन सम्म यही सहमति अनुसार एक पटक वा पटक पटक रित वुझाउनु पर्छ । यसलाई पोङ्ग भन्दछन् । यस जातिको मागी विवाहमा यसरी केटी माग्ने विधि सम्पन्न भएपछि आफ्नै जातिय परम्परागत बैवाहिक विधि विधान तथा रीतिरीवाज अनुसार विवाह सम्पन्न हुन्छ ।

## प्रेम विवाह

उमेर पुगेका वालिग केटाकेटी वा यूवायूवतीमा परस्परमा सिर्जित आकर्षण र प्रेमपिरतीको आधारमा स्वेच्छीक सहमती र मञ्जुरीले गरिने विवाहलाई प्रेम विवाह भन्दछन् । प्रेम विवाहमा केटाकेटीको आमाबाबुको इन्कारीको कुनै औचित्य रहदैन । केटाकेटी बीचको सहमति र प्रेमपिरती नै सर्वपरी हुन्छ । अध्ययन क्षेत्रका सुनुवार जातिमा अधिकांशत मागी विवाह नै हुन्छ । यद्यपी शिक्षा, सचेतना, सञ्चार, आधुनिकताको प्रभाव समेतले नयाँ पुस्तामा प्रेम विवाह प्रतिको आकर्षण वढदै गएको पाईन्छ । नयाँ पुस्तामा भेटिने यो प्रेम विवाह स्वजातिय तथा अन्तरजातिय दुवै किसिमका छन् । यस जातिको प्रेम विवाहमा केटाकेटी दुवै परस्परमा मन पराएर स्वेच्छिक सहमति भई २/४ दिन भागेर अन्यत्र आफन्त कहाँ गएर वस्छन् वा सोझै केटाको घरमा जान्छन् । यसरी केटाको घरमा केटाकेटी आइपुगेपछि केटा पक्षका मानिसले केटीको माइतीमा गएर "तपाईकी चेली हाम्रो साथ संरक्षणमा छिन्" भनेर विनम्र शैलीमा जानकारी गराउछन् । केटाकेटीको रीतपूर्वक विवाह गराउन अनुरोध पनिगर्दछन् । तर आफ्नो छोरी चेली भागेर गएकीले दुखित भएका आमा बाबुले सहजै स्विकार गर्दैनन् यद्यपी परिवारका वुढापुराना वाजेवजु आफन्तजन एवं छरछिमेकी हरूले समेत केटीको आमाबाबुलाई  सम्झाईवुझाई गरिसकेपछि चित्त वुझाएर सहमति जनाउँछन् । यसका अलावा केटीका बाबुआमालाई आफ्नी छोरीको रोजाईमा चित्त वुझेमा रीतपूर्वक विवाह गरिदिन केटा पक्षलाई समाचार पठाउछन् भने केटाकेटीको प्रेमपिरतीका वारेमा केटाकेटीको आमाबाबुले अग्रिम जानकारी पाई थरगोत्र साईनो सम्वन्धले विवाह गर्न हुने देखिएमा त्यस्ता केटाकेटीको वैवाहिक रीतिरिवाज अनुसार नै विवाह गरिदिने चलन छ ।

## मृत्यु संस्कार

मानिसले जन्म लिएपछि एक पटक मर्नुपर्छ । मानिस मरेपछि आफ्नो राम्रो नराम्रो कर्मअनुसार स्वर्ग वा नर्कमा जान्छ । मानिस मरेपछि विभिन्न जुनीमा जन्म लिँदै अन्तमा पुनः मानिस भएर जन्मन्छ । जन्मनु मर्नु भगवान्‌को इच्छा हो यो प्रकृतिको नियम हो, भने मृत्यु सम्बन्धी यस जातिको परम्परागत मान्यता र विश्वास छ । किराँत धर्मावलम्वी सुनुवार जातिको मृत्यु सँस्कारमा अपनाइने रीतिथिति, विधिविधान, परम्परागत धारणा र विश्वासमा आधारित छ ।

सुनुवार जातिको परिवारमा कुनै मानिसको मृत्यु भएपछि मृतकको लासलाई घरको दलान या आँगनमा कपडाले छोपेर लासको छेउमा अगरवत्ति धुप, साल धुप बालेर राख्छन् । परिवारका केही मानिस गाउँमा छरछिमेकीलाई बोलाउँन जान्छन् । कोही लास बाध्ने कात्रोको कपडा किन्न बजार जान्छन् । गाउँ छरछिमेकीबाट मलामी जाने मानिस जम्मा भेला भएपछि लासलाई (अनुहारमात्र) नुहाइधुवाई निधारमा रातो टीका लगाइदिन्छन् । यसरी टीका लगाउनाले स्वर्गमा रहेका दौतरीले मृतकलाई सजिलै चिन्छन् । र अलपत्र पर्दैनन् भने विश्वास छ । लासलाई कात्रोको कपडामा बेरेर तयार गरिएको बासको खठ्मा राखी मृतकको छोराहरू भएमा छोराहरूले छोरा नभए आफन्तले लास उठाएर सगरमा लान्छन् । लास उठाएपछि घरका महिलाले घरभित्रबाट बाहिरसम्म गाईको गोबरले भूई लिप्छन् । मलामीहरूले लासलाई मृतकको आफ्नै बारीको छेउमा लगेर राख्छन् । अर्काको जमीनमा राख्नुपर्ने भएमा २/४ दाम पैसा सो जमीनमा राखी जमिन किनेर मात्र लास राख्छन् । लासलाई जलाउदैनन् । लास राख्ने जमीनमा पाँच फिटसम्म गहिरो र फराकिलो खाड्ल खनी खाड्लको सतहमा ठूलो पातलो चप्लेटी ढुंगा विच्छयाएर वरिपरि भित्तामा ढुंगाको गाह्रो लगाएर लास राख्ने चिहानघर बनाउँछन् । त्यसपछि लासको शरीरमा भएका सबै कपडा र गहना उतारेर लासलाई चिहानघर (खाल्डो) मा पलेटी मारेर उत्तरतर्फ फर्काएर बसाई एक माना चामल रुमालमा पोका पारी लासको काखमा तथा एक चिन्डो जाँड र एक चिन्डो पानी लासको अगाडि भूईमा राखिदिन्छन् । काजक्रिया नसकिएसम्म मृतकको आत्माले भोकभोकै बस्न नपरोस् भनेर चिहानमा यसरी खानेकुरा राखिदिने गर्दछन् । लासलाई चिहानमा राखिसकेपछि चिहान भित्र माटो धुलो केही झर्न पस्न नसक्ने गरी ठूलो चप्लेटी ढुंगाले चिहान घर ढाकिदिन्छन् । सो ढुंगा माथि सबै मलामीहरुले अञ्जुलीबाट माटो राखी दिई मृतकप्रति अन्तिम श्रद्धाञ्जलि दिन्छन् मृतकले प्रयोग गर्ने सम्पूर्ण सामाग्रीहरू उसकै चिहानमाथि राखिदिन्छन् । अचेल यस जातिको नयाँ पुस्तामा मृतकको चिहान बनाएर नराखी लास जलाउने गरेको पनि पाइन्छ ।

यसरी मृतकको लास दाहसंस्कार गरी सकेपछि मलामीहरू धारा पधेरामा गएर नुहाउँधुवाईगर्दछन् । काजक्रिया गर्ने मृतकका छोराहरूले पनि पधेँरामा गएर आफ्ना मामा वा भान्जाबाट कपाल फाल्छन र नुहाइधुवाइ गरी सेतो कपडा फेर्छन सो नहुनेले आफूले लगाई राखेको कपडालाई उल्टो पारेर लगाउछन् । सगरबाट मलामी घर फर्कदा बाटोमा बयर र ऐँसेलुको काडाले बाटो छोकेर घ्यूको धुप हाल्छन् यसो गर्नाले मृतकको प्रेतात्मा सो बार नाघेर आउन सक्दैन भन्ने विश्वास छ । मलामी सहित क्रियापुत्री घर आइपुगेपछि मृतकको काजकृया विधि सम्पन्न गर्छन् ।

## ४.२.९ भाषा

भाषा अभिव्यक्तिको साधन हो । भाषा सञ्चारको माध्यम हो । भाषाको माध्यमबाट नै मानिसले आफ्नो विचार भावनाहरू अन्य व्यक्तिको सामु अभिव्यक्त गर्दछ र अरुको विचार भावनालाई पनि ग्रहण गर्दछ । मानिसको विचार विनियमको प्रमुख माध्यम नै भाषा हो । नेपालको अल्पसंख्यक आदिवासी सुनुवार जनजातिको आफ्नै मातृभाषा सुनुवार भाषा छ । सुनुवार भाषा चिनियाँ तिव्वतीयन परिवारको भोट वर्मेली शाखाको भाषा हो । भोट वर्मेलीको वोर्डिक अन्तर्गत पूर्वी हिमालयन समूहमा यस भाषालाई राखिएको छ । (प्रो.डा.राई २००४)

सुनुवार भाषाको लिपि छैन । त्यसैले लिखित दस्तावेजको रूपमा सुनुवार भाषा पाइदैन । सुनुवार जातिको जनसंख्या २८९५४ भए पनि यो भाषाको वक्ता थोरै छन् । अध्ययन क्षेत्रमा अहिले सुनुवार भाषा पुरानो पुस्तामा सीमित हुँदै गएको छ । घर परिवारमा समूदायमा आफन्तजनमा तथा पर्व उत्सवहरूमा विशेष गरी यस जातिको पुराना पुस्ताका मानिसले सुनुवार भाषा प्रयोग गर्दछन् । परिवारमा समुदायमा बुढा पुराना मानिसको जमघट र भलाकुसारीमा सुनुवार भाषा प्रयोगमा आउँछ, सुन्न पाइन्छ । यही अवसरको सदुपयोग गरेर नयाँ पुस्ताका बालबालिका र किशोर किशोरीहरूले सुनुवार भाषा सामान्यत बुभ्दछन् अर्थात् आफ्ना बाजेबजु आमाबाबुले बोलेका कुरा बुभ्दछन् तर बोली व्यवहारमा प्रयोग गर्न सक्दैनन्, जान्दैनन् किनकी परिवारमा उनीहरूलाई आफ्नो मातृभाषामा व्यवहार गर्दैनन् । भाषा सिकाउँदैनन् । तथापी आफ्ना बालबालिकसँग अभिभावकहरूले नेपाली (खस) भाषामा नै व्यवहार गर्दछन् । बोलीचालीको माध्यम भाषा नेपाली खस भाषा नै भएका छ । सुनुवार भाषा बोल्दा समुदायका अन्य जातजातिका मानिसले अनौठो मान्छन्, गिज्याउँछन् भन्दछन् तथापी सुनुवार जातिको पहिचान हो । त्यसैले नयाँ पुस्तामा सुनुवार भाषा हस्तान्तरण नगर्नु पुराना पुस्ताले नयाँ पुस्ता माथि गरेको अन्याय हो भने नयाँ पुस्ताले आफ्नो मातृभाषालाई नजर अन्दाज गरेर नेपाली (खस)

भाषाको प्रयोग गर्नु सुनुवार भाषा प्रतिको अन्याय हो । आफ्नो पहिचान गुमाउनु हो । पहिचान गुमाउनु भनेको आफ्नो अस्तित्व गुमाउनु हो ।

नेपालको राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदनले सुनुवार जनसंख्या २८९५४ देखाएको छ । जसमध्ये १७४३ जनसंख्याले सुनुवार भाषा बोल्न सक्ने तथ्याङ्क प्रस्तुत गरिएको छ । (तथ्याङ्क विभाग २०६८) जुन भाषिक दृष्टिले सकारात्मक पक्ष हो तर सुनुवार जातिको पूर्खौली वस्तीको रूपमा परिचित अध्ययन क्षेत्रको भाषिक प्रयोगको स्थितिलाई विश्लेषण गर्दा सो तथ्याङ्कको वास्तविकता र विश्वासनीयतालाई सहजै स्वीकार गर्न सकिने अवस्था छैन । अध्ययन क्षेत्रका सुनुवार जातिका मानिसहरूमा आफ्नो मातृभाषा (सुनुवार भाषा) प्रयोग गर्ने जनसंख्या ३.९ प्रतिशत, आफ्नो अभिभावक तथा अरुले सुनुवार भाषा वोलेको वुभ्mने तर वोली व्यवहारमा प्रयोग गर्न नसक्ने जनसंख्या ३१.९ प्रतिशत र आफ्नो मातृभाषा (सुनुवारभाषा) नवुभ्mने नजान्ने जनसंख्या ६४.२ प्रतिशत रहेको छ । सुनुवार भाषा वोल्ने जनसंख्या भित्र अधिकांश वुढापुराना पुस्ताका मानिसहरू पर्छन्, भने सुनुवार भाषा वुभ्mने तर व्यवहार गर्न नजान्ने जनसंख्यामा यूवायूवती तथा किशोरकिशोरीको वाहुल्यता पाइन्छ र सुनुवार भाषा नवुभ्mने जनसंख्या अन्तर्गत बालबालिका तथा किशोरकिशोरीको ठूलो जमात छन् । तथ्याङ्गबाट नयाँ पुस्तामा सुनुवार भाषाको स्थिति धेरै कमजोर र निरासजनक देखिन्छ ।

यस तथ्याङ्कबाट अध्ययन क्षेत्र सुनुवार जातिको आदिम वासस्थान सुनुवार जातिय मौलिक परम्परा, रीतिरिवाज, रहनसहन, धार्मिक तथा साँस्कृतिक, मूल्यमान्यता तथा आदर्शलाई अनुसरण गर्दै आएको यस जातिको पूर्खौली वस्ती हो, जहाँ सुनुवार भाषाको स्थिति सन्तोषजनक छैन । यही स्थितिले निरन्तरता पाइरहेमा सुनुवार भाषाको भविष्य अँध्यारो देखिन्छ । यो पूर्खौली वस्तीमा सुनुवार भाषा यस्तो सम्वेदनशील स्थितिमा छ भने अपवादलाई छाडेर अन्यत्रको स्थिति सहजै अनुमान गर्न सकिन्छ । सुनुवार भाषाको लिपिको अभावमा कतिपय भाषिक शब्दहरू बोली व्यवहारबाट विलीन भइसकेका छन्, हुँदैछन् भने विशेषत पुराना पुस्तामा सीमित यो भाषा पुराना पुस्ता सँगसँगै समाप्त भएर जान सक्ने सम्भावनालाई सहजै इन्कार गर्न सकिदैन ।

## ४.२.१० धर्म

धर्म, आध्यात्मिक, शक्ति माथिको आस्था र विश्वास हो । धर्मले मानिसको आचरण र व्यवहारलाई नियन्त्रण नियमन तथा मार्ग निर्देशन गर्दछ । धर्म सत्य हो, नैतिकता, सदगुण र सदाचारको प्रतिक हो । धर्मले मानिसलाई मर्यादित संयमित र अनुशासित

जीवन जीउन प्रेरणा उर्जा प्रदान गर्दछ । हरेक समाजमा धर्मप्रतिको सामाजिक साँस्कृतिक मान्यता र वुझाई फरक-फरक हुन्छ । विभिन्न समाजमा धर्म तथा धार्मिक मान्यताको स्थापना समाज र संस्कृतिको संरचनाअनुसार फरक-फरक हुन्छ । मानिसको धार्मिक आचरण व्यवहार तथा क्रियाकलापहरू उसको आफ्नै धर्मले निर्दिष्ट गरेको हुन्छ । यद्यपी सबै धर्मको अन्तिम उद्देश्य शान्ति, अहिंसा, सदाचार, परोपकार, सेवा र मोक्षसँग सम्वन्धित छ । जसमा समुदायका सदस्यहरू अनुरागी, अनुयायी र अन्योन्याश्रित हुन्छन् । (दाहाल २०६०)

हरेक समुदायको भौगोलिक स्थिति पर्यावरण, सामाजिक तथा साँस्कृतिक संरचना अनुसार नै धर्म र धार्मिक मान्यताको स्थापना भएको हुन्छ । नेपालको अल्पसंख्यक आदिवासी जनजाति सुनुवार समुदायले पनि आफ्नै धर्म र धार्मिक मान्यताको स्थापना अनुसरण र अवलम्वन गर्दै आएका छन् । भौगोलिक अवस्थिति (ओल्लो किराँत क्षेत्र) शारीरिक वनोट, भाषिक सम्वन्ध, मौखिक परम्परा (मुन्धुम) मा आधारित धार्मिक परम्परा आदि आधारमा अध्ययनक्षेत्रका सुनुवार जनजाति किराँती हुन्, किराँत वंशीय आदिवासी हुन् । किराँत धर्मावलीम्वी हुन । सुनुवार जातिका मानिसको जन्म, मृत्यु तथा विवाहमा अपनाइने धार्मिक जीवन संस्कारहरू मौखिक परम्परामा आधारित छन् । यिनीहरू आफ्नो पैतृक आत्माका साथै भूमि, आकास, वन, वनस्पति, नदि आदि प्राकृतिक शक्तिको पूजा आराधानागर्दछन् । वैशाख पूर्णिमामा भूमे पूजा, चण्डी पूजा, भीमसेन पूरा, शिकारी पूजा, वन पूजा मंसीर पूर्णिमामा अन्न पूजा, कूल पूजा, पितृ पूजा, नुवाङ्गी आदि यस जातिको परम्परागत धार्मिक पर्वउत्सव हुन् । यस्ता धार्मिक पर्वउत्सवहरूमा धार्मिक अनुष्ठानहरू सम्पन्न गर्नका निमित्त अदुवा, अक्षता, केराको पात, चोखो जाँड रक्सी आदि पवित्र धार्मिक वस्तु (Sacred Religious Objects) को रूपमा प्रयोग गर्दछन्, भने कुखुरा, वोका, सुँगुर, राँगा आदि जनवार पन्छीको भोग वली चढाउँछन् । अध्ययन क्षेत्र नजिकै रहेको पालीगाउँस्थित उक्छिङमिङ देवी यस जातिका आराध्यदेवी हुन् । हरेक वर्षको माघ वा फाल्गुण पूर्णिमाबाट ९ दिनसम्म विशेष शुद्धता र पवित्रताका नियम पालन गरी धुमधामसँग देवीको पूजा आराधना गर्दछन् । यसका अतिरिक्त धामीझाँक्री तथा भूतपिसाचमा पनि यस जातिको मानिसहरूको गहिरो धार्मिक अन्धविश्वास छ । यिनीहरू आफ्ना आफन्तहरूको मृत शरीर नजलाएर जमिनमा चिहान वनाएर सम्मान र सुरक्षित रूपमा समाधीस्थ गर्दछन् । आफ्नै परम्परागत धार्मिक विधिविधानअनुसार अन्त्यष्टी गर्दछन् ।

यसरी अध्ययन क्षेत्रका सुनुवार समुदाय किराँत धर्म मान्दछन् । किराँत धर्मावलम्वी हुन् । यद्यपी यस समुदायको मध्यभागमा हिन्दू धर्मावलम्वीहरूको उपस्थितिले

गम्भीर प्रभाव पारेको देखिन्छ । यो प्रभाव विशेषत वर्तमान नयाँ पुस्तामा देखिन्छ । किराँत धर्मावलम्वी सुनुवार जातिका मानिसहरूले तीज, दशैं, तिहार, होली आदि हिन्दू पर्वहरू मनाउने गरेको पाइन्छ । विवाह तथा जन्म संस्कारमा साइत हेर्ने, नामाकरण गर्ने, वाहुनको प्रयोग हुन थालेको पाइन्छ ।

यथापी सुनुवार जातिको चण्डी पूजा, वन पूजा, भीमसेन पूजा जस्ता धार्मिक पर्वहरू यस क्षेत्रका हिन्दू धर्मावलम्वीहरूले पनि अत्यन्त श्रद्धा भक्तिका साथ मान्ने मनाउने गरेको परम्परालाई हेर्दा यस स्थितिलाई हिन्दू धर्म संस्कृतिकरण र किराँत संस्कृतिकरणको रूपमा विश्लेषण गर्नुभन्दा दुवै धर्मावलम्वीहरूको धार्मिक सहिष्णुताको प्रतिक मान्नु पर्ने हुन्छ, तर अध्ययन क्षेत्रका किराँत धर्मावलम्वी सुनुवार जातिमा धार्मिक सहिष्णुताको अपेक्षा धर्म रुपान्तरणको स्थिति अधिक देखिएको छ, जुन धार्मिक दृष्टिले सम्वेदनशील विषय हो ।

## ४.२.११ चाडपर्व तथा पूजाआजा

पर्व उत्सवहरू धार्मिक तथा आत्यात्मीक अनुष्ठानका माध्यम हुन् । मनोरञ्जन तथा आमोद प्रमोदका साधन हुन् । मानिसहरु सहज दैनिक जीवनयापनका सिलसिलामा विभिन्न पेशा र व्यवसाय अंगालेर हजारौं परिश्रम र संघर्षहरूमा व्यस्त रहनाले आजीत भईरहेका हुन्छन् । हैरानी र थकान महसुश गरिरहेका हुन्छन् । यही दैरानमा विभिन्न किसिमका पर्व उत्सवहरू समयको गतिसँगै मानिसको घर आगनमा झुल्किन आइपुग्छन् । जीवनको सारा व्यस्तता हैरानी र थकानलाई पन्साएर भुलेर मानिसहरू घरपरिवार, समाज, समुदायमा भेला जमघट भएर वातावरणलाई हर्ष उमङ्ग उल्लासमय बनाउँदै आफ्नो परम्परा रीतिरीवाज रहनसहन तथा मूल्यमान्यताअनुसार पर्व उत्सव मनाउछन् । जीवनलाई अनुशासित र मर्यादित बनाउन र आत्मालाई परमात्मासँगको सामिप्यता बनाई राख्न यसैको माध्यमबाट धार्मिक अनुस्थान पूरा गर्दछन् । परिवार आफन्तजन तथा छिमेकीहरूमा सद्भाव र सौह्रार्दता बनाई राख्न भेटघाट खानपान नाँचगान खुशीयाली आदानप्रदान गरी मनोरञ्जन गर्दछन् । साथै पुन दैनिक जीवनयापनको निमित्त परिश्रम र संघर्षको मैदानमा उत्रिन उर्जा र उत्साह प्राप्त गर्दछन् । यसर्थमा यिनीहरुको चाडपर्वहरू धार्मिक तथा आध्यामिक अनुष्ठान तथा मनोरञ्जनको माध्यम साधन मात्र हैन एउटा जीवन पद्धती र साँस्कृतिक सम्पत्ति पनि हो ।

चाडपर्वको यो मान्यता र अवधारणा सुनुवार समुदायमा पनि विद्यमान छ । यस जातिका मानिसहरू वर्षभरीमा विभिन्न किसिमका चाडपर्वहरू मनाउँछन् । खेती किसानी मजदुरी वन्दव्यापार जागिरमा व्यस्त जीवनलाई समय समयमा आइरहने विभिन्न पर्व उत्सवहरूको माध्यमबाट विश्राम दिन्छन् । घर परिवार आफन्तजन भेला जमघट भएर सदस्य र सौह्रार्दता बाँडछन् । खानपान गर्छन् । खुसीयाली आदानप्रदान गरेर मनोरञ्जन गर्दछन् । आफ्नो परम्परा रीतिरिवाज र मूल्यमान्यता अनुसार आफ्ना देवी देवतालाई प्रसन्न वनाई राख्न यही चाडपर्वको माध्यमबाट धार्मिक अनुस्थान पूरा गर्छन् । अधिकाशं गरीवीको रेखामुनि रहेका यिनीहरु दैनिक जीवन गुजाराको कठिन संघर्षमा जुटिरहन समय समयमा आउने. यिनै चाडपर्वहरूबाट पुनः उर्जा र उत्साह प्राप्त गर्छन् । आफ्नो जातिय संस्कृतिलाई निरन्तरता प्रदान गर्दछ । यसका अतिरिक्त यिनीहरुको चाडपर्व तथा पूजाआजामा अपनाईने बोझिला र खर्चिला रितिरीवाजले गर्दा आर्थिक भार बढ्न गई गरिब परिवारहरु ऋणमा जकडिनु परेको स्थिति पनि विद्यमान रहेको पाईन्छ ।

सामान्यत यस जातिका मानिसहरूले मनाउने विभिन्न देवी देवताको पूजाआजाहरु नै यिनीहरूको परम्परागत चाडपर्वहरू हुन् । यसका अतिरिक्त अन्य जातजातिहरूले मनाउने पर्व उत्सवहरू पनि यिनीहरू आफ्नै परम्परा र पद्धतिबाट मनाउँछन् यिनीहरूले मनाउने आफ्नो जातिय परम्परागत चाडपर्व तथा पूजाआज निम्नानुसार उल्लेख छन् ।

### ४.२.१२ पूजाआजा

#### चण्डीपूजा

सुनुवार जातिका मानिसहरु वैशाख पूर्णिमाका दिन वेलुकी चण्डीपूजा गर्दछन् । शत्रुहरु नास होउन्, वरत्रपरत्र सुधियोस्, सुख समृद्धि होस् भन्ने कामना राखी चण्डीपूजा गर्दछन् । चण्डी देवीको थान गाउँबाट बाहिर भीमसेन थानबाट करीब २० मिनेट पूर्व जंगलभित्र तिगाडखोला किनारको चौरमा रहेको छ । चौरको छेऊमा रहेको हलुडेको रुखको फेदमा चप्लेटी ढुंगामाथी प्रतिस्थापना गरिएको ढुंगा नै चण्डी देवीको थान हो । जहाँ चण्डी पूजा हुन्छ । चण्डी देवीलाई त्रिशुल, घन्टा चढाउँछन् । कुखुराको पोथी र वंगुर वली दिन्छन् । पूजारीले अनिवार्य रूपमा वंगुर र कुखुरा वली दिनुपर्छ पूजारी वाहेक समुदायका अन्य परिवारले चाही भाकल भएमा वंगुर वली दिनुपर्छ । भाकल नभए कुखुरा मात्र वली दिए हुन्छ ।

वैशाख पूर्णिमाका दिन विहान ९ वजेदेखि वेलुकी ४ वजेसम्ममा भूमे पूजा र भीमसेन पूजा सम्पन्न गरी भीमसेन थानबाट चण्डीथान प्रस्थान गरेका पूजारी

सहीतका सबै श्रदालु भक्तजनहरु पूजा सामाग्रीहरूका साथ चण्डीथानमा जम्मा भेला भएपछि चण्डी पूजा आरम्भ हुन्छ । विहानै लिपपोत सरसफाई गरिएको चण्डीदेवीको थानमा पूजारीले पवित्र मौखिक वचन उच्चारण गर्दै पहिले धुप, दीप फूल, अविर, अक्षता, भेटी अर्पण गर्दछन् । पूजा विधिको रोलक्रमअनुसार पूजारीदेखि समुदायका सबै परिवारको पूजा सामग्री पूजारीले देवीलाई अर्पण गर्दछन् । पूजा सामाग्री अर्पण गरिसकेपछि वली पूजा आरम्भ हुन्छ । वली पूजामा पहिले कुखुराको वली दिन्छन् । त्यसपछि वंगुरको वली दिन्छन् । देवीलाई वंगुर वली दिनु अघि घैयाँ कागुतीको जाँडमा घैयाँ धान मिसाएर देवीको थानमा चढाई वंगुरलाई पर्सिन्छन् । यसरी पर्सदा भाकलवालाले आफुले राखेको मनोकांक्षा पूरा भएको देवीको सामुन्ने खुलाषा गर्दै भाकल स्वीकार गर्न चण्डीदेवीलाई अनुरोध गर्नुपर्छ । पर्सिएको वंगुरले शरीर हलचल गरेमा देवीले सो भाकल स्वीकार गरेको संकेत मान्दछन् । यसरी देवीले भाकल स्वीकार गरेपछि पूजारीले वंगुरको गर्दनमा खुकुरीले मार हानी वली चढाउँछन् । पूजारीदेखि समुदायको सबै परिवारको भाकलवालाका वंगुरहरू रोलक्रमानुसार यही तरीकाले वली दिन्छन् । पूजारीको सहयोगीले भीमसेन थानमा जस्तै चण्डीथानमा पनि पूजास्थल नजिकै आगो बाली देवीलाई वली दिएको कुखुराको मुटु कलेजो झिकेर आगोमा पोल्छन् । घैयाँ कागुनीको पिठोको रोटी पकाउछन । यसरी पोलेको रोटी र मासु पूजारीले देवीलाई प्रसाद स्वरुप चढाउँछन् । त्यसपछि पूजारी बाहेक पूजामा आएका सबैले सो प्रसाद ग्रहण गर्दछन् । प्रसाद ग्रहण गरिसकेपछि पूजा सामग्री र वली दिएको आ-आफ्नो वंगुर कुखुरा लिएर पूजारी र बाजागाजा सहित सबै मानिसहरू वेलुकी साँझमा गाउँ फर्कन्छन् । वली दिएको बोका कुखुरा वंगुरको मासु प्रसाद स्वरुप छरछिमेक आफन्तजनमा बाँडेर खाने खुवाउने गर्दछन् ।यसरी चण्डी पूजा सम्पन्न हुन्छ । चण्डी पूजाको समापनसँगै वेशाखे पूर्णिमा पनि सम्पन्न हुन्छ ।

### ४.२.१३ **चाडपर्वहरु**

### माघे संक्रान्ति

सुनुवार जातिले मनाउने विभिन्न परम्परागत चाडपर्व उत्सवहरू मध्ये माघे संक्रान्ति विशेष महत्वको पर्व हो । माघे संक्रान्ति हरेक वर्ष माघ महिनाको १ गते मनाउन्छन् । यो पर्व खेती किशानीको मौसम सकिएर हिँउदको फुर्सदिलो समयमा पर्नै हुँदा यिनीहरु आफ्नो घरपरिवार, आफन्तजन तथा विवहिता चेलीवेटीहरूलाई निमन्त्रण गरेर धुमधामसँग मनाउँछन् ।

पौष माहिनाको अन्तिम दिन अर्थात् मसान्तको दिनमा यो पर्व मनाउन आवश्यक सरसामान जोरजाम गर्दछन् । आफ्नो बारी वगैचामा लगाएका घर तरुल, भ्याकुर,

सुठुनी, पिडालु, पुस्टकारी, तथा जंगलबाट वनतरुल समेतका कन्दमूलहरू संकलन गर्दछन् । यी कन्दमूलहरुमा पनि तरुलको विशेष महत्व हुन्छ । वन तरुल र घर तरुल यो पर्वमा अनिवार्य रुपमा हुनुपर्छ । मासुको निमित्त खसी, कुखुरा, वंगुर आदिको व्यवस्था गर्दछन् । जाँड रक्सी तयार गर्दछन् । पौष मसान्तको दिन वेलुकी घरका महिलाहरूले तरुल लगायतका कन्दमूलहरु उसिन्छन्, फापरको फुरौला र सेलरोटी पकाउँछन्, तरुल, सेलरोटी नाङला डालोमा फिंजाएर राख्छन् ।

भोलिपल्ट विहान अर्थात् माघे संक्रान्तिका दिन महिलाहरूले घरआँगन लिपपोत तथा सरसफाई गरी पधेंरामा गएर नुहाइधुवाई पानी लिएर आउछन् । घरको मुख्य मनिसपनि धारा पधेंरामा गएर नहाईधुवाई गरी शुद्ध पवित्र हुन्छन् ।

घरको मुख्य मानिसले वेलुकी तयार गरी राखेको सम्पूर्ण खानेकुराहरू तरुल, सेलरोटी, दही, जाँडरक्सी समेत केराको पातमा राखेर कूल तथा पितृदेवताहरूलाई चढाउँछन् । परिवारमा आमा तथा हजुरआमाले छोराछोरी, नातिनातिनीहरूलाई तेल लगाई दिन्छन् । यसलाई तेल ठोक्नु भन्दछन् । खानेकुरा चढाउने तथा तेल लगाउने विधि सकिएपछि सम्पूर्ण परिवार, आफन्तजन, माइती मावली आएका छोरीचेलीहरू बसेर वेलुकी तयार गरेको तरुल, सेलरोटी, दही, जाँडरक्सी आदि खानपान गर्दछन् । यस जातिका मानिसहरुमा यसलाई एकवर्ष अगाडिको खानेकुरा मानेर खाने परम्परा छ । यो परम्पराको आधारमा माघे संक्रान्तिबाट यस जातिका मानिसहरुको नयाँ वर्ष आरम्भ हुने संकेत पाइन्छ । संक्रान्तिका दिन खसी, कुखुरा, वुंगुर, काटेर मासु, भात, जाँडरक्सी, दुध, दही खाने पिउने आपसमा भलाकुसारी गर्ने गर्दछन् । बालबालिका तथा किशोर किशोरीहरु खेतबारी तथा चौरमा धनुष बाण, छेलो डन्डीवियो तथा खुट्टाले उफ्रेर खेलिने हाइजम्प, लङ्गजम्प खेलहरू खेलेर मनोरञ्जन गर्दछन् । यसरी यस जातिले माघे संक्रान्तिलाई विशेषतः नयाँ सालको रूपमा मनाउँछन । माघे संक्रान्ति अर्थात् माङ्सासिंङ किराँतीहरूको नयाँ वर्ष पनि हो ।(किराँतेशवर युमा माङखीङ प्रथम स्मारिका २०६२ पृष्ठ १५६)

## वैशाख पूर्णिमा

वैशाख पूर्णिमा सुनुवार जातिको धेरै महत्वपूर्ण पर्व हो । यो पर्व हरेक वैशाख महिनाको पूर्णिमाको दिन मनाउँछन् । अध्ययन क्षेत्रका सुनुवार जातिका मानिसहरू वैशाख पूर्णिमाका दिन विहानदेखि वेलुकीसम्म भूमि, भीमसेन तथा चण्डीको पूजाआजा गरेर भव्य रुपले यो पर्व मनाउँने गर्दछन् । पूजामा समुदायका सम्पूर्ण परिवारहरू सामेल हुन्छन् । पूर्णिमाको दिन विहान गाँउको मध्यभागमा रहेको भूमि देवताको थानमा समुदायका सबै परिवार भेला भएर भुमे पूजा गर्दछन् । दिउँसो

गाँउको किनारमा अवस्थित भीमसेन थानमा गएर भीमसेन पूजा गर्दछन् र वेलुकी गाँउदेखि वाहिरको जंगलभित्रको चण्डी देवीको थानमा गएर चण्डी पूजा गरेर साँझमा गाँउ फर्कन्छन् । पूजामा देवीदेवतालाई वली चढाएको कुखुरा, वोका, वंगुर प्रसादको रूपमा समदायमा छरछिमेकी आफन्तजनहरूमा आदानप्रदान गरेर खननपान भलाकुसारी तथा मनोरञ्जन गरी यो पर्व धुमधामसँग मनाउछन् ।

वैशाख पूर्णिमाबाट किराँती जातिको उभौली प्रारम्भ हुन्छ । उभौली अर्थात् बालीनाली लगाउने खेतीकिसानी गर्न मौसम शुरु हुन्छ । यो समयमा किराँतीहरुले बालीनालीको महत्वपूर्ण पक्ष भूमि अर्थात् जमीनको पूजा गर्दछन् । त्यसैले यिनीहरुले पनि यो पर्वमा विशेषत भूमिको पूजा अर्चना गर्दछन् । 'बालीनाली राम्रो होस्, अतिवृष्टी, अनावृष्टी नहोस्, मौसम राम्रो रहोस्' भनेर भूमि आकासलाई पूजा प्रार्थना गर्दछन् । बालीनाली लगाउने वीउविजनको पूजा (खेवरा) गर्दछन् ।

### मंसिरे पूर्णिमा

वैशाखी पूर्णिमा जस्तै मंसिरे पूर्णिमा पनि सुनुवारजातिको महत्वपूर्ण पर्व हो । यो पर्व मंसिर महिनाको पूर्णिमाको दिन मनाउँछन् । यस पर्वमा गाईवस्तुको गोठको पूजा हन्छ । यसैले यसलाई गोठ पूजा वा गौरीगौसाई पूजा पनि भन्दछन् । मंसिरे पूर्णिमाको दिन बिहान समुदायको सबै परिवार पूजा सामग्री लिएर समुदायको मुख्य मानिसको गाईवस्तुको गोठमा भेला हुन्छन् । समुदायको मुख्य मानिस पूजारीको अगुवाईमा गोठ परिक्रमा गरी गौरीगोसाई प्रतिस्थापन गरेर कुखुराको वली चढाई गोठ पूजा गर्दछन् । पुजास्थल गोठमा खीर पकाएर प्रसाद खान्छन् । अध्ययन क्षेत्रभन्दा वाहिर सिन्धुली जिल्लाको डाँडीगुराँसे क्षेत्र र काभ्रे जिल्लाको वाल्टिङ क्षेत्रका सुनुवार जातिका मानिसहरू यो पर्वमा गाइवस्तुको गोठ पूजा गरिसकेपछि महिलाहरू घरमा खानपान गर्दछन् भने पुरुषहरू गाउँबाट पर भुमेथान परिसरमा गएर खानेकुरा वनाई देवता पितृलाई चढाई खानेपिउने, मनोरञ्जन गर्ने गर्दछन् । एक किसिमले यो वनभोज जस्तै हुन्छ । मंसीर महिना उधौली अर्थात् बालीनाली भित्र्याउने समय पनि हो, त्यसैले महिनामा मनाइने यो पर्वको अतिरिक्त यिनीहरू बालीनाली भित्र्याएर सुरोमी (सह पूजा) पनि गर्दछन् ।

## ४.२.१४ सुनुवार समुदायको आर्थिक अबस्था

जीवनयापनका निमित्त आर्थिक आर्जनका विभिन्न क्षेत्रमा विभिन्न आर्थिक क्रियाकलापहरूमा सुनुवार जातिका मानिसहरूको संलग्नता तथा सहभागिताको समष्टिगत स्थिति यस जातिको आर्थिक जीवन हो । यस जातिका मानिसहरुको जीविकोपार्जनका मूल आधार कृषि तथा पशुपालन हो । कृषि तथा पशुपालन

यिनीहरूको परम्परागत मौलिक पेशा तथा व्यवसाय पनि हो । यिनीहरूको आर्थिक गतिविधि र आर्थिक आर्जनको प्रमुख क्षेत्र पनि यही कृषि तथा पशुपालन नै हो । त्यसो त देशका कूल जनसंख्याको ८१ प्रतिशत जनता कृषि पेशामा नै आश्रित रहेका छन् । देशका अर्थतन्त्र पनि कृषि प्रधान रहेको छ ।

## पेशा तथा व्यवसायको स्थिति

सुनुवार जातिको जीवन निर्वाहको प्रमुख पेशा कृषि तथा पशुपालन व्यवसाय हो । उत्तरदाताहरुको भनाई अनुसार प्रारम्भमा यस जातिका मानिसहरू आर्थिक रूपमा सम्पन्न र समृद्ध थिए । जुन समय यिनीहरूमा किपटभूमिका स्वामित्व थियो । प्रशस्त जग्गाजमीन, प्रशस्त पशुपालन, परम्परागत खेतीप्रणालीबाट पनि प्रशस्त खाद्यान्न उत्पादन हुनाले यस जातिका मानिसहरुको सामाजिक, व्यवहार, खानपान, रहनसहन, पहिरन तथा साँस्कृतिक पर्वउत्सवहरू लगाएतका दैनिक जीवनका सम्पूर्ण आवश्यकताहरू यही कृषि तथा पशुपालन ब्यवसायकबाटै पूरा हुने भई यिनीहरूका निमित्त तत्कालीन समयमा कृषि तथा पशुपालन ब्यवसाय नै जीवनयापनका लागि पर्याप्त रहेको थियो । कृषि तथा पशुपालन बाहेकका अन्य पेशा तथा ब्यवसायको विकल्प सोच्नुसम्म पर्ने अवस्था र आवश्यकता परेको थिएन भन्ने उत्तरदाताहरुको भनाई छ, तर यस जातिको यो सम्पन्न र समृद्ध जीवनस्तरले निरन्तरता पाउन सकेन । किपटभूमिको हरण गरी यस जातिका मानिसलाई राज्यबाट मासिने जातिमा वर्गीकरण गरी दासदासी सरह व्यवहार गर्न सकिन्ने भन्ने निक्रिष्ठ र अमानवीय प्राबधान सहितको  मूलुकी ऐन १९१० को कानून र तदनुसार राज्यको असमान र असमावेशीकरणको व्यवहारका अतिरिक्त अन्य जातजातिका मानिसहरूबाट सोझा र सरल स्वभावका निरक्षर, अनपढ यस जातिका मानिसहरूको स्वामित्वमा रहेको उर्वर समथर भूमिहरू जालझेल र कपटपूर्ण तरीकाले हरण अतिक्रमण गरी यिनीहरूको एकल बस्तीमा समेत अवाञ्छित प्रवेश गरी यिनीहरूको मौलिक, सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक जीवनमा प्रतिकूल प्रभाव र विचलनको स्थिति उत्पन्न गराइए पश्चात् यिनीहरूको आर्थिक जीवनको सम्पूर्ण पक्षहरु खस्कदै धरासायी बन्दै गएको पाइन्छ । यसबाट सयौं रोपनी भूमिको स्वामित्ववाला भूमिपुत्र यस जातिका मानिसहरु ५,१० रोपनी भूमिमा सीमित मात्र रहेनन्, भूमिहीन सुकुम्बासीको स्थितिमा समेत पुगेका छन् । सयौं गाईवस्तु बाध्ने तथा चराउने, गोठ, चौरी तथा खर्कहरू बिस्तारै कहिले मितेरी साइनोको बाहनामा, कहिले नलिए नखाएको ऋण र ऋणको ब्याजको वहानामा त अनि कहिले साहुको विहेभोज भतेरको बाहनामा सिद्धिदै रित्तिदै गएको यिनीहरुको भनाई छ । यसरी यस जातिको ससक्त आर्थिक संरचनाको रूपमा रहेको कृषि तथा पशुपालन ब्यवसाय क्षतिग्रस्त भएर यिनीहरू गरीव र बिपन्न स्थितिमा पुगें पछि

यिनीहरूको भागमा बाँकी रहे बसेको पाखो रुखो जमिन, परम्परागत कृषिप्रणाली, तथा न्यून कृषि उत्पादनले जीविकोपार्जन असहज तथा असम्भव प्रायः भएपछि अहिले आएर कृषि पेशाका अतिरिक्त अन्य विधि पेशा र ब्यवसायमा यिनीहरूको संलग्नता रहेको पाइन्छ । अहिले यस जातिका मानिसहरू कृषि, पशुपालन, व्यापार, नोकरी, ज्यालामज्दुरी आदि विभिन्न पेशामा संलग्न छन् । यद्यपी कृषि तथा पशुपालन ब्यवसाय अहिले पनि यिनीहरूको प्रमुख पेशाको रूपमा रहेको छ । निरक्षरता, आवश्यक योग्यता र क्षमताको कमीका कारण अन्य पेशामा यिनीहरूको राम्रो पहुँच छैन । अधिकांश मानिसहरुले कृषि पेशाको सहायक पेशाको रूपमा ज्यालामजदुरी नोकरी तथा व्यापार ब्यवसायलाई अपनाएको पाइन्छ । यस जातिका मानिसहरूको विभिन्न पेशा वा ब्यवसायमा संलग्नता विवरण निम्नानुसार उल्लेख छ ।

तालिका १०

पेशा वा ब्यवसायको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.स. | पेशागत विवरण | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १८ | ७२.०० |
| २ | नोकरी | २ | ८.०० |
| ३ | व्यापार | १ | ४.०० |
| ४ | मजदुरी | ४ | १६.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कले दर्शाए अनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये पेशागत आधारमा कृषि पेशामा ७२ प्रतिशत, ज्यालामजदुरीको पेशामा १६ प्रतिशत, नोकरीमा ८ प्रतिशत र ४ प्रतिशत मानिसहरूले व्यापार ब्यवसाय अँगालेका छन् । यस तथ्यांकले कृषि पेशामा सबैभन्दा बढी ७२ प्रतिशत र व्यापार ब्यवसायमा सबैभन्दा कम ४ प्रतिशत परिवारको संलग्नता रहेको देखाउन्छ । अधिकांश निरक्षरता तथा साक्षरतामा पनि आवश्यक योग्यता र क्षमता भएको जनशक्तिको कमीका कारण नोकरी तथा व्यापार ब्यवसायमा यिनीहरुको न्यून सहभागिता रहेको देखिन्छ । सैनिक तथा प्रहरी सेवाको अधिकांश तल्लो ओहदामा कार्यरत रहेको देखिन्छ, भने निजामती सेवामा प्रवेशको स्थिति शुन्य प्रायः नै छ । मजदुरी अनुसारको पारिश्रमिक सन्तोषजनक छैन । अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेको भएपनि पाखोरुखो थोरै जमिन, परम्परागत खेतीप्रणाली, उन्नत बीउबिजन मल, कृषि औजार, सिंचाइको अभाव र न्यून उत्पादन जीविकोपार्जनका निमित्त प्रयाप्त देखिदैन ।

## भूमि वितरण तथा भू-स्वामित्वको स्थिति

भूमिसँग सुनुवार जातिको पवित्र र अन्योन्याश्रीत सम्बन्ध हुन्छ । भूमिलाई दैविक शक्ति मानेर यिनीहरू हरेक वर्ष विशेष विधि विधानका साथ पुजा अर्चना गर्दछन् । ओल्लो किराँत क्षेत्र अन्तरगत सुनकोशीदेखि लिखुकोशीसम्मको भू-भागलाई यस जातिका बुढापुराना मानिसहरू आफ्नो पूर्ख्यौली भूमि मान्दछन् । तर अहिले यो विशाल भूमिको सानो अंशमात्र यिनीहरूको स्वामित्वमा रहेको छ । यिनीहरुले भोगआवाद गरेको यो भूमिमा राज्यले नियन्त्रणमा लिएपछि किपटको रुपमा यिनीहरुलाई नै प्रदान गरेको हो । किपट हरण पश्चात् ठूलाठूला उर्वर फाट र समथर टारहरू साहुको वेहिसाब ऋण र ऋणको ब्याजको बदलामा बाबुबाजेकै पालमा साहुलाई सुम्पिसकेकाले न्युन उत्पादन हुने पाखा पखेरा थोरै जमीनमात्र नयाँ पुस्ताको स्वामित्वमा भागपरेको छ । खेतीकिसानी नै जिविकोपार्जनको प्रमुख आधार रहेको यिनीहरूको स्वामीत्वमा पाखो तथा टार बारी मात्र रहेको पाइन्छ । यस बमोजिम अध्ययन क्षेत्रमा नमूना छनौटमा परेको २५ घरपरिवारको स्वामित्वमा रहेको सम्पूर्ण भूमि वितरणको स्थितिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका ११

भूमि वितरण तथा भूस्वामित्वको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.स. | बारी (रोपनीका ) | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १–१० | १७ | ६८.०० |
| २ | १०–२० | ४ | १६.०० |
| ३ | २०–३० | २ | ८.०० |
| ४ | ३०भन्दा बढी | २ | ८.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कले देखाए अनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये १–१० रोपनी सम्म बारी हुने पारिवार ६८ प्रतिशत १०–२० रोपनीसम्म बारी हुने परिवार १६ प्रतिशत २०–३० रोपनीसम्म बारी हुने परिवार ८ प्रतिशत र ३० रोपनी भन्दा माथि बारी हुने परिवार ८ प्रतिशत रहेका छन् । जनसंख्याको अधिकांश हिस्सामा ६८ % न्युनतम भूमि वितरणको स्थिति रहेको देखिन्छ । भूमि वितरण तथा भूस्वामित्वमा ह्रास हुदै जानुमा प्रथमत राज्यबाट यस जातिको किपटभूमिको स्वामित्व हरण गरिदिनु तत्पश्चात यिनीहरूको आफ्नो बाबु बाजेले मितेरी साइनोको वाहानामा, साहुसँग जिएको ऋण र ऋणको ब्याजको बदलामा साहुको रोजाइमा

परेको उर्वर भूमि साहुलाई सुम्पदै जाँदा भूस्वामित्वको यो नाजुक परिस्थितिमा आइपुगेको हो भन्ने उत्तरदाताहरूको कथन छ ।

मोहीयानी जग्गाले पनि भूमि वितरण तथा भूस्वामित्वमा प्रभाव पारेको हुन्छ । यस जातिका अधिकांश मानिसहरूमा खेतीयोग्य जमीनको वितरण तथा स्वामित्व न्युन देखिएकोले खेती किसानीका लागि अर्काको जमीन मोहियानीमा लिए नलिएको तथा आफ्नो जग्गाजमीन अरुलाई कमाउन दिए नदिएको सम्बन्धमा पनि अध्ययन अनुसन्धान गरिएको छ । मोहियानी जग्गाको आधारमा रहेको भूमि वितरण तथा भूस्वामित्वलाई निम्नानुसार उल्लेख गरिन्छ ।

तालिका १२

मोहियानीका आधारमा भूस्वामित्व रहेको उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बारी मोहियानीमा नदिने नलिने | २४ | ९६.०० |
| २ | बारी मोहियानी लिने | १ | ४.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोत :- स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कबाट अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये ९६ प्रतिशत परिवारले आफ्नो बारी मोहियानीमा अरुलाई दिएका तथा अरुको लिएका छैनन् । भन ४ प्रतिशतले मात्र अरुको जग्गा मोहियानीमा लिएको देखिन्छ ।

## वार्षिक खाद्यान्न उत्पादन स्थिति

जनसंख्याको अधिकतम हिस्सा (७२ प्रतिशत) खेती किसानीमा आश्रित रहेको भएतापनि यस जातिको मानिसहरूको स्वामित्वमा रहेको जग्गा जमिन अपेक्षाकृत थोरै हुनुको अतिरीक्त खेतीयोग्य उर्वर जमिन न्यून रहेको पाइनछ । सो बमोजिम खाद्यान्न उत्पादन पनि स्वभाविक रूपमा कम रहेको पाइन्छ । अध्ययन क्षेत्रमा सुख्खा मौसम, सिंचाइको अभाव अतिवृस्टि अनावृस्टि जस्ता पर्यावरणीय प्रभाव र पातलो माटो अधिक चट्टान भएको प्राय पाखो भिरालो जमिनको धरातलिय भू–संरचना मनसुनी सिचाईमा निर्भर परम्परागत खेती किसानी नै न्यून उब्जनीको प्रमुख कारणहरू हुन् । यहाँको प्रमुख खाद्यान्न बालीमा मकै, कोदो ,फापर ,मस्याङ , गहत, आदि उत्पादन गर्दछन् । न्वगीका लागि घैया कागुनी बाली लगाउछन । यसका अतिरिक्त गहुँ, लट्टे, जुनेलो, भटमास आदि खाद्य बाली पनि उत्पादन हुन्छ । खाद्यान्न प्रयोगका हिसाबले घैया, कागुनी, मकै खाना ( भात) को रूपमा प्रयोग गर्छ

भने मकै र कोदो खानाका साथै जाँडरक्सी बनाउन समेत प्रयोग गर्दछन । मस्याङ सिमी बोडी र गहत दाल तरकाली को रूपमा प्रयोग गर्दछन् । फपर गहूँको रोटी र ढिडो खान्छन् भने लट्टे, जुनेलो र भटमास चाहि भुटेर खाने गर्दछन ।

तालिका १३

उत्तरदाताहरुको वार्षिक खाद्यान्न उत्पादन विवरण

| क.स. | खाद्यान्न उत्पादन विवरण | घर परिवार | वार्षिक उत्पादन (मुरी) | प्रतिशत |
|---|---|---|---|---|
| १ | मकै | २५ | १५७ | ६५.२० |
| २ | गहुँ | ५ | १५ | ६.२० |
| ३ | गहत | ९ | ९ | ३.७० |
| ४ | मस्याङ | १५ | १७ | ७.१० |
| ५ | फापर | १३ | ७ | २.९० |
| ६ | कोदो | १० | ४ | १.७० |
| ७ | घैयाँ | २५ | ३ | १.२० |
| ८ | कागुनी | २५ | ५ | २.१० |
| ९ | भटमास | ४ | २० | ८.३० |
| १० | तोरी | ४ | २ | ०.८० |
| ११ | जुनेलो लट्टे | ५ | २ | ०.८० |
| जम्मा | | | २४१ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

यस तथ्याङ्कले अध्ययन क्षेत्रमा उत्पादन गरिने विभिन्न खाद्यान्न बालीको वार्षिक उत्पादन परिमाणलाई प्रष्ट पारेको छ । तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका २५ घरपरिवारले वार्षिक रूपमा उत्पादन गर्ने खाद्यान्न बाली मकै ६५.२ प्रतिशत, गहत ७.१ प्रतिशत, गहुँ ६.२ प्रतिशत, भटमास ८.३ प्रतिशत, मस्याङ ३.७ प्रतिशत, फापर २.९ प्रतिशत, कोदो १.७ प्रतिशत, कागुनी २.१प प्रतिशत, घैयाँ १.२ प्रतिशत, तोरी ०.८ प्रतिशत, र लट्टे, जुनेलो पनि ०.८ प्रतिशत उत्पादन हुन्छ । तथ्याङ्कबाट अध्ययन क्षेत्रमा मकै अन्य खाद्यबालीको तुलनामा सवभन्दा वढी उत्पादन हुन्छ । भने गहुँ, गहत, भटमास, मस्याङको उत्पादन मध्यमस्तरको देखिन्छ । घैयाँ, कागुनी, कोदो, फापर, लट्टे, जुनेलोको उत्पादन न्यून रहेको पाइन्छ । मकै, घैयाँ र कागुनी सबै परिवारले उत्पादन गर्छन । गहुँ, भटमास, तोरी, जुनेलो औसत ५ प्रतिशत परिवारले उत्पादन गर्छन भने गहत मस्याङ,फापर

औसत २० प्रतिशत परिवारले उत्पादन गर्छन् । जुन उत्पादनको हिसाबले ज्यादै न्यून रहेको पाइन्छ ।

## खाद्यन्न पर्याप्तता तथा अपर्याप्तताको स्थिति

यस जातिका मानिसहरुको वर्षभरी खाने, लाउने र समय समयमा आउने पर्व उत्सव मनाउने साधन श्रोत सम्पत्ती भन्नु नै यही खाद्यान्न बाली हो तापनि आफ्नो जग्गा जमीनमा उत्पादन हुने खाद्यान्नले  सीमित परिवारलाई मात्र जीविकोपार्जन गर्न पर्याप्त हुन्छ भने अधिकांशलाई खाद्यान्न उत्पादनको यो परिमाणले जीवन धान्न पर्याप्त हुँदैन । यस्ता परिवारहरू खेती किसानीका अतिरिक्त ज्याला मजदुरी र नोकरीको आम्दानीबाट गुजारा गर्दछन् ।

तालिका १४

खाद्यान्न पर्याप्तता अपर्याप्तताको उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | विवरण | घरपरिवार | प्रतिशत |
|---|---|---|---|
| १ | १-३ महिनासम्म | ४ | १६.०० |
| २ | ३-६ महिनासम्म | ७ | २८.०० |
| ३ | ६-९ महिनासम्म | ९ | ३६.०० |
| ४ | ९-१२ महिनासम्म | ५ | २०.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कले देखाए वमोजिम अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये आफ्नो जमिनको खाद्यान्न उत्पादनबाट १६ प्रतिशत परिवारलाई १–३ महिनासम्म मात्र खान पुग्छ भने ३–६ महिनासम्म खाने पुग्ने परिवार २८ प्रतिशत, ६–९ महिनासम्म खान पुग्ने परिवार ३६ प्रतिशत र ९–१२ महिना सम्म अर्थात आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने परिवार २० प्रतिशत रहेको पाइयो । तथ्याङ्कबाट ८० प्रतिशत घरपरिवारमा आफ्नो खाद्यान्न उत्पादनले वर्षभरि खान नपुग्ने स्थिति अर्थात खाद्यान्न अपर्याप्तताको स्थिति देखिन्छ । आफ्नो घरको खाद्यान्न सकिएपछि बाकी समयमा यिनीहरूले ज्यालामजदुरी, बन्द व्यापार तथा बचत समूह र साहुको ऋणमा निर्भर रहनु पर्ने हुन्छ ।

## आम्दानी श्रोत तथा वार्षिक आम्दानीको स्थिति

सुनुवार जातिका मानिसहरूको आम्दानीको प्रमुख श्रोत पेशा कृषि र पशुपालन हो तापनि ज्यालामजदुरी नोकरी तथा व्यापार व्यवसाय गरेर आम्दानी गर्नेहरू पनि छन् । यिनीहरुको ज्यालामजदुरी र व्यापार व्यवसाय गर्ने क्षेत्र  स्थानीय गाउँघर र हाटबजारमा सीमित छन् । नोकरी अन्तर्गत राष्ट्रिय सैनिक तथ प्रहरी सेवाको पेन्सन तथा वाहालवाला सेना प्रहरीको रूपमा विशेष गरी तल्लो स्तरको ओहदामा कार्यरत देखिन्छ । विभिन्न पेशा ब्यवसायमा संलग्न यिनीहरूको आयश्रोत तथा आम्दानीको आधारमा यस जातिको वार्षिक आम्दानीलाई निम्नानुसार उल्लेख गर्दछन् ।

तालिका १५

बार्षिक आम्दानीका आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.सं. | आम्दानी विवरण | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ – १० हजारसम्म | ५ | २०.०० |
| २ | १० –२० हजारसम्म | ६ | २४.०० |
| ३ | २० –३० हजारसम्म | ७ | २८.०० |
| ४ | ३० –४० हजारसम्म | ४ | १७.०० |
| ५ | ४० – ५० हजारसम्म | २ | ८.०० |
| ६ | ५० हजार भन्दा बढि | १ | ४.०० |
| जम्मा | | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्कअनुसार अध्ययन क्षेत्रमा रहेका २५ घरपरिवार मध्ये २० प्रतिशत परिवारको वार्षिक आम्दानी १० हजारसम्म छ, भने १० हजारदेखि २० हजारसम्म वार्षिक आम्दानी हुने परिवार २४ प्रतिशत, २० हजार देखि ३० हजारसम्म वार्षिक आम्दानी हुने परिवार २८ प्रतिशत, ३० हजारदेखि ४० हजारसम्म वार्षिक आम्दानी हुने परिवार १७ प्रतिशत, ४० हजारदेखि ५० हजारसम्म वार्षिक आम्दानी हुने परिवार ८ प्रतिशत र ५० हजारभन्दा मानीको वार्षिक आम्दानी हुने ४ प्रतिशत रहेको पाइयो । तथ्याङ्कमा वार्षिक आम्दानी धेरै देखिने परिवारमा खेती किसानी लगायत सेना प्रहरीमा वहालवाला तथा पेन्सनवाला परिवारका साथै व्यापार ब्यवसाय गर्ने परिवार रहेका छन् । वार्षिक आम्दानी थोरै देखिने परिवारमा खेती किसानी र ज्याला मजदुरी मात्र गर्ने परिवार रहेका छन् ।

## ऋणको स्थिति

अध्ययन क्षेत्रका अधिकांश सुनुवार जातिका मानिसहरु आर्थिक वित्पन्नता र गरीबीको रेखा मुनी रहेका छन् । थोरै जमिन तथा न्यून कृषि उत्पादनले वर्ष भरिको जीवन गुजारा गर्न यिनीहरुलाई मुस्कील परेको देखिन्छ । त्यसैले यिनीहरु आफ्नो जमीनको खाद्यन्न सकिए पछि ज्याला मजदुरी तथा ऋण सापटी लिएर गुजारा गर्दछन् । ऋण गाँउघरका साहुमाहाजन, सामुदायिक बचत समूह तथा बैंकहरुबाट लिने गरेको पाईन्छ । पहिले पहिले यिनीहरु गाँउघरका साहुमाहाजनबाट चर्को व्याज दरमा ऋण लिने गर्दथे, भने अचेल गाँउ मै संचालित सामुदायिक बचत समूह तथा बैंकबाट सहुलिय व्याजदरमा ऋण लिने प्रचलन गरेको उत्तरदाताहरुको भनाई छ । उत्तरदाताहरुको ऋणको स्थिति निम्न अनुसार उल्लेख छ ।

तालिका १६

ऋणको आधारमा उत्तरदाताहरुको वर्गिकरण

| क्र.स. | विवराण | ऋण लिने परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | साहु महाजन | ६ | २४.०० |
| २. | सामुदायिक बचत समुह | १५ | ६०.०० |
| ३. | बैंक | ४ | १६.०० |
| | जम्मा | २५ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७०

उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा रहेका २५ परिवारहरु मध्ये साहु माहाजनबाट ऋण लिने परिवार २४ प्रतिशत, सामुदायिक बचत समूहबाट ऋण लिने परिवार ६० प्रतिशत तथा बैंकबाट ऋण लिने परिवार १६ प्रतिशत रहेका छन् । तथ्याङ्कमा अधिकांश परिवारले गाउँघरमा संचालित सामुदायिक बचत समूहबाट ऋण लिने गरेको देखिन्छ । उत्तरदाताहरुको आफ्नै सहभागितामा संचालित सामुदायिक बचत समूहबाट ऋण लिन सहज सरल र विश्वसनीय हुने भएकोले अधिकांश परिवारले साहु माहाजन तथा बैंकबाट भन्दा गाउँ कै सामुदायिक बचत समूहबाट ऋण लिने गरेको उत्तरदाताहरुको भनाई छ ।

सुनुवार जातिको उल्लेखित आर्थिक पक्षको अध्ययन विश्लेषणबाट अध्ययन क्षेत्रका यस जातिका मानिसहरूको आर्थिक जीवन सन्तोषजनक स्थितिमा छैन । तथापी संकटग्रस्त, सम्वेदनशील अवस्थाबाट गुज्रिरहेका अनुभूत हुन्छ । वर्षभरी दश नंग्रा

खियाएर प्रशस्त मिहिनेत र परिश्रम गरेर पनि यिनीहरु मुस्किलले जीवन गुजारा गरिरहेका छन् । पाखोरुखो, थोरै जमीन, परम्परागत कृषि प्रणाली, न्यूनस्तरको ज्यालामजदुरी, निरक्षरता, आवश्यक योग्यता र क्षमता भएको जनशक्तिको कमी तथा किपटभूमि हरणपछि यस जाति समुदायलाई लामो समयसम्म राज्यले तथाकथित मासिने वर्गमा राखेर उपेक्षित र अमानवीय व्यवहार गरी मानव विकासको न्यूनतम आधारभूत सेवा सुविधा र असरबाट वञ्चित गर्ने जस्ता राज्यको वहिष्करण तथा असमावेशीकरणको नीतिनियमहरु नै समेत यस जातिको आर्थिक विपन्नता र गरीवीको प्रत्येक्ष तथा परोक्ष कारकतत्वहरुको रुपमा रहेको पाइन्छ ।

## ४.२.१५ सुनुवार समुदायको सामाजिक तथा आर्थिक पक्षमा आएका परिवर्तन र प्रभावहरु

परिवर्तन निरन्तर चलिरहने प्रक्रिया हो । श्रृष्टिका हरेक श्रृजनाहरु परिवर्तनशील छन् । सम्पूर्ण ब्रमाण्ड पृथ्वी पृथ्वीका सम्पूर्ण प्राणी वनस्पति मानव सभ्यता र संस्कृति एवं जिवन पद्धति परिवर्तनशील छन् । गतिशील हुन् । त्यसैले सामाजिक परम्परा, धारणा, विश्वास, नैतिकता, आदर्शता, साँस्कृतिक मूल्यमान्यता, नीतिनियम, ब्यवहार तथा आर्थिक प्रणालीहरु निरन्तर परिवर्तनहरुका विषय हुन् र परिवर्तन हुँदै आजको यो अति आधुनिक युगमा आइपुगेका छन् । परिवर्तन आफैमा परिवर्तनशील छ । मानवीय आकांक्षा सचेतना आवश्यकता तथा प्रविधिको विकासको प्रभाव नै परिवर्तनको संबाहक हो त्यसैले समाजमा विद्यमान हरेक परम्परा, धारणा, ब्यवहार, प्रणाली, नैतिकता, आदर्श, मूल्यमान्यता तथा नीतिनियमहरु समयसँगै परिवर्तनको संघारमा छन् । यही परिप्रेक्षमा यस अनुसन्धानमा सुनुवार जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक क्षेत्रमा भएको परिवर्तन तथा प्रभावहरुलाई समेट्ने प्रयास गरिएको छ । आधुनिक शिक्षा, स्वास्थ्य, सञ्चार, प्रविधि, हिन्दु संस्कृति, सचेतना आदिको प्रभावहरुले विद्यमान समयमा यिनीहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षहरुमा परिवर्तन ल्याएको पाइन्छ ।

1= सुनुवार जातिको मातृ भाषा सुनुवार भाषा (वायू भाषा) यस जातिको बोली व्यवसायबाट हराउँदै गएको छ । लिपिको अभाव लिखित दस्तावेजको अभाव तथा नयाँ पुस्तामा भाषा हस्तान्तरण पूर्णतः अभाव हुँदा अहिले यो भाषाको वक्ता ज्यादै न्यून छन् । बुढापुराना मानिसमा मात्र सीमित छन् । माध्यम भाषाको रुपमा रहेको नेपाली (खस) भाषा पहिले नजान्ने नबुझ्ने सुनुवार जातिका मानिसहरु अहिले आफ्नो मातृभाषा बुझ्दैनन् ।

2=  यस जातिको परम्परागत रहनसहनमा पनि धेरै परिवर्तन भएको देखिन्छ । राम्रो आर्थिक हैसियत भएका शिक्षित मानिस खेति किसानी छाडेर नोकरी व्यापार व्यवसाय गर्दछन् । परम्परागत भेषभूषाको प्रयोग प्रायः हराइसकेको छ । कागुनी र घैयाको खानपान परम्परा धान्नमा मात्र सीमित भएको छ । नयाँ पुस्ताका मानिसहरुमा जाँडरक्सी जस्ता मदिराको प्रयोग थोरैले गर्ने गरेको पाइन्छ । पुराना भुइँघर तथा मतान घरहरु हटाएर आधुनिक सुविधायुक्त घर शौचालयहरु निर्माण तथा प्रयोग गर्ने परिपाटीको थालनी भएको पाइन्छ ।

3=  किराँत धर्माबलम्वी यस जातिका मनिसहरु अधिकांश हिन्दू धर्म संस्कृतिबाट प्रभावित देखिन्छन् । यिनीहरु हिन्दू धार्मिक चाडपर्व दशैं तिहार धुमधामसँग मनाउंछन् । हिन्दू धर्मका देवी देवताको पूजा आजा गर्ने गर्दछन् । आफ्नो मातृ भाषा भुलेर हिन्दू आर्यनहरुको नेपाली (खस) भाषामा बोली व्यवहार गर्दछन् । यिनीहरु आफूलाई हिन्दू भन्न रुचाउँछन् । सरकारी अभिलेखहरुमा पनि अधिकांशले हिन्दू लेखे लेखाएको पाइन्छ । तथापी प्रजातन्त्रको पुर्नवाहाली पछिको आदिवासी जनजाति आन्दोलनको प्रभावले नयाँपुस्तालाई आफ्नै किराँत धर्म र धार्मिक मूल्यमाान्यता अनुसरण गर्न प्रेरित गरेको पाइन्छ ।

4=  यस जातिको परम्परागत पूजाआजामा  पनि परिवर्तनहरु देखा परेका छन् । वालीनाली लगाउने अघि गरिने भुमे पूजा वाढी गाउँमा हरेक वर्ष गर्ने गर्दछन् । भने आर्थिक भारका कारण पालीगाउँमा यो पूजा १२ वर्षमा एकपटक मात्र गर्ने परम्परा बसालेको पाइन्छ । वीउपूजा र अन्नपूजा गर्न यिनीहरुले प्राय छाडीसकेको देखिन्छ  । कुलको जेष्ठ परिवारको घरमा गरिने कूल पूजा (देवाली) अचेल गाउको वीचमा निर्माण गरिएको कूल देवताको मन्दिरमा गर्दछन् । त्यसैगरी उक्छिडमिङ देवीको सेवामा ७ औं दिनदेखि ९औं तथा अन्तिम दिनसम्म गरिने रात्री घरको पूजा तथा गाउँ परिक्रमा गर्ने प्रचलन वन्द भईसकेको पाइन्छ ।

5=  यस जातिको परम्परागत चाडपर्वहरु माघे संक्रान्ति वैशाख पूर्णिमा साउने संक्रान्ति तथा मंसिरे पूर्णिमाका अतिरिक्त दशैं, तिहार, तीज, होली जस्ता हिन्दू चाडपर्वहरु पनि मनाउँदै आएको छन् । तर प्रजातन्त्रको पूर्नवहाली पछि आदिवासी जनजाति आन्दोलन र यसले यिनीहरुमा ल्याएको जागरण र सचेतनका कारण दशैं, तीज होली आदि हिन्दू पर्वहरुलाई आजकाल महत्व दिन छाडेका छन् । यसको विकल्पमा वैशाख पूर्णिमा र माघे संक्रान्ति पर्वलाई धुमधामसँग मनाउँछन् ।

6= यस जातिको पूखौली भूमिमा हिन्दू आर्यान लगायत मान्य जातजातिको प्रवेश भएपछि यिनीहरुको स्वामित्वमा रहेको किपटभूमि हरण अतिक्रमण भएको पाइन्छ । यिनीहरुको स्वामित्वमा रहेको किपटभूमिको उर्वर समथर टार फाँटहरुमा अहिले अन्य जातजातिको हालीमुहाली छ भने भीरालो पाखो रुखो थोरै जमिनमा यिनीहरु मुस्किलको जीवन गुजारा गरिरहेका छन् । यस जतिका कतिपय मानिसहरु भूमिहीन अवस्थामा पुगेर सिन्धुली, महोत्तरी तथा सर्लाही जिल्लामा वसाई सरी गएका छन् ।

7= अभिभावकलाई खेतवारीको काममा सघाउने गाइवस्तुको गोठालो जानेदेखि घरमा साना–साना भाइवहिनीलाई हेरचाह गरेर दिन विताउने यस जातिका वालवालिकाहरु अचेल विद्यालय जाने गर्दछन् । 'पढीगुनी के काम, हलो जोति खायो माम' भन्ने पुरानो धारणामा परिवर्तन आएको छ । पढ्नु पर्छ पठाउनु पर्छ भन्ने मान्यताले स्थान पाएको छ । यस जातिका अधिकांश विद्यार्थीहरु विद्यालय तहमा र न्यून संख्या भए पनि क्याम्पस तहसम्म अध्ययन गरी रहेका छन् । गाउँमा सञ्चालित प्रौढ साक्षरता कक्षामा अभिभावकहरु पनि सहभागी भएका देखिन्छ । यसवाट यिनीहरुको साक्षरता स्थिति क्रमश वढ्दै गएका पाइन्छ ।

8= रेडियो टेलिभिजन पत्रपत्रिका आदि आय सञ्चारको प्रभाव, यातायात आवागमन, शैक्षिक क्षेत्रमा वढ्दो सहभागिता विभिन्न सरकारी तथा गैहसरकारी सामाजिक संघ संस्थाहरुको गाउँमा उपस्थिति र तिनीहरुले संचालन गरेको विभिन्न सचेतनामुलक कार्यक्रम तालिम गोष्ठिहरुले यस जातिका मानिसहरुको सचेतना स्तरमा परिवर्तन आएको छ । हिन्दु संस्कृतिकरणले ओझेलमा पर्दै गएको आफ्नो जातीय पहिचान भाषा, भेषभूषा, धर्म, कर्म, कला, संस्कार, संस्कृति एवं परम्परागत सीप र प्रविधिको संरक्षण गर्नु पर्छ भन्ने भावनाको विकास भएको छ । मानव अधिकार सामाजिक न्याय र समावेशीकरणका विषयमा चासो राख्न र आवाज उठाउन थालेका छन् । राज्यद्वारा नागरिकलाई प्रदान गरिने सेवा सुविधा र अवसरहरुमा आफ्नो पहुँच तथा नियन्त्रणका लागि प्रयत्नशील देखिन्छन् । आफ्नो जातीय उत्थान विकास र स-शक्तिकरण गर्ने उद्देश्यले जातीय संस्था सुनुवार एकता समाजको स्थापना गरेर सामुहिक अभियानलाई अगाडि बढाएका छन् ।

9= स्वास्थ्य र आरोग्यका लागि सफासुग्घर रहनुपर्छ भन्ने चेतनाको विकास भएको छ । रोग विरामी पर्दा अस्पताल जान थालेका छन् । नयाँ पुस्ताका मानिसहरु धामीझाँक्री, भूतपिसाचप्रति कम विश्वास गर्छन् । आफ्ना बालवालिकालाई सबै प्रकारका खोप लगाउने गरेका छन् । गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच गर्न तालिम प्राप्त सुडेनीद्वारा प्रसुती गराउने प्रसुती व्यथा असामान्य भएमा अस्पताल लैजाने परिपाटीको विकास भएको छ। थोरै सन्तान जन्माएमा आमा र बच्चको स्वास्थ्य राम्रो हुन्छ । परिवार सुखी हुन्छ भन्ने बुझाई रहेका पाइन्छ । शौचालय चर्पीका आवश्यक्ता महशुस भई समुदायमा यसको निर्माण र प्रयोग बढदै गएको देखिन्छ ।

10= यस जातिको गाउँबस्तीमा आम सञ्चारको साधन रेडियोको सहज उपलब्धता र सिन्धुली बजार क्षेत्रमा रेडियो, टेलिभिजन, टेलिफोन तथा पत्रपत्रिकाहरु समेतको प्रयोग उपयोगबाट कुनै समय आफ्नै गाउँवस्तीको वारेमा जानकारी राख्न असमर्थ यिनीहरु आजकाल आफ्नो समुदाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिको बारेमा समेत जानकारी राख्ने गरेका छन् । व्यापार, रोगतार तथा अध्ययनको सिलसिलामा सिन्धुली बजार सदरमुकाम मन्थलीदेखि राजधानी काठमाडौंसम्म यिनीहरुको आवागमनको क्षेत्र विस्तार भको देखिन्छ । आजभन्दा एक दशक अघिसम्म राजधानीसम्म पुग्न खाजा सामान वोकेर पैदल यात्रामा निस्कने यिनीहरु यातायात सुविधाले गर्दा अचेल सिन्धुली बजारबाट मोटर चढेर काठमाडौं जाने गर्दछन् ।

11= यस जातिका मानिसहरु राईकरणमा परेका छन् । राईकरण हुनुको पृष्ठभूमिमा १९१० को मुलुकी ऐन रहेको पाइन्छ । तत्कालिन राज्य सरकारले यस ऐन मार्फत यस जातिलाई समेत मासिने जातिमा समावेस गरी राज्यको सेवा सुविधाबाट बन्चित गरे पछि आफ्नो जात परिवर्तन गरी यिनीहरु राईकरण भएर ब्रिटिश आर्मी तथा नेपालको शैनिक, प्रहरी सेवामा प्रवेश गरेको पाइन्छ । ब्रिटिश आर्मीमा कार्यरत सिन्धुली मुगान गाँउका कमल सुनुवारले आफ्नो जात परिवर्तन गरी राई लेखाएका छन् । सिन्धुली, सर्लाही, काभ्रे जिल्लाका अधिकांश सुनुवार जाति राईकरण भएका छन् । यसका साथै आदिवासी जनजाति आन्दोलनको प्रभावले राईकरणमा परेका नयाँ पुस्ताका मानिसहरु आफ्नै जातिमा फर्किनुपर्छ, भन्ने भावनाको विकास भइरहेको छ ।

12= आधुनिकीकरण परिवर्तनको पर्याय हो । मानव सभ्यता समाज र संस्कृतिलाई आधुनिकीकरणले युगानूकुल समयसापेक्ष बनाएर अगाडि बढाइरहेको हुन्छ । पुराना परम्परा, मूल्यमान्यता, दर्शन, नीतिनियम धारणा विश्वास नैतिकता आदर्शहरुलाई आधुनिकीकरणले परिवर्तन तथा रुपान्तरण गरेर समयसापेक्ष युग सुहाउँदो बनाईरहेको हुन्छ । यस जातिको सभ्यता समाज संस्कृतिमा पनि आधुनिकीकरणको गहिरो प्रभाव परेको देखिन्छ । यिनीहरुको परम्परागत रहनसहन खानपान भाषा, भेषभूषा, धर्म तथा संस्कृतिमा धेरै परिवर्तन तथा रुपान्तरणहरु भेटिएका छन् । घर परिवारको संरचना घरायसी प्रयोगका सामान, संरचना तथा स्वरुपमा परिवर्तन आएको छ । अन्धविश्वास र रुढीवादी धारणाहरु हराउँदै गएका छन् । पेशा, रोजगार, व्यवसाय, शिक्षा, स्वास्थ्य, सरसफाईको क्षेत्रमा क्रमिक सुधार र परिवर्तन भईरहेको देखिन्छ । समग्रमा आधुनिकीकरणले यिनीहरुको सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवन पद्दतिलाई परिवर्तन तथा रुपान्तरण गरिरहेको छ ।

13= सुनुवार जातिमा भएको राईकरणले यिनीहरुको जनसंख्यामा प्रतिकूल प्रभाव पारेको देखिन्छ । सिन्धुलीमा न्यून संख्यामा तथा सिन्धुली, सर्लाही र काभ्रे जिल्लामा बसोवास गर्ने अधिकांश यस जातिका मानिसहरु राईकरण हुनाले जनसांख्यिक तथ्याङ्कमा सुनुवार जातिको जनसंख्या हाल १८२१ मात्र रहेको देखिन्छ । तर यिनीहरुको वास्तविक जनसंख्या ५ हजार भन्दा बढी भएको अनुमान छ ।

❁❁❁

# अध्याय पाँच
# सारांश, निश्कर्ष तथा सुझाव

## ५.१ सारांश

जिल्ला सिन्धुलीमा प्राचीनकालदेखि बसोबास गर्दै आएका विविध जातजाति जनजातिहरुमध्ये सुनुवार जाति पनि एक प्रमुख जाति हो । यो जाति किराँत वंशभित्र पर्दछ । २०६८ सालको जनगणनाअनुसार सुनुवार जातिको कूल जनसंख्या १८२१ रहेको छ । जुन नेपालको कुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ ।

यस अध्ययनको सिलसिलामा सिन्धुली जिल्लाको भद्रकाली गाविसमा वसोवास गर्ने सुनुवार जातिको सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवनपद्धति र परिवर्तनको अध्ययन अनुसन्धान गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरु यस जातिको ऐतिहासिक पृष्ठभूमि, उत्पति, जातीय पहिचान, यिनीहरुको सामाजिक, आर्थिक तथा साँस्कृतिक जीवन पद्धति र विकासको क्रमसँगै आएका परिवर्तनहरुको वारेमा अध्ययन अनुसन्धान तथा विश्लेषण आदि हन् । यस अनुसार अध्ययनको सिलसिलामा प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुलाई निम्न बुँदाहरुमा समेट्ने प्रयास गरिएको छ ।

1= सुनुवार जातिका मानिसको शारीरिक वनौट तथा रुपरंगका आधारमा किराँती भित्र पर्ने एक जाति हुन् । त्यसैगरी यिनीहरु ओल्लो किराँत क्षेत्रमा वसोवास गर्ने तथा यिनीहरुको भाषा, धर्म तथा संस्कृतिहरु पनि अन्य किराँती समुदायसँग मिल्दोजुल्दो भएकाले यिनीहरु पनि किराँती हुन् ।

2= अध्ययनको सिलसिलामा सुनुवार जातिको सामाजिक तथा जनसाख्यिक स्थितिलाई हेर्दा यिनीहरुको जनसंख्या पुरुष ५३.६ प्रतिशत र महिला ४६.४ प्रतिशत रहेको पाइयो । यसबाट पुरुषको अनुपातमा महिलाको संख्या ७.२ प्रतिशतले कम देखिन्छ । वैवाहिक स्थितिका आधारमा विवाहित जनसंख्या ४३ प्रतिशत अविवाहित जनसंख्या ५४.८ प्रतिशत र एकल २.२ प्रतिशत रहेको पाईयो परिवार संरचनामा एकात्मक परिवार ५७ प्रतिशत र संयूक्त परिवार ४३ प्रतिशत रहेको पाइयो । परिवार सदस्य संख्यालाई हेर्दा यस जातिमा १-४ जना भएको परिवार ८ प्रतिशत, ५-८ जना भएको ५६ प्रतिशत, ९ जनाभन्दा बढी भएको ३६ प्रतिशत रहेको पाइयो ।

3= यस जातिका मानिसहरु दुःख विमार आपतविपत आइपर्दा यिनीहरुको आराध्य देवी उक्छिङमिङ रानी लगाएत विभिन्न देवीदेवतालाई पूजाआजा गर्ने, भाकल गर्ने गरेको पाइयो । धामीझाँक्री भूतपिसाचमा वढी विश्वास राख्ने गरेको पाइयो । स्वास्थ्य

उपचारमा ५० प्रतिशत परिवारले धामीझाँकीमा विश्वास राख्ने, १५ प्रतिशतले जडिवुटी प्रयोग गर्ने र ३५ प्रतिशतले अस्पताल जाने गरेको पाइयो ।

4= खानेपानी तथा सरसफाईको क्षेत्रमा हेर्दा ६४ प्रतिशतले सार्वजनिक धारा प्रयोग गरेको २० प्रतिशतले कुवा, पधँरो र बाँकी १६ प्रतिशतले निजी धारा प्रयोग गरेको पाइयो । शौचालय प्रयोग गर्ने घरपरिवार १६ प्रतिशत र नगर्ने परिवार ८४ प्रतिशत रहेको पाइयो ।

5= सुनुवार जातिको शैक्षिक स्थितिलाई हेर्दा साक्षर जनसंख्या ५३.६ प्रतिशत र निरक्षर ३४.१ प्रतिशत रहेको पाइयो । विशेष गरी प्रौढ महिला तथा पुरुषहरु अशिक्षित भएको पाइयो । अधिकांश बालवालिका विद्यालय जाने गरेको पाइयो । यस जातिमा साक्षरताको प्रतिशत बढी देखिए तापनि उच्च शिक्षा हासिल गर्ने जनसंख्या ज्यादै न्यून २.२ प्रतिशत मात्र रहेको भेटियो । यसैले गर्दा यस जातिका मानिसहरु विभिन्न रोजगारीको अवसरमा प्रवेश पाउने न्यूनतम शैक्षिक योग्यताको सन्दभर्मा धेरै पछाडि परेको पाइयो ।

6= यस जातिको आर्थिक जीवनलाई नियाल्दा यिनीहरुको आर्थिक स्थिति निकै कमजोर रहेको पाईयो । ७२ प्रतिशत मानिस खेती किसानीमा संलग्न रहे तापनि पाखो रुर्खो थोरै जमीन परम्परागत कृषि प्रणाली सिचाईको समस्या आदि कारणले गर्दा उब्जनी कम हुने ८० प्रतिशतलाई आफ्नो खाद्यान्न उत्पादनले वर्षभरी खान नपुग्ने स्थिति देखियो । वार्षिक ५० हजारभन्दा बढी आम्दानी हुने परिवार ४ प्रतिशत मात्र रहेको पाईमा । पशुपालन मौरीपालन सेना प्रहरीमा बहालवाला तथा पेन्सनवाला र ब्यापार ब्यवसाय गर्नेको आम्दानी अधिक पाईयो भने ज्यालामज्दुरी गर्नेको अति न्यून रहेको पाईयो ।

7= सुनुवार जातिको मातृभाषा सुनुवार भाषाको लिपी नभएको यो भाषाको वक्ता ज्यादै कम ३.९ प्रतिशत रहेको र नयाँ पुस्तामा यिनीहरुको भाषा हस्तान्तरण नभएकोले मातृभाषाको स्थिति अत्यन्त नाजुक रहेको पाईयो । माध्यम भाषाको रुपमा रहेका नेपाली भाषा नै बोली ब्यवहारमा प्रयोग भईरहेको हुंदा मातृभाषा ओझेल पर्दै गएको पाईयो ।

8= यस जातिका मानिसहरुले गर्ने परम्परागत पूजाआजाहरुमा वन पूजा सिकारी पूजा, भूमि पूजा, भीमसेन पूजा, चन्डी पूजा, आदि रहेको पाइयो । त्यसैगरी माघे संक्रान्ति वैशाखी पुर्णिमा साउने संक्रान्ति मंसिरे पूर्णिमाका अतिरिक्त दशै तिहार, तीज, होली जस्ता हिन्दू चाडपर्वहरु पनि मनाउने गरेको पाइयो । यिनीहरुको परम्परागत पूजाआजामा कुखुरा राँगा बोका वंगुर आदि पशुपन्छीको वली चढाउने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

सुनुवार जातिको सामाजिक आर्थिक जीवनपद्धति र परिर्वतनको अध्ययन विश्लेषण गरिसकेपछि यस अध्ययनको अन्तमा निम्न लिखित निर्ष्कषमा पुगिएको छ ।

1= सुनुवार जातिका मानिसहरु अन्य किराँतीहरुभन्दा भिन्न छैनन् । यिनीहरुको शारीरिक बनोट तथा रुप रगं, भाषा, धर्म, संस्कृति पुर्खौली भूमि आदिका आधारमा पनि राई लिम्बू लगाएका किराँतहरुसँग धेरै हदसम्म मिल्दोजुल्दो भएकोले यिनीहरु पनि किराँत वंशज भित्र कै एक वर्ग हुन् ।

2= यिनीहरुको आफ्नै मातृभाषा मातृभाषा सुनुवार भाषा छ । यस भाषाको लिपि छैन् । लिपिको अभावमा यो भाषालाई लिपिबद्ध गर्न नसकेको र नयाँ पुस्तामा भाषा हस्तान्तरण नभएकाले यस जातिको बुढापुराना मानिसहरुमा मात्र सीमित यो भाषा यस जातिबाट पलायन हुने स्थितिमा पुगेको छ ।

3= सुनुवार जातिको आफ्नो किसिमका परम्परागत रहनसहन चाड, पर्व, उत्सव, धर्म संस्कार तथा संस्कृति हुन्छ यसका अतिरिक्त यिनीहरु हिन्दू आर्यनहरुले मनाउने चाड पर्वहरु दशैं, तिहार तीज, होली पनि मनाउदछन् । जुन हिन्दू संस्कृतिको प्रभाव र अनुसरण हो ।

4= यस जातिको मूख्य पेशा कृषि हो तापनि अधिकांश भिरालो पाखो, रुखो, न्यून जमीन, सिचाइको अभाव तथा परम्परागत कृषि प्रणाली भएकोले उत्पादन कम हुने र अन्य पेशा तथा व्यवसायको क्षेत्रमा प्रवेश तथा पहुँचको स्थिति ज्यादै न्यून रहेकोले यिनीहरुको आर्थिक जीवनस्तर निम्न रहेको छ ।

5= यस जातिका मानिसहरुमा शिक्षाको प्रभाव र सचेतनाको स्तर अभिवृद्धि भइरहेकोले अभिभावकहरुमा आफ्ना बालबालिकालाई विद्यालय पढाउनु पर्छ भने भावनाको विकास भएको छ । यद्यपी माध्यमिक तथा क्याम्पस तहको शिक्षामा यस जातिका विद्यार्थीको न्यून उपस्थितका कारण न्यूनतम शैक्षिक योग्यताको आवश्यकता पर्ने रोजगारीको अवसरमा पनि यिनीहरुको सहभागिता ज्यादै न्यून रहेको छ ।

6= आधुनिक शिक्षा सञ्चार र सचेतनाको प्रभावले यस जातिको स्वास्थ्य र सरसफाईको स्थितिमा सुधार र परिमार्जन हुँदै गएको छ । अन्धविश्वास र रुढीवादी धारणा हराउँदै गएको छ । बिरामी हुँदा अस्पताल जाने परिपाटीको विकास भएको छ । सुविधायुक्त घर र शौचालयको निर्माण र प्रयोग बढ्दै गएको छ ।

7= यस जातिको जन्म मृत्यू तथा विवाह लगायतको जीवन संस्कारमा अपनाइने परम्परागत रीतिरिवाज तथा मूल्य मान्यताहरुमा धेरै आधुनिकिकरण र केही हिन्दू

संस्कृतिकरण भएको छ । बोझीला र खर्चिला परम्परालाई परित्याग गर्दा रीतिरिवाजमा नयाँपन देखिएको छ ।

8= यस जातिको धर्म, धार्मिक आस्था, अनुष्ठान, देवी देवता तथा पूजाआजाको मौलिक विधि विधान तथा रीतिवाजहरुको स्वरुपहरु अरु सम्म कायमै छन् । यसका साथै यिनीहरु हिन्दू आर्यनहरुको हिन्दू धर्म, देवी देवता तथा पूजा आजाबाट पनि धेरै प्रभावित भएका छन् ।

9= प्रजातन्त्रको पुनर्वाहाली पश्चात् भइरहेका आदिवासी जनजाति आन्दोलनको प्रभावले यस जातिको नया पुस्तामा आफ्नो जातिय एवं वर्गीय जागरण तथा सचेतन ल्याएको पाइन्छ । पढेलेखेका यूवायूवतीहरु आफ्नो जातिय उत्थान विकास र सशक्तिकरणका निमित्त विस्तारै सँगठित हुँदै आएका छन् । समूह निर्माण र सँगठन विस्तार गरिरहेका छन् । आफ्नो जातिय पहिचान संरक्षणका सचेतनमुलक अभियानमा लागेका छन् । मानव अधिकार, प्रजातन्त्र तथा राजनैतिक गतिविधिहरुमा सरोका राख्दै सचेत हुँदै आएका छन् । राज्यको हरेक क्षेत्रमा समावेशीकरण विशेषाधिकार तथा अग्राधिकारको सामुहिक आवाज उठाउन थालेका छन् । यस अभियानले प्रभावकारिता र निरन्तरता पाएमा आफ्नो जातिय आस्तित्व र पहिचान गुमाउँदै गरीवी र आर्थिक विपन्नतामा जीवनयापन गरिरहेका यस जातिको उत्थान विकास र स-शक्तिकरणमा महत्वपूर्ण उपलब्धी हासिल हुने अपेक्षा गर्न सकिन्छ । यिनीहरुको जातीय पहिचानका परिधानहरुको संरक्षण भई पुनः समृद्ध र गरिमामय बन्ने अपेक्षा गर्न सकिन्छ ।

## ५.३ सुझावहरु

यस भद्रकाली गाविसका सुनुवार जातिको सामाजिक तथा आर्थिक जीवन पद्धति र परिवर्तनका बारेमा अध्ययन गरिए पश्चात् यिनीहरुको सामाजिक आर्थिक उत्थान विकास तथा स-शक्तिकरण गर्न र साँस्कृतिक जागरण तथा संरक्षण गर्न निम्नानुसारका सुझावहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

1= सुनुवार जाति नेपालको एउटा आदिवासी जनजाति हो । मानव विकासको आधारभूत श्रोत साधन माथिको पहुँच तथा नियन्त्रणबाट यिनीहरु धेरै टाढा छन् । लामो समयसम्म राज्यको विरोधपूर्ण अमानवीय र असमावेशी नीतिनियमका कारण समाजका अन्य जातजातिभन्दा पछाडि पारिएका छन् । तसर्थ अव राज्यद्वारा नागरिकलाई प्रदान गरिने हरेक सेवा सुविधा र अवसरहरुमा यस जातिको विशेषाधिकार तथा अग्राधिकारको कानूनी व्यवस्था गरिनुपर्छ । श्रोत साधन माथिको पहुँच तथा नियन्त्रण सहज, सरल र सुलभ बनाउनुपर्छ ।

2= यस जातिको मौलिक जातिय पहिचान सहितको सामाजिक संरचनालाई यथावत् संरक्षण र निरन्तरता दिन समुदायमा अन्य जातजातिको धार्मिक तथा संस्कृतिक प्रभाव र प्रवेशलाइ निषेध गरिनुपर्छ ।

3= अल्पसंख्यक जाातिको रुपमा रहेका यस जातिको जनसंख्या न्यून रहेतापनि अधिकांश परिवारभित्र धेरै सन्तान जन्माउने परिपाटी र थोरै आम्दानीले परिवारिक भार बहन गर्न मुस्किल परेको देखिन्छ । तसर्थः व्यवस्थित परिवार समायोजनका निमित्त राज्यले परिवारिक शिक्षा र सचेतनमूलक कार्यक्रमहरुलाई यिनीहरुको जातिय संस्था र समूह मार्फत् यिनीहरुको गाउँवस्तीमा सञ्चालन गर्नुपर्छ । जनसंख्या वृद्धिदर कम गर्न जनसंख्या शिक्षाको प्रचारप्रसार गरिनुका साथै निःशुल्क स्वास्थ्य शिविरहरु समय-समयमा सञ्चालन गरिनुपर्छ । धुम्रपान, मदिरापानलाई निरुत्साहित गर्ने, सन्तुलित भोजन गर्ने किसिमका स्वास्थ्य शिक्षाको प्रचारप्रसार गरी चेतना अभिवृद्धि गर्नु पर्दछ ।

4= यस जातिको परिवार तथा समुदायमा स्वास्थ्य, सरसफाई र खानेपानीको स्थितिमा सुधार ल्याउन राज्यले परिवारिक स्वास्थ्य र सरसफाई सम्बन्धी विशेष कार्यक्रम यिनीहरुको गाउँवस्तीमा सञ्चालन गर्नुपर्छ । कार्यक्रमलाई प्रभावकारी बनाउन यिनीहरुको संस्था तथा समूहलाई यसमा परिचालन गरिनुपर्छ ।

5= सुनुवार जातिको शैक्षिक स्थिति ज्यादै कमजोर रहेकोले राज्यले यिनीहरुको बालवालिकालाइ प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क उपलब्ध गराउन तथा विद्यालयमा विशेष सुविधा (छात्रवास, पोशाक, किताब, स्टेशनरी आदिको प्रबन्ध मिलाउन नीतिगत योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनुपर्छ । क्याम्पस तहको उच्च शिक्षाका लागि छात्रवृत्ति तथा छात्रबासको सुविधा प्रदान गरिनुपर्छ । प्राविधिक तथा व्यवसायिक शिक्षामा विशेषाधिकारको वैधानिक व्यवस्था गरिनुपर्छ । यस जातिको अभिभावक समूह तथा संस्थाले पनि बालवालिकालाई पढ्न प्रेरणा, हौसला र आवस्यक सहयोग गर्नुपर्छ । निरक्षरतालाई उन्मूलन गर्न यिनीहरुको गाउँ वस्तीमा यिनीहरुकै संस्था र समूह मार्फत् राज्य सरकारले प्रौढ साक्षरता, महिला साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

6= यस जातिको आर्थिक स्थिति ज्यादै कमजोर रहेकोले राज्य सरकारले यिनीहरुको संस्था र समूह मार्फत् आयआर्जनका उपर्यूक्त कार्यक्रमहरु सञ्चालन गरिनु पर्छ । यिनीहरुको गाउँवस्तीमा उपलब्ध श्रोत साधनहरुको उच्चतम् उपयोग गरी

आम्दानी बढाउने तथा जीवन स्तरमा सुधार ल्याउने कार्यक्रमहरु फलफूल, तरकारी, खेती, कुखुरापालन, बाखापालन, गाई, भैसीपालन, मौरीपालन यस जातिका महिलाहरुले तान तकुवा प्रयोग गरेर कपासको धागो बनाई खाडीको कपडा, नाम्जा, जाकी, लहंगा, चोली, छिट आदि बनाउने परम्परागत सीप (हाल बन्द अवस्थामा रहेको) व्यवसायहरुलाई राज्य सरकारले नीतिगत रुपमा आर्थीक लगानी गरी व्यवसायीकरण र बजार व्यवस्थापन गर्न सहयोग र प्रोत्साहन गर्नुपर्छ ।

7= यस जातिको परम्परागत कृषि प्रणालीमा सुधार ल्याउन आधुनिक कृषि प्रणालीका उन्नत वीउविजन कृषि औजार प्राकृतिक तथा जैविक मल बालीनालीमा रोग तथा किरा नियन्त्रण गर्ने, प्राकृतिक तथा जैविक प्रविधि, सिचाई, भू-संरचना तथा माटोको प्रकार अनुसार उपयुक्त बालीनाली लगाउने तौरतरिकाका बारेमा राज्य सरकारले यिनीहरुलाई आवाश्यक ज्ञान, सीप तथा तालिम प्रदान गर्नुपर्छ । कृषि ऋण तथा कृषि सामग्रीको सर्वसुलभ व्यवस्था गरिदिनुपर्छ ।

8= पशुपालनलाई व्यवस्थित र व्यवसायीकरण गर्न उन्नत जातको गाई, भैंसी, बाखापालन तथा नश्लसुधार सम्बन्धी तालिम प्रदान गर्नुपर्छ ।

9= यस जातिको जातिय पहिचानसँग गासिएको परम्परागत मौरीपालनलाई आधुनिककरण र व्यवसायीकरण गरी विस्तार गर्न राज्य सरकारले विशेष सुविधा सीप तथा तालिम उपलब्ध गराउनुपर्छ ।

10= कागुनी र घैया सुनुवार जातिको मौलिक परम्परागत खाद्यन्न हो । तर अचेल परम्परा धान्ने प्रयोजनमा मात्र सीमित हुँदै गएको पाइन्छ । यस जातिको परम्परागत खाद्यान्न कागुनी र घैयाँको खेतीलाई पूनः विस्तार गरी व्यवसायिक उत्पादन गर्न यस जातिले सामुहिक तथा संस्थागत अभियान चलाउनु पर्छ ।

11= देशको प्रहरी तथा सैनिक सेवामा वाहेक निजामती र अन्य प्राविधिक सेवाका क्षेत्रमा यस जातिको उपस्थिति शुन्य प्राय छ । तसर्थ समावेसी सिद्धान्तका आधारमा यस जातिका आवश्यक जनशक्ति विकास गरी यस्ता क्षेत्रमा प्रवेश गराउन विशेषाधिकारको व्यवस्था राज्य सरकारले गरिदिनुपर्छ ।

12= सुनुवार समुदायमा विधमान पुराना रुढीवाढी अन्धविश्वास धामीझाँक्री देउ, भूतपिशाच प्रतिको विश्वास आदिलाई हटाउन जनचेतनामुलक कार्यक्रम संचालन गरीनुपर्छ ।

13= भाषा हराए संस्कृति हराउँछ । संस्कृति हराए जातिको अस्तित्व नै हराउंछ । यस जातिको मातृभाषा अहिले संकटमा पर्दै गएको देखिन्छ । यसकारण यस जातिको भाषा संरक्षण गर्न यिनीहरुको भाषालाई लिपिवाद गरी त्यही भाषामा विद्यालयमा प्राथमिक तहको शिक्षा दिने व्यवस्था गरिनुपर्छ । समुदायमा परिवार भित्र मातृभाषामा व्यवहार गर्नुपर्छ । यूवापुस्तामा भाषा हस्तान्तरणका निमित्त भाषा प्रशिक्षण संचालन गरीनुपर्दछ ।

14= सुनुवार जातिको वारेमा हालसम्म गहन अध्ययन अनुसन्धान नभएको हुदाँ यस जातिको वारेमा वृहत्त अध्ययन अनुसन्धान गर्न विभिन्न समाजशास्त्री मानवशास्त्रीहरुलाई प्रोत्साहीत गराउनु राज्य सरकार, नेपाल आदिवासी जनजाति महासंघ, जनजाति प्रतिष्ठान र यस जातीको संस्थाले पनि आवश्यक पहल कदमी गरिनुपर्छ ।

15= विभिन्न संचार माध्यमहरुवाट यस जातिको भाषा धर्म संस्कृतिका वारेमा कार्यक्रम निर्माण गरी प्रचारप्रसार गरिनुपर्दछ जसवाट यिनीहरुको संस्कृति संरक्षण हुन सकोस् ।

16= यस जातिमा हिन्दू संस्कृतिकरणको सिलसिलालाई निषेध तथा नियन्त्रण गर्न आदिवासी जनजाति महासंघ, जनजाति प्रतिष्ठान र यिनिहरुको संस्था मार्फत् जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी आफ्नो जाति, भाषा, धर्म, संस्कृति प्रति गौरव गर्ने र अरुको संस्कृतिप्रति सहिष्णुताको भाव राख्ने वातावरणको श्रृजना गरिनुपर्छ ।

17= आधुनिकीकरणबाट सुनुवार जातिका मानिसहरु धेरै प्रभावित छन् । आधुनिकताको नाममा आफ्नो जातिय पहिचानलाई परित्याग गर्नु हुदैंन । जातिय पहिचान जातिय अस्तित्वसँग गाँसिएको हुन्छद्दछ । तसर्थ आधुनिकीकरणसँगै आफ्नो जातिय पहिचान भाषा, धर्म, संस्कृतिलाई समायोजन गर्दै लैजानु पर्छ ।

❀❀❀

# सन्दर्भग्रन्थ सूचि


1= गुरुङ, हर्क, (२००६) जनजाति सेरोफोरो, नेपाल आदिवासी जनजाति महासंघ, काठमाडौं, नेपाल ।

2= शर्मा बालचन्द्र, (२०४५) नेपाल र यसका निवासी सूचना विभाग काठमाडौं ।

3= नेपाली गोपाल सिंह, (१९६५), द नेवार्स, बम्वेई, इण्डिया ।

4= विष्ट, डोरबहादुर (१९६८) पिपुल अफ नेपाल, रत्नपुस्तक भण्डार, काठमाडौं, नेपाल

5= विष्ट, डोरबहादुर (२०५०) सबै जातको फूलबारी (छैठौं प्रकाशन) साझा प्रकाशन काठमाडौं, नेपाल ।

6= विष्ट, डोरबहादुर (१९८५) द स्ट्रक्चर अफ नेपाली सोसाइटी, काठमाडौं, नेपाल ।

7= Sharma, Prayag Raj, (1991) Cast and Social Mobility and Sanskritisation, Kailash Magazine, Kathmandu, Nepal.

8= Ortner, Shery. (1979) B Sherpas through their rituals Shery B ortner.

9= Gurung, Ganeshman (1969), The Chepang , Kathmandu, Nepal.

10= Caplan, Lionel (1976) land and social change in east Nepal.

11= Regmi, Rishi Keshav Raj (1992), The Dhimals miraculous migrents of Himals, Kathmandu.

12= Campbell A. (1840), journal of the Asiatic Society of Bengal, volume 9 India.

13= Hodgson B. (1880) journal of the Asiatic Society of Bengal, volume 26 India.

14= Chenjong, Imansingh 1967, History and culture of Kirat People, Kathmandu

15= Gautam, Rakesh, Thapamagar, Ashok Kumar (1996), Tribal ethnography of Nepal, Kathmandu, Nepal

16= तामाङ्ग, सिताराम (२०५१), तामाङ्ग जनजाति नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, नेपाल ।

17= शर्मा जनकलाल (२०५२), हाम्रो समाज, एक अध्ययन, साझा प्रकाशन काठमाडौं, नेपाल ।

18= किरातेश्वर युमामाङ्खिम संचालक समिति (२०६२), किरातेश्व युमामाङ्खिम प्रथम स्मारिका, काठमाडौं, नेपाल ।

19= राई टंकबहादुर (२०५९), किरातभूमि र किराती जनजीवन, काठमाडौं, नेपाल ।

20= प्रपन्नाचार्य, (२०५१) स्वामी- किरातको प्राचीन इतिहास काठमाडौं, नेपाल ।

21= थुलुङ, नारादमणी, (२०४२)- किरातको नालीवेली प्रथम संस्करण काठमाडौं, नेपाल ।

22= सूचना विभाग, (२०३१) मेचीदेखि महाकाली भाग १, काठमाडौं, नेपाल

23= समाज कल्याण मन्त्रालय (२०४३)-आर्थिक तथा समाजिक सर्वेक्षण प्रतिवेदन काठमाडौं, नेपाल ।

24= आदिवासी जनजति उत्थान राष्ट्रिय प्रतिष्ठान, (२०६२) अवलोकन भ्रमण प्रतिवेदन, काठमाडौं, नेपाल ।

25= राष्ट्रिय जनजाति विकास समिति (२०५७)-नेपालका जनजातिहरु काठमाडौं, नेपाल ।

26= आदिवासी जनजाति सरोकार समाज (२०६०)-सुनुवार भाषाको अध्ययन प्रतिवेदन, नेपाल ।

27= नेपाल आदिवासी जनजाति महासंघ (२००४)-विश्व आदिवासी दिवस विशेषाङ्क, काठमाडौं, नेपाल ।

28= जिल्ला विकास समिति सिन्धुली, (२०६९)- सिन्धुली जिल्ला पार्श्वचित्र, सिन्धुली ।

29= आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (२०६०)-आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, काठमाडौं, नेपाल ।

30= कानून किताब व्यवस्था समिति, मुलुकी ऐन १९१०, काठमाडौं, नेपाल ।

31= कानून किताब व्यवस्था समिति, (२०४७)-नेपाल अधिराज्यको संविधान २०४७, काठमाडौं, नेपाल ।

32= आचार्य, बलराम (२०६०)- लैंगिक अध्ययन, काठमाडौं, नेपाल ।

33= तथ्याङ्क विभाग, (२०५८)-राष्ट्रिय जनगणना, २०५८, काठमाडौं, नेपाल ।

# अनुसूची १
## अन्तवार्ता सूची

शोधकर्ता
सुशीला थिङ
स्नात्कोतर तह
समाजशास्त्र

**सिन्धुली जिल्ला भद्रकाली गाविसको सुनुवार समुदायको सामाजिक तथा आर्थिक परिबर्तन एक समाजशास्त्रिय अध्ययनको निमित्त तयार पारिएको अन्तरवार्ता सूची**

१. उत्तर दाताको नाम थर: २. लिङ्ग
३ बोल्ने भाषा ४. शिक्षा
५. धर्म ६. पेशा
७. ठेगाना अञ्चल ............ जिल्ला ............ गाविस ......... वडा नं. ... टोल ................

| क्र. सं. | परिवारको सदस्यको नाम | घरमुलीसँग नाता | उमेर | लिङ्ग | शैक्षिक योग्यता | पेशा | वैवाहिक स्थिती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

### (क) सामाजिक सांस्कृतिक अवस्था

१. छोराछोरीको विवाह कुन उमेरमा गर्नु पर्छ ?
(क) १२-१६ (ख) १६-२० (ग) २०-२४ (घ) थाहा छैन

२. सुनुवार सुनुवारसमुदायमा कस्तो विवाह प्रचलन छ ?
(क) मागी विवाह (ख) प्रेम विवाह (ग) चोरी विवाह (घ) जारी विवाह

३. तपाईको छोराछोरीको विवाह अन्य सुनुवारसमुदायसँग भएको छ ?
(क) छ (ख) छैन (ग) थाहा छैन

४. सुनुवार सुनुवारसमुदायमा विधुवा विवाह सम्बन्धी कस्तो धारण छ ?
(क) छ (ख) छैन (ग) थाहा छैन

५. सुनुवार सुनुवारसमुदायमा विधुवा विवाह सम्बन्धी कस्तो धारण छ ?
(क) विधुवाले विवाहगर्न हुन्छ (ख) गर्नु हुँदैन (ग) थाहा छैन

६. अन्तरसुनुवारसमुदायय विवाह भएको छ भने कुन सुनुवारसमुदायसँग भएको होला ?
उत्तर - ..............................................................................

७. तपाइको विचारमा छोराछोरीमा कुन बढी महत्वपूर्ण होला ?
(क) छोरा (ख) छोरी (ग) बराबर

८. वर्षभरिमा मनाउने चाडपर्व के के हुन् कुनै ५ वटा बताइदिनु हुन्छ कि ?
(क) ................ (ख) ............ (ग) ................ (घ) ......... (ङ) .................

९. तपाईको पुरोहितको काम कसले गर्छ ?
(क) ब्राहमण (ख) गुरुवा (ग) झाक्री (घ) अन्य

१०. तपाईहरुको सुनुवारसमुदायमा भाउजूलाई विवाह गर्ने चलन छ छैन ?
(क) १००० (ख) ५००० (ग) १५००० (घ) १५००० भन्दा माथि

११. तपाईहरुको सुनुवारसमुदायमा भाउजूलाई विवाह गर्ने चलन छ छैन ?
(क) छ (ख) छैन

१२. तपाईको कूल देवताको नाम के होला ?
...............................................

१३. तपाईको कुल देवतालाई कहाँ राखिन्छ ?
(क) घरमा (ख) मन्दिरमा (ग) जंगलमा (घ) अन्य ठाउँमा

१४. तपाईको सुनुवारसमुदाय अनुसार पूजाआजा के के हुन् ?
(क) (ख) (ग) (घ)

१५. तपाईको भेषभुषा पुरानै लाउनु हुन्छ कि नयाँ परम्परा अनुसार लाउनु हुन्छ ?
(क) पुरतन (ख) बदलिएको (ग) मिश्रित

१६. तपाईको सुनुवारसमुदायको महिलाको मुख्य गहनाहरु के के होला ?
(क) (ख) (ग) (घ)

१७. तपाईको सुनुवारसमुदायको संस्कृति कत्तिको परिवर्तन भएको छ ?
(क) भएको छ (ख) भएको छैन (ग) हुने क्रममा छ

१८. तपाईहरुले मृत व्यक्तिलाई दाहसंस्कार कहाँ गर्नु हुन्छ ?
(क) खेतमा (ख) जंगलमा (ग) नदि किनारमा

१९. मृत व्यक्तिलाई के गर्नु हुन्छ ?
(क) जमिनमा गाड्ने (ख) जलाउने (ग) अन्य

२०. तपाईको घरमा कुन भाषा बोल्नु हुन्छ ?
(क) नेपाली (ख) सुनुवार (ग) थारु (घ) अवधी

२१. तपाईको सुनुवारसमुदायमा बरखी बार्नु पर्छ कि पर्दैन ?
(क) पर्छ (ख) पर्दैन

२२. तपाईको सुनुवारसमुदायमा जुठो कति दिन बार्नु हुन्छ ?

.................................................................

२३. मृत व्यक्तिलाई अन्य सुनुवारसमुदायले छुन हुन्छ कि हुँदैन ?
(क) हुन्छ (ख) हुँदैन

२४. जुठोमा कस्तो लुगा लगाउनु हुन्छ ?
(क) सामान्य (ख) सेतो (ग) जस्तो पनि

२५. महिलाहरुको महिनावारी बार्ने चलन छ कि छैन ?
(क) छ (ख) छैन

२६. सुत्केरी महिलालाई अन्य सुनुवारसमुदायले छुन हुन्छ कि हुँदैन ?
(क) हुन्छ (ख) हुँदैन

२७. सुत्केरी कति दिन बार्नु हुन्छ ?
(क) बारिदैंन (ख) बारिन्छ (ग)

२८. बच्चाको नाम कति दिनमा राखिन्छ ?

.............................................................

## (ख) आर्थिक अवस्था

२९. हाल कुन पेशामा संलग्न हुनुहुन्छ ?
(क) कृषि (ख) नोकरी (ग) व्यापार (घ) श्रमिक

३०. तपाईको आफ्नो जग्गा कति छ ?

| | बिगाहा | कठ्ठा | धुर |
|---|---|---|---|
| **खेत** | | | |
| **बारी** | | | |

३१. अरु कसैको जमिनमा पनि खेती गर्नु हुन्छ ?

| | बिगाहा | कठ्ठा | धुर |
|---|---|---|---|
| **खेत** | | | |
| **बारी** | | | |

३२. पहिला कुन पेशा गर्नुहुन्थ्यो ?

.........................................................................................................

३३. तपाईको आम्दानीको श्रोत के होला ?
(क) कृषि (ख) पशुपालन (ग) नोकरी (घ) व्यापार (ङ) श्रम

३४. तपाई अन्य कुनै संगठनमा संलग्न हुनुहन्छ ?

(क) सहकारी (ख) सामुदायिक वन (ग) सिंचाई व्यवस्थापन (घ) सामाजिक संगठन

३५. तपाईको वार्षिक उत्पादन खेत बारीबाट कति हुन्छ ?
(क) धान ........ (ख) मकै ....... (ग) तोरी ......... (घ) गहुँ ..... (ङ) दाल ..........

३६. तरकारी खेतीमा कुन कुन बाली लगाउनु हुनछ ?
.......................................................

३७. कृषि बाहेक अन्य पेशामा तपाईको परिवार संलग्न छन् ?
(क) व्यापार (ख) नोकरी (ग) बैदेशिक रोजगार (घ) अन्य

३८. पेशागत व्यवसायबाट कति आम्दानी हुन्छ ?
..........................................................

३९. तपाईको घरमा खाद्यान्न कति महिनालाई पुग्छ ?
(क) ३ (ख) ६ (ग) ९ (घ) १२

४०. तपाईको घरमा रहेको पशुहरुको विवरण भर्नुहोस् ?
(क) भैंसी राँगा ............... (ख) गाईगोरु ..........................
(ग) कुखुरा हाँस परेवा ........ (घ) भैंडा बाख्रा .............
(ङ) अन्य

४१. मजदुरीबाट कति आम्दानी गर्नु हुन्छ ?
....................................................................................................

४२. बाँकी समय कसरी जिविका आर्जन गर्नु हुन्छ ?
.....................................................................................................

४३. तपाईको खेत बारी कसले गर्दछ ?
(क) परिवारबाट (ख) ज्यामीबाट (ग) दुवैबाट

४४. तपाईको सुनुवारसमुदायय पेशा के हो ?
...........................................................................

४५. तपाईले ऋण लिनु भएको छ ? छ भने कहाँबाट ?
(क) बैंकबाट (ख) साहुमहाजन (ग) सहकारी (घ) अन्य

४६. तपाईको सुनुवारसमुदायको आर्थिक अवस्था उकास्न सरकारले के गर्नु पर्छ ?
......................................................................................

४७. तपाईहरु कामको खोजीमा मुख्य गरि कुन ठाउँमा जानु हुन्छ ?
.......................................................................

## (ग) शैक्षिक अवस्था

४८. तपाईको अध्ययन कतिसम्म छ ?
(क) सामान्य (ख) प्राथमिक (ग) माध्यमिक (घ) कलेज

४९. तपाईको परिवारमा उच्च शिक्षा पढ्ने व्यक्ति छ छैन ?
(क) छ (ख) छैन

५०. उच्च शिक्षा लिएको भए कुन तहसम्म छ ?
(क) प्रमाणपत्र तह (ख) स्नातक (ग) स्नातकोत्तर (घ) विद्यावारिधी

५१. तपाईको परिवारमा एस.एल.सी. पास गरेको व्यक्ति कति जना छन् ?
.....................................................................

५२. तपाईको छोराछोरी कति कक्षामा पढ्छन् ?
.....................................................................

५३. छोरीलाई विद्यालय पठाउँदा परिवार शिक्षामा के परिवर्तन आएको छ ?
(क) सकारात्मक (ख) नकारात्मक (ग) यथावत

५४. तपाईको परिवारमा निरक्षर व्यक्ति कति छन् ?
.....................................................................

५५. कृषि कार्य गर्दा प्राविधिक सहयोग कहाँबाट लिनुहुन्छ ?
(क) कृषि सामाग्री (ख) कृषि शाखा (ग) पशु शाखा (घ) सबैबाट

५६. तपाईको बच्चाबच्चीको पढाईमा कति खर्चहुन्छ महिनामा ?
(क) २०० (ख) ५०० (ग) १००० (घ) १५००

## (घ) स्वास्थ्य

५७. तपाईको खानेपानीको स्रोत के छ ?
(क) धारा (ख) इनार (ग) नदी (घ) अन्य

५८. तपाईको घरमा शौचालय छ ?
(क) छ (ख) छैन

५९. बच्चाबच्चीलाई खोप लगाएको छ छैन ?
(क) छ (ख) छैन

६०. बच्चाबच्चीलाई कुन कुन खोप लगाएको छ ?
(क) वि.सि.जि. (ख) हेपेटाइटिस (ग) डि.पि.टि. (घ) सबै

६१. बच्चा बच्चीमा कुन रोग बढी देखिन्छ ?
(क) झाडापखाला (ख) दादुरा (ग) जुका (घ) लहरे खोकी

६२. विरामी हुँदा कहाँ उपचार गर्ने गर्नु हुन्छ ?

(क) घरमा (ख) अस्पतालमा (ग) धामी झाँक्री

६३. परिवार नियोजन गर्ने गर्नु भएको छ ?
(क) छ (ख) छैन ?

६४. अस्थाई साधन प्रयोग गर्नु हुन्छ हुँदैन ?
..............................................................................................................

६५. बत्ती के बाल्नु हुन्छ ?
(क) बिजुली (ख) टुकी

६६. खाना के मा पकाउनु हुन्छ ?
(क) दाउरा (ख) मट्टितेल (ग) गुइठा (घ) ग्याँस

६७. तपाईको दैनिक खाना के हो ?
..............................................................................................................

६८. तपाईको समुदायमा महिला पुरुषको सम्बन्ध कस्तो हुन्छ ?

..............................................................................................................
.............

❀❀❀

# अनूसूची - २
## मुख्य सूचना दातालाई अन्तवार्तामा प्रयोग गरीएको रुजु सुची

१) सुनुवार समुदायको इतिहास

- किम्बदन्ती
- सुनुवारको विर्ता (विर्ताटार)

२) सामाजिक जीवन

- जनसंख्या
- सामाजिक संरचना सामाजिकीकरण
- परिवार परिवारको किसिम घरको बनोट प्रकार
- लैंगिक भूमिका
- भाषा, पहिरन, गहना महिला पुरुषको
- धर्म, किराँत, मन्धमु, देवी देवता
- विवाह सजातीय अन्तरजातीय प्रेम
- नातेदारी - रक्तसम्बन्ध, वैवाहिक, मितेरी
- खानपान
- सामाजिक सम्बन्ध
- शिक्षा साक्षरता प्राथमिक, उच्च शिक्षा, निरक्षरता
- स्वास्थ्य र सरसफाई - रोग विरामी उपचार, धामी झाँक्री, अस्पताल, औषधी, जडिबुटी, शौचालय, चर्पी, स्वास्थ्य शिक्षा, सांस्कृतिक जीवन ।
- पर्व उत्सव - वैशाख पूर्णे, मंसिर पूर्णे, न्वांगी
- देवी देवता - चण्डी देवी कुल देवता
- पुजा आराधना - भुमे पुजा शिकारी प्रथा
- नाच
- जन्म मृत्यु विवाह संस्कार, न्वारान, छेवर
- हिन्दु संस्कृतिकरण राईकरण
- छुवाछुत

## आर्थिक जीवन

- परम्परागत पेशा
- कृषि प्रणाली कृषि उत्पादन
- जग्गा जमीन
- पशुपालन
- परम्परा खाद्यान्न, मकै, घैया, जुनेलो, कागती, फापर, मस्याङ,, जुनार, ज्यामिर, निबुवा ।
- वित्तिय संस्था बचत समूह
- ज्यालामजदुरी पारिश्रमिक
- ऋण सहकारी सरकारी बैंक
- जागिर सरकारी गैह्रसरकारी तथा नीजि क्षेत्र
- व्यापार, बजार
- आम्दानी
- खर्च
- सामाजिक तथा सांस्कृतिक परिवर्तन
- हिन्दु संस्कृतिकरण, राइकरण
- भौतिक पूर्वाधार
- शिक्षा
- स्वास्थ्य र सरसफाइ
- संचार
- विद्युत
- खानेपानी
- यातायात

## अनुसुचि – ३
## अध्ययन क्षेत्रको नक्सा




❀❀❀